दिल्लीमा कार्पेट, सीमामा लुट | सेक्रेट सुपरस्टार

आइतबार • ९ वैशाख २०७५ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

nepal.ekantipur.com

धनवादी शिक्षा

राज्यको लगानी - १ खर्ब २४ अर्ब

अभिभावकको लगानी - ३ खर्ब ३५ अर्ब

जलमार्ग-रेलमार्ग त्रिदेशीय रस्साकसी

नेपालको
नं.१
पि.पि.आर. पाईप तथा फिटिङ्ग्स
५० वर्ष ढुक्क
स्वास्थ्यसंग खेलबाड नगरौं
निर्माण तथा जडान प्रक्रियामा कुनै पनि
हानिकारक रसायन प्रयोग गर्नु नपर्ने,
स्वास्थ्यको लागि अति उत्तम
Nepatop® PPR pipes and fittings
मात्र प्रयोग गरौं।
www.nepatop.com.np
Nepatop
सब ठिक ठाक!!
Clean, Green & Safe

AMBE
GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

अम्बे सिमेन्ट

यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिह्न
ने.गुण ३८५

नेपालमा बनेको

ISO 9001:2008
CERTIFIED COMPANY

गर्मीमा,
सुगन्धित पाउडर सँग
मात्र सम्झौता किन ?
चिसो चिसो
COOL COOL
Navratna
Cool
Talc
Active Deo
Mint, Camphor
Refresh & relax your body & mind
Navratna
Cool
Talc
विश्वको सबैभन्दा सानो A.C.

आइतबार, ९ वैशाख २०७५ (वर्ष १८, अंक ३६)
NEPAL National Weekly, 22 April 2018 (Vol. 18, No.36)
नेपाल
www.nepal.ekantipur.com

विशेष रिपोर्ट २४

जल-रेल
त्रिदेशीय रस्साकसी



आवरण ३०

१४ प्रदेश-७
दिल्लीमा कार्पेट, सीमामा लुट

१६ संवाद



'जनवादी केन्द्रीयताको मनोविज्ञानले संघीयता चल्दैन'
– विश्वप्रकाश शर्मा
कांग्रेस नेता

२० रिपोर्ट
बालबालिका 'सप्लाइ' बाजुरादेखि काठमाडौँसम्म

४० पर्यटन
विपत्तिबाट बौरिँदै

५४ झल्याकझुलुक
आश हराएको हो ?
संख्या मात्र धेरै

४४ नयाँ पुस्ता
युट्युब स्टार

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), स्मरण (७), सोझै (९), परिहास (१०), तीन पुस्तक (४७), साहित्य (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुलुक (५४), फिल्म (५६), अचानक (५७), नोटबुक (५८)

तथ्य/टिप्पणी : हरिबहादुर थापा १२
(अ) सहमति : भास्कर गौतम १८
टिप्पणी : लेखनाथ पाण्डे ३८

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : सुधीर शर्मा
सहायक सम्पादक : बसन्त बस्नेत **समाचार संयोजक** : सन्तोष आचार्य **साहित्य/कला** : रमण घिमिरे **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत **संवाददाता** : मनबहादुर बस्नेत, गोकर्ण गौतम, क्रान्ति पाण्डे, विभु लुइटेल
कपी डेस्क : ईश्वरी ज्ञवाली, गोकुल अर्याल, गुरुङ सुशान्त **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : २ वैशाख २०७५, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८



nepalpatra@kmg.com.np

पूरा होला, सुखी नेपाली अभियान !

'राजनीतिक क्रान्ति गरियो, अब विकासमा क्रान्ति'

वर्षव्यक्ति-२०७४ घोषणा गरिएका प्रधानमन्त्री केपी शर्मा ओलीको अन्तर्वार्ता पढेपछि मुलुक अब विकास निर्माणमा अगाडि बढ्छ कि भन्ने आशा पलाएको छ *('राजनीतिक क्रान्ति गरियो, अब विकासमा क्रान्ति', २ वैशाख)*। प्रधानमन्त्री ओलीले चुनावताका गरेका वाचा र घोषणापत्र अनुरूप काम भए नेपालले विकासमा फड्को मार्ने निश्चित छ। 'समृद्ध नेपाल, सुखी नेपाली' अभियानसहित इमानका साथ काम गरी जनताले दिएको अभिमत र शक्तिलाई विकास निर्माणमा लगाउने प्रधानमन्त्रीको भनाइ सकारात्मक लाग्यो।

संसद्बाट तीन चौथाइ बहुमतप्राप्त र पार्टीभित्र समेत एकछत्र राज गर्ने सामर्थ्य बनाइसकेका ओलीले विकास निर्माणभन्दा अन्यत्र गएर जनतासमक्ष गरेका वाचा अब पनि पूरा नगर्ने हो भने नेपाल र नेपालीको भविष्य अँध्यारो त हुने नै छ, राजनीतिक नेतृत्वप्रति पनि जनताको भरोसा टुट्नेछ।

सरकारको अबको एजेन्डा सुशासन र भ्रष्टाचार नियन्त्रणमा केन्द्रित हुने प्रधानमन्त्रीको भनाइ व्यवहारमा कत्तिको कार्यान्वयन हुने हो, त्योचाहिँ आउने समयले देखाउला। देशबाहिर रहेका ४०-५० लाख युवालाई देशमै फर्काएर रोजगारी सिर्जना गर्ने प्रधानमन्त्रीको भनाइ स्वागतयोग्य छ। तर, मुलुकवासीलाई गफ गरेर नभई काम गरेर देखाउने राजनीतिक नेतृत्व चाहिएको छ।

● **कृष्ण ज्ञवाली**
शंकरनगर, रुपन्देही

अभियन्ता समूह

आमा समूह स्थापनाबारेको संस्मरण राम्रो लाग्यो *(यसरी जन्मियो आमा समूह, २ वैशाख)*। मुलुकको ग्रामीण क्षेत्रमा पछिल्लो समय व्यवस्थित हुँदै गएको समूहमध्येमा पर्छ, आमा समूह। ०३९ को विकेन्द्रीकरण ऐनमा व्यवस्था भएको उपभोक्ता समूहलाई स्थानीय जनताको सशक्तीकरण गर्ने अवधारणा अनुरूप नै गाउँमा प्राथमिक स्वास्थ्य सेवा सञ्चालनका लागि आमा समूह स्थापना गरिएको रहेछ।

आमा समूह अहिले नेपालका ७७ जिल्लामै गठन भइसकेको छ। आमा समूहको गठनपछि नै ग्रामीण क्षेत्रमा राजनीतिक-सामाजिक सुरक्षाका कार्यक्रम पनि प्रभावकारी हुँदै आएका छन्। आमा समूहका माध्यमबाटै सामाजिक रूपान्तरण हुन सक्छ भन्ने उदाहरण ग्रामीण क्षेत्रमा खुलेका विभिन्न सीपमूलक, रोजगारीमूलक र आयआर्जन बढाउने कार्यक्रमले देखाएका छन्।

● **सीता बस्नेत**
नीलकण्ठ नगरपालिका, धादिङ

इस्लाम मेरो आस्था

धार्मिक घेरा तोडेर प्रेमलाई विवाहमा परिणत गर्ने जोडीहरू नेपाली समाजका लागि साँच्चिकै उदाहरणीय छन् *(माया त यस्तो होस्..., १८ चैत)*। अन्तरधार्मिक विवाहले जातीय र धार्मिक सद्भावमा टेवा पुग्ने त छँदैछ, यसले नेपाली समाजमा विद्यमान रुढिवादी परम्पराको पनि कटाक्ष गरेको छ।

मेरो कथाको शीर्षक 'प्रेमले बनायो हाजी' अलि नमिलेजस्तो लाग्यो। यदि कसैले बिहे गर्नैका लागि मात्र इस्लाम धर्म स्वीकार्छ भने उसलाई मुस्लिम मान्न सकिँदैन। किनभने, इस्लाम भनेको मन, वचन र कर्मले मानेको आस्था हो। मैले तीन वर्षभन्दा बढी इस्लाम र क्रिस्चियन धर्म अनुसन्धान गरेको हुँ। पछि कतारमा पुगेर इस्लाम स्वीकार गरेँ। राष्ट्रिय रूपमै धर्मगुरुका रूपमा स्थापित म प्रेमिकाकै लागि मुस्लिम भएको भन्न मिल्दैन।

● **शक्तिकुमार वंसकार (अब्दुलकवी)**
नेपालगन्ज, बाँके

सच्याइएको : *गतांकको दानवीर दम्पती शीर्षक सामग्रीको तस्बिर क्याप्सनमा* श्रीजंग



शाह र रुद्रकुमारी शाह हुनुपर्नेमा अन्यथा पर्न गएकाले सच्याइएको छ।

– प्रधान सम्पादक

विहारीकृष्ण श्रेष्ठ

भारतीय नाकाबन्दीको त्यो विरोध

वि सं २०४५ मा स्वीट्जरल्यान्डको राजधानी जेनेभामा विश्व स्वास्थ्य संगठनको महासभा चलिरहेको थियो । १ सय ७६ मुलुकका प्रतिनिधि सहभागी उक्त सभामा स्वास्थ्यमन्त्री सुशीला थापाको नेतृत्वमा स्वास्थ्य मन्त्रालयमा अतिरिक्त सचिवको जिम्मेवारीमा रहेको म, वीर अस्पतालका सर्जन डा सुदीप भट्टाचार्यका अतिरिक्त जेनेभाका लागि नेपाली राजदूत सहभागी थिए ।

स्वास्थ्यमन्त्री थापा पढालेखा महिला थिइनन् । तर, आँटी थिइन् । एक सामान्य महिलामा हुने सबै बैगुन उनमा थिए । अंग्रेजी भाषालाई देवनागरी लिपिमा लेखेर दिँदा पनि उच्चारणगत गल्ती गर्थिन् तर फुर्ति भने 'रानीले अन्तर्राष्ट्रिय गोष्ठी/सेमिनारमा नेपालीमा भाषण गर्नु भनेकाले मात्रै हो, नत्र त अंग्रेजीमै भाषण गर्ने थिएँ' भन्नसम्म भ्याउँथिन् ।

त्यतिबेलासम्म हाम्रा मन्त्रीले अन्तर्राष्ट्रिय सेमिनार र गोष्ठीमा पढ्ने भाषण नेपालस्थित विश्व स्वास्थ्य संगठनको कार्यालयमा उनैका कर्मचारीले तयार गरिदिन्थे । मैले त्यस परम्परालाई तोड्दै स्वास्थ्य मन्त्रालयमै तयार गरेँ र नेपाली अनुवाद गरेर मन्त्री थापालाई उपलब्ध गराएँ, जो उनले जेनेभामा वाचन गरेकी थिइन् ।

१० दिनसम्म चलेको उक्त महासभा दुई सत्रमा विभाजित थियो । सबै मुलुकका प्रतिनिधिलाई दुई कमिटीमा विभाजित गरी नीति निर्माण र कार्यक्रम तय गर्ने अभिभारा सुम्पिएको थियो । हाम्रो टिम लिडर मन्त्री थापा तीन दिन कार्यक्रममा सहभागी भई लन्डन भ्रमणमा निस्किएपछि मुलुकको प्रतिनिधित्व गर्ने जिम्मेवारी मेरो काँधमा आएको थियो । नौ दिनसम्म कमिटीगत छलफल र विचार-विमर्श गरी निर्णय गरिएका बुँदालाई १०औँ दिनको खुला सत्र, जो चिनियाँ प्रोफेसरको अध्यक्षतामा सञ्चालित थियो, मा प्रस्तुत गरी पारित गर्ने कार्यक्रम चलिरहेको थियो । यो एउटा औपचारिकता मात्रै भएको र अनुमोदन गर्नुपर्ने बुँदा धेरै भएकाले पाँच-पाँचवटाको समूहमा अनुमोदनका लागि प्रस्तावहरू प्रस्तुत गरिएको थियो ।

एकदेखि पाँचसम्मका बुँदा प्रस्तुत भए, कोही बोलेनन् । सभापतिले 'गाभेल' ठटाएर तिनलाई अनुमोदन गरे । त्यसैगरी ६ देखि १० सम्मका बुँदामा पनि कसैको कुनै आपत्ति नरहेपछि ती पनि पारित भए । त्यसपछि जब ११ देखि १५ सम्मका बुँदा पारितका लागि अध्यक्षद्वारा आह्वान भयो, मैले आफ्नो मुलुकको नाम अंकित प्ले-कार्ड उठाएर १३ नम्बर बुँदामा संशोधन राख्न चाहेको कुरा गरेँ । ०४४ को विश्व स्वास्थ्य संगठनको महासभामा पनि भाग लिइसकेकाले त्यस सभाको प्रक्रियाबारे जानकार थिएँ ।

१३औँ बुँदामा इजरायलको नाकाबन्दीले गर्दा प्यालेस्टाइनी बालबालिका र महिलाको स्वास्थ्य अवस्था ज्यादै नाजुक र खराब रहेको उल्लेख थियो । त्यो प्रस्ताव हरेक वर्ष आउने र पारित हुने रहेछ ।

त्यतिबेला हाम्राविरुद्ध पनि भारतले नाकाबन्दी लगाएको अवस्था थियो । हाम्रा महिला र केटाकेटीले पनि त्यही दुःख बेहोरिरहेका थिए । त्यसैले प्यालेस्टाइनले जस्तै मैले पनि आवाज उठाउनुपर्ने आफ्नो कर्तव्य ठानेर उक्त प्रस्तावमाथि टेकेर संशोधन प्रस्ताव पेस गरेँ । मेरो संक्षिप्त भाषणमा त्यतिबेलाको मुलुकको प्रतिकूल स्वास्थ्य अवस्था र आधारभूत आवश्यकता अन्तर्गत मुलुकले गरेको प्रगति अवगत गराउँदै तेस्रो प्याराग्राफमा 'दक्षिण छिमेकी राष्ट्रको नाकाबन्दीले पीडित रहेको र त्यसबाट हाम्रा बालबालिका र महिला अत्यधिक मात्रामा प्रभावित रहेकाले संसारका कुनै पनि भूपरिवेष्टित मुलुकमाथि नाकाबन्दी लगाउन नहुने गरी संशोधित रूपमा उक्त प्रस्ताव पारित गर्न अनुरोध गर्छु' भन्ने संशोधन राखेँ ।

अनुमान गरिएजस्तै मेरो कुरा सकिनासाथ भारतीय प्रतिनिधिमण्डलका समकक्षी सदस्य र मेरा पूर्वपरिचित अहुजा नामका एक प्रतिनिधिले नेपाल-भारतबीचको मित्रता र परम्परागत रूपमा रहँदै आएको दुई देशबीचको सम्बन्धको बखान गर्दै अन्तर्राष्ट्रिय कानुन अन्तर्गत एक मात्र नाका खोले पुग्नेमा हामीले दुई-दुईवटा नाका खुला गरेको र 'ओपन जनरल लाइसेन्स' अन्तर्गत भारतबाट औषधिलगायतका सामग्री किन्न सक्ने कुरा राखे ।

त्यसको प्रत्युत्तरमा मैले फेरि फ्लोर लिएर भारतीय मित्रले मेरो मुलुकप्रति व्यक्त गरेको सद्भावप्रति आभार व्यक्त गर्दै त्यतिबेला नेपालले भनेको यथार्थ मेरा भारतीय मित्रले चित्रण गरेको भन्दा फरक रहेकाले संशोधित रूपमा प्रस्ताव पारित गर्न अड्डी लिएँ । त्यसपछि संशोधनसहित पारित हुनबाट रोकिने अवस्था नदेखेपछि भारतीय पक्षले 'अन्तर्राष्ट्रिय कानुन अनुसार' भन्ने शब्दावली थप्न अनुरोध गर्‍यो । यसलाई भने मैले पनि सहर्ष समर्थन गरेँ । त्यसपछि अध्यक्षले फेरि गाभेल ठोकेर संशोधित रूपमा प्रस्ताव पारित भएको संकेत गरे ।

प्रस्ताव पारित भएको केही क्षणमै अहुजा मसमक्ष आएर 'यस्तो किन गरेको ?' भन्न थाले । मैले 'यति टाढाबाट आएको, केही त गर्नैपर्‍यो' भनेर ठट्टा गरेँ । मभन्दा पछाडिको पंक्तिमा हाम्रो प्रतिनिधिमण्डलका सदस्य डा भट्टाचार्य थिए । उनीसँग एक भारतीय कूटनीतिज्ञ आएर कुरा गरिरहेको देखेँ । ती प्रतिनिधिले 'नेपालसँग त्यसै त भारतको सम्बन्ध खराब छ, अन्तर्राष्ट्रिय फोरममा यसरी बेइज्जत गर्दै हिँड्यौ भने सम्बन्ध अझ खराब हुन्छ' भनी धम्की दिएर गएको भट्टाचार्यले सुनाए । त्यसको मूल्य पछि मैले चुकाउनुपर्‍यो । ०४८ मा गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएपछि मलाई २० वर्षे निजामती ऐनको दफा लगाएर जागिरबाटै अवकाश दिइयो ।

॥ प्रस्तुति : **ईश्वरी ज्ञवाली**

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

कान्तिपुर को स्वर्णपुर 2

बम्पर उपहार | १ किलो सुन

हरेक महिना | १० तोला सुन

हरेक साता | १ किलो चाँदी

* सर्तहरू लागू हुनेछन् ।

अनि स्क्र्याच गरी जित्नुहोस् लाखौंका उपहारहरू

ग्राहक अवधि बाँकी रहेकाहरूले पनि समय बढाएर यस योजनामा सहभागी हुन पाउनुहुनेछ ।

"जति छिटो ग्राहक बन्नुहुन्छ त्यति नै धेरै जित्ने मौका ।"

थप जानकारीका लागि
एन.टि.सि.: **16600122222, 9851216800**
एनसेल: **9801572222, 9801016850**

उपत्यका भित्र: 9841166784 (**शिशिर**), 9851098944 (**राम कृष्ण**)
उपत्यका बाहिर: 9856044140 (**शंकर**), 9856025885 (**राजेश, पोखरा**)
9845882313 (**कपिल, भरतपुर**), 9851072403 (**लक्ष्मण, नेपालगंज**), 9852029233 (**सन्तोष, विराटनगर**)

SMS SUB to 38080

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक साता १ किलो चाँदी लगायत लाखौँका उपहारहरू जित्ने मौका । एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन ।

आजै कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् ।

सोझै

तथ्यचित्र

जलस्रोतमा
कुन देश कति स्थानमा ?

स्रोत : विकिपिडिया

साताका चर्चित

सर्वेन्द्र खनाल

शैलेन्द्र खनाल

क्रमशः नेपाल प्रहरीका महानिरीक्षक र सशस्त्र प्रहरी महानिरीक्षकमा नियुक्त भएकाले । नेपाल प्रहरी महानिरीक्षक प्रकाश अर्याल र सशस्त्र प्रहरी महानिरीक्षक सिंहबहादुर श्रेष्ठले अनिवार्य अवकाश पाएपछि खनालद्वयले महानिरीक्षकको पदीय जिम्मेवारी सम्हालेका हुन् ।

कमरेडको कायाकल्प

कुनै बेला यस्तो थियो, जतिबेला अहिलेजस्तै वामहरू एक ठाम थिएनन् । अनेक रूप र रङका थिए । साइन-कल एउटै भए पनि साइनबोर्ड अलग-अलग थिए । बुर्जुवा घृणामा भने एक ठाम थिए ।

बुर्जुवा गन्ध आयो कि ठोकिहाल्ने । जस्तो : जिन्स पाइन्ट लगाउनु घोर बुर्जुवावादी हुनु थियो । बहुराष्ट्रिय कम्पनीको पेय कोकाकोला खानु भनेको वाम कार्यकर्ताका लागि विदेशी दलालको बिल्ला भिराउनु निश्चित थियो । हिन्दी चलचित्र हेर्नु भारतीय विस्तारवादको अनुमोदन थियो । अंग्रेजी फिल्म हेर्नु साम्राज्यवादी सोचमा चुर्लुम्म डुब्नुजस्तै थियो ।

उफ ! बडा गाह्रो पो थियो, कम्युनिस्ट हुनु । हुँदाहुँदा नेपाली सुन्दरी प्रतियोगितालाई नेपाली चेलीहरूको देह प्रदर्शन र सौन्दर्यको बजारीकरणको आरोप आयो । प्रतियोगिता बिथोल्न खोजियो । तर, जसै प्रजातन्त्र पुन:स्थापना भयो, त्यसपछि वाम विद्वान्हरूको घैंटोमा सूर्यका किरण छिर्न थाले शनै:शनै । कोकाकोला पिउनु सामाजिक प्रतिष्ठाका विषय बने । जिन्स मात्र होइन, ब्रान्डेड वस्तु खरिदमा कमरेडहरू नै अघि देखिए । हिन्दी र अंग्रेजी फिल्मका खास पारखी पनि उनीहरू नै । हुंदाहुँदा मिस नेपाललगायत सुन्दरी प्रतियोगिताहरूका विशेष अतिथि र सहभागितामा पनि कमरेडहरू नै अघि । जस्तो कि, यसपटकको मिस नेपाल प्रतियोगितामै देखियो । कि कसो विरोध कमरेड !

■ **वाटरगेट उपाध्याय**

प्रधानमन्त्रीका गहना

नेपालीको बानी- कुतर्क गर्ने जानी/नजानी । जेमा होस्, प्याच्च बोल्नैपर्ने । पायो कि थुचुक्क बस्ने गरी ठोक्नैपर्ने । हालै प्रधानमन्त्रीले भारत भ्रमणमा राजेश हमाल र दिनेश डिसीलाई लगेको विषयमा यस्तै हुर्मत लिइहाले नेपाली जनताले । कलाकार भनेका राष्ट्रका गहना हुन् । यो कुरा भनिरहनुपर्ने विषय होइन । अब यसो विदेश घुम्दा दुई थान गहना लगाएर गए त केपी कमरेडले के बिगारे ? जस्तो लगाएर गए, स्वदेश फर्किएर फुकाले । गहना लैजाँदा खर्च कति लाग्यो ! गहनाले सौन्दर्यमा निखार ल्यायो कि शरीरमा बुखार ल्यायो, त्यो त थाहा भएन । तर, एउटा कुरा भने शतप्रतिशत सत्य छ । त्यो हो- खेल खतम, पैसा हजम ।

■ **सूर्जे नेवा:**

हेलमेटको शक्ति

सरकारले रेल ल्याओस्, ठीक छ । बगरै-बगर पानीजहाज कुदाओस्, सहिन्छ । तर, रेल-जहाज ल्याउनका लागि मोटरसाइकल हटाउन आवश्यक छ ? रेल-जहाज थोडी पिचरोडमा कुदाउने हो र ? वामपन्थी गठबन्धनको मतदातामध्ये मोटरसाइकलवाला पनि थिए पक्कै । आफ्नै भोटरको धन्दा चौपट पार्ने सरकार कसरी जनमुखी हुन्छ ?

लाखौं हेलमेटधारी टाउका एकैपटक आन्दोलित भए सरकार के गर्छ ? बाइकको खलासी सिटमा चढ्ने प्रेमी-प्रेमिका, आफन्तजन, साथीभाइ, वर्कसपवाला र मोटरसाइकल चोरसमेत आन्दोलनमा मिसमास भए ओली सरकारको 'बोल्ती बन्द' हुन सक्छ । सुविधाजनक नयाँ बसविरूद्ध पुराना यातायात व्यवसायी खनिएझैं रेल-जहाजविरूद्ध अनेकथरी सिन्डीकेटवाला हेलमेट उत्रिन सक्छन् । बाइक बिक्रेता देश भारतको पनि प्रत्यक्ष रूचि हुन सक्छ । चिल्ला र स्थायी सपनासँगै वामपन्थी सरकारकै आयु तुहियो भने ? कमरेड, बाइकवाला पनि गोविन्द केसीजत्तिकै बलवान् छन्, सावधान !

■ **भर्जिन ब्वाय**

आउनूस् रि-ट्वीट गरौँ

हाम्रा राष्ट्रपतिको ट्वीटर अकाउन्ट खोलिएकामा मन गद्गद छ । ट्वीटमा के लेखिएको रहेछ ? ज्यादै उत्सुक भएर कम्प्युटर खोलेँ । 'कुनै भीआईपीको सवारीले नागरिकको शिक्षा र स्वास्थ्यको पहुँचमा बाधा नपुगोस् !' सम्माननीयबाट यस्तै खालको ट्वीटको आशा गर्दै थिएँ । सवारीको कारणले पटक-पटक पीडित जो भएको थिएँ ।

तर, 'सम्पूर्ण बालबालिकालाई शिक्षाको पहुँचमा पुऱ्याउने नेपाल सरकार र सम्बद्ध सबै पक्षको प्रयासको सराहना गर्दै सफलताको शुभकामना !' भन्दै ट्वीट गरिएको रहेछ । एकछिन खल्लो लाग्यो ।

यसो पुराना दिन सम्झेँ । शाहीकालमा राजा-रानीले जनताका नाममा बक्सने सन्देश यस्तै-यस्तै त हुन्थे नि, जुन रेडियो, टेलिभिजन र दैनिक अखबारका शान हुन्थे । अचेल आधुनिक युग चलिरा'छ । प्रविधिले फड्को मारिसक्यो । गणतान्त्रिक मुलुकको सम्माननीय संस्था प्रविधिमैत्री हातामा छिरेछ । लौ बधाई छ । सबैले रि-ट्वीट ठोकौँ ।

■ छुल्याहा गुरु

झटारो | ■ लक्ष्मण गाम्नागे

धनराजहरू कुरा बुझ्दैनन्

हाम्रो सबैभन्दा पुरानो, सबैभन्दा प्रजातान्त्रिक र अस्ति भर्खरसम्मको सबैभन्दा ठूलो पार्टी नेपाली कांग्रेसको निर्वाचन-समीक्षा बैठक महिनौँसम्म बस्यो । लामो इतिहास बोकेको पार्टीको बैठक लामो हुनु स्वाभाविकै हो । तर, बैठकमा पार्टीका नेताहरूले आफ्नै सभापतिको धूवाँदार विरोध गर्दै आफ्नै आङको छारो उडाएर बैठक स्थललाई कुइरीमण्डल बनाउनुचाहिँ स्वाभाविक होइन । गएका निर्वाचनमा नेतृत्वले उम्मेदवारको टिकट बिक्री गरेको कुरामा धनराज गुरुङलगायत युवा नेताहरूले ठूलो आपत्ति जनाए । टिकटसँग घर-घडेरीदेखि गाडीसम्म साटेको भनेर उनीहरू सभापतिविरुद्ध खनिए ।

मुलुकमा कस्ता-कस्ता समस्या छन्, त्यतापट्टि उनीहरूको कुनै ध्यान छैन । सेयर बजार ओरालो लागेको छ । कांग्रेस सरकारले मुलुकलाई टाट उल्टाएर छाडेको भनेर अर्थमन्त्रीले आरोप लगाइरहेका छन् । प्रधानमन्त्रीले भएभरका शक्तिशाली निकायहरू आफ्ना अन्तर्गत ल्याएर सरकारलाई धमाधम अधिनायकवाददतिर अग्रसर गराइरहेका छन् । त्यस्ता महत्त्वपूर्ण मुद्दा छाडेर सक्किइसकेको निर्वाचनमा टिकट बिक्री गरेको सामान्य विषयमा चोसो पसारेर बसेका छन्, पार्टीका केन्द्रीय पदाधिकारी युवा नेता भनाउँदाहरू ।

टिकट बिक्रीको विरोध किन गर्छन् यिनीहरू ! टिकट बेचेको हो, सित्तैंमा दिएको त छैन नि ! त्यो पनि चर्को मूल्यमा दिएको हो, सस्तैमा दिएको होइन । यो हुलाकको, सिनेमाको, चिडियाखानाको वा गाडीको टिकटजस्तो सस्तैमा पाउने टिकट पनि होइन, माननीयको टिकट हो । उच्च मूल्यमा बिक्री भएको छ, कसरी नराम्रो भयो ? पार्टीको एउटा टिकटमा घर-घडेरी, बंगला, गाडी आउँछ भने कांग्रेसको टिकटको महत्त्व कति रहेछ, त्यो बुझौँ र गौरव गरौँ न ! पार्टीमा किन वितन्डा मच्याउनू ?

अर्को सकारात्मक कुरा के छ भने बाहिरको मान्छेलाई टिकट बेचिएको छैन । कांग्रेसका मान्छेको पुँजी कम्युनिस्टहरूका हातमा गएको भए पो चिन्ता, कांग्रेसभित्रै रहेको छ । टिकट आन्तरिक बजारमै खपत भएको छ । अझै खुसीको कुरा, त्यसमा लिलाम बढाबढसमेत गरिएको छ । थोरै कबोल गर्नेलाई टिकट दिएको भए धाँधली गरेको वा भ्रष्टाचार भएको भन्न मिल्थ्यो, बढी कबोल गर्नेलाई नै बेचिएको हो । त्यसैले यसमा एकदमै स्वच्छता अपनाइएको छ ।

राजदूतको पद बिक्री गरिएको भनेर पनि उनीहरूले बैठकमा आक्रोश पोखे । कति गजबको कुरा भएको छ । राजनीति पनि आर्थिक उपार्जन गर्ने माध्यम बनेको छ । बरू, अब जुनसुकै महत्त्वपूर्ण पदहरूलाई लिलाम बढाबढमा राखेर नियुक्ति दिने परम्परा थालौँ न ! अर्थोपार्जनको सरल, सटीक र वैध तरिका यसभन्दा राम्रो के हुन्छ ? धनराजहरूले कुरा किन नबुझेको ?

चुनाव हारेकामा युवा नेताहरू नेतृत्वमाथि खनिनुको पनि कुनै तुक देखिँदैन । प्रजातान्त्रिक पद्धतिमा निर्वाचन लडेपछि कि जितिन्छ कि हारिन्छ । यसपालि अलिकति हारियो । त्यो पनि नेतृत्वका कारणले हारेको होइन । वामपन्थीहरूले हराएका हुन् । जनताले वामपन्थीहरूलाई मत दिए त सभापतिको के दोष ?

अन्तिम र सत्य कुरा के हो भने हाम्रो पार्टीमा गुटहरू छन् । सभापतिको आलोचना गर्नेहरू प्रतिपक्षी गुटका हुन् भन्ने दुनियाँलाई थाहै छ । सभापतिज्यूका गुटका सदस्यहरूले सभापतिको विरोध गरेका छैनन् । प्रतिपक्षी गुटका अल्पसंख्यामा रहेका सदस्यहरूले जति चिच्याए पनि त्यसको कुनै अर्थ छैन । त्यसैले यस्ता चिच्याहटलाई स्वाभाविक रूपमा लिँदै हामी सभापति गुटका सदस्यहरूले अगाडि बढिरहने अठोट गरौँ । जय नेपाल !

हरिबहादुर थापा

अकुतवालाको अर्थशास्त्र

भ्रष्टाचार र अवैध सम्पत्तिका सन्दर्भमा कुनै बेला 'अकुत' शब्द खुब प्रयोग हुन्थ्यो । सँगै शासकीय वृत्तभित्र 'हैसियतभन्दा अमिल्दो जीवनयापन गर्ने' वाक्य चर्चित रह्यो । एकाएक उत्पत्ति भएका यी शब्दसँगै शासकीय वृत्तबाट भ्रष्टाचार अन्त्य हुने अपेक्षा जागेको थियो । यस्तो अपेक्षासँगै समाजमा ती शब्द ह्वात्तै चर्चित बन्न पुगे । दुर्भाग्य ! यतिखेर दुवै पदावली बहसमा छैनन् । बिस्तारै हराउँदो क्रममा छन् । अनुचित तबरमा सम्पत्ति आर्जन गरेकाहरूविरुद्ध सामान्य कारबाही पनि नभएपछि उतिबेलाका ओजयुक्त शब्दसमेत ओझेल पर्देछन् ।

जब अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ०५९ साउन मसान्त मध्यरातमा भन्सार-करका कर्मचारीहरूको सम्पत्तिमा धावा बोल्यो, पदीय हैसियतसँग नसुहाउँदो अत्यासलाग्दो सम्पत्तिलाई जनाउन 'अकुत' शब्द प्रयोगमा आयो । भन्सारका खरदार-सुब्बा पनि करोडका मालिक थिए । अख्तियारले ०५९ साउन मसान्तदेखि ०६२ सम्म राजनीतिककर्मी, प्रहरी र कर्मचारीतन्त्रका सम्पत्ति जाँचबुझमा तीव्रता दियो, जसले जनजिब्रोमा 'अकुत' शब्दलाई स्थापित बनायो । दुर्भाग्य ! त्यो कारबाही त्यही रूपमा निरन्तर रहेन ।

०६३ देखि ०७३ सम्म अकुत सम्पत्तिमा एकाध मात्र भ्रष्टाचार मुद्दा चले । त्यस अवधिभरिका अख्तियारका प्रतिवेदन हेर्ने हो भने 'वैध स्रोतबाट प्राप्त रकमको अनुपातमा खर्च कम भएको खुल्न आएकाले पछि थप प्रमाण प्राप्त हुन गएमा पुनः अनुसन्धान गर्ने' उल्लेख गरी अकुतका फाइल तामेलीमा राख्ने लहर चल्यो । गएको वर्ष त्यसमा केही सुधार भएको देखिन्छ, उसले ११ जना सरकारी कर्मचारीविरुद्ध भ्रष्टाचार मुद्दा चलायो । सँगै ३५ जनाको अनुसन्धान फाइल तामेलीमा राख्यो । अथाह सम्पत्तिका मालिकका रूपमा उदाएका कुनै पनि राजनीतिककर्मीविरुद्ध मुद्दा चलेनन्, अख्तियारले केहीलाई जाँचबुझको दायरामा तान्ने पनि ।

'अकुत' संविधान र कानुनमा उल्लिखित शब्द होइन । तैपनि, उतिखेर अत्यधिक मात्रामा यसको प्रयोग भयो । अख्तियारका तत्कालीन प्रमुख सूर्यनाथ उपाध्यायको मुखमा पनि यो शब्द खुबै झुन्डिएको थियो । तर, उनी अकुत शब्द अख्तियारबाट 'क्वाइन' नभएको प्रसंग सुनाउँछन् । भन्छन्, "समाजमा स्थापित भइसकेपछि मात्र अख्तियारले अकुत शब्द प्रयोग गर्न थालेको हो । पहिला त मिडियाले सहज शैलीमा प्रयोगमा ल्याए, त्यसपछि समाजमा स्थापित हुन पुग्यो । त्यसपछि हामीले पनि प्रयोग गर्न पुग्यौं ।"

खासमा भ्रष्टाचार र अख्तियार ऐनमा 'स्रोत नखुलेको सम्पत्ति' उल्लेख छ । तर, बोलीचालीमा वैधानिकभन्दा फरक शब्द स्थापित हुन पुग्यो । उपाध्यायका शब्दमा, "सुन्दा अकुत शब्द सहज लाग्यो । त्यसपछि अख्तियार पनि त्यसैमा अभ्यस्त भयो ।" हाम्रा शब्दकोशले अकुतलाई यसरी अर्थ्याएको पाइन्छ, 'विपुल, अपरिमित, यति नै छ भन्ने अनुमान गर्न नसकिने, भरपूर ।' अख्तियारका पदाधिकारी र बोलीचालीमा अकुत प्रयोगमा आए पनि औपचारिक प्रतिवेदनहरूमा यो शब्द उल्लेख गरिएको पाइँदैन ।

हैसियत र ऐयासी जीवन

अख्तियारको भदौ ०६० मा सार्वजनिक तेह्रौं प्रतिवेदनमा पहिलोचोटि परेको वाक्य थियो, 'आफ्नो हैसियतभन्दा अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरी कमाएको सम्पत्ति आफू र आफन्तहरूसमेतको नाममा राखी लुकाई भ्रष्टाचार गरेको ।' त्यही वर्ष अस्वाभाविक जीवनयापन गर्ने २७ सरकारी सुविधाभोगीविरुद्ध भ्रष्टाचार मुद्दा पनि दायर भयो । त्यो दृश्यसँगै मुलुकको विकास र ढुकुटीलाई छिया-छिया पारी रातारात ऐयासी जीवन जिउने पात्रहरूका दिन गए भनी ठानिएको थियो । अख्तियारको त्यस किसिमको कारबाही मुलुकका निम्ति नौलो थियो ।

तर, शासकीय वृत्तमा बहुचर्चित 'हैसियतभन्दा अमिल्दो जीवनस्तर' पदावली सुनिन छाडेको लामो समय भइसकेको छ । जब अमिल्दो जीवन जिउने सूचीकै पात्र लोकमानसिंह कार्की अख्तियारको प्रमुख बने, तब शब्दको वजनमा भारी गिरावट आयो । कार्कीको पालाभरि 'कसैलाई नछाड्ने' धम्की खुबै आयो तर उल्लेखनीय कारबाही केही भएन ।

आश्चर्य त, जब ०६३ मा निर्मित अन्तरिम संविधानमा समेत स्रोत नखुलेको सम्पत्तिधारीविरुद्ध कठोर कारबाही गर्ने वाक्यांश नै पऱ्यो, तब ऐयासी जीवन जिउनेहरू झन् प्रभावशाली हुँदै गए । अकुत सम्पत्तिमा अनुसन्धान र कारबाहीको दर घट्यो र संविधानका कठोर प्रावधान केवल देखावटीमा परिणत भए । प्रत्यक्ष लाभका पदमा पुगेकाहरूमा रातारात अकुत धनका मालिक बन्नुको कारणमा गुणस्तरहीन विकास, घुस, कमिसन र यहाँसम्म कि सार्वजनिक पदमा नियुक्ति र बढुवामा समेत चर्को लेनदेन भित्रिनु हो ।

अख्तियारले हैसियतभन्दा अमिल्दो जीवन जिउनेहरूविरुद्ध अनुसन्धानको क्रम रोकेको भने छैन । फरक यत्ति हो, गहिरोसँग छानबिन गरी मुद्दा लगाउनेभन्दा कार्यरत पदाधिकारीहरूले आफ्नो स्वार्थ-पूर्ति गर्ने, प्रतिशोध साँध्ने औजारमा परिणत गरेका छन् पूरै

संस्थालाई । शासकीय वृत्तमा रातारात महल खडा गरी ऐयासी जीवन बिताउनेको संख्या बढ्दै गएको छ तर अख्तियारले स्रोत नखुलेको सम्पत्तिका हकमा लगाउने मुद्दाको संख्या घट्दै गएको छ ।

भ्रष्टाचार र अख्तियार ऐन, २०५९ ले हैसियतभन्दा उच्च जीवनस्तर यापन गर्ने सरकारी संयन्त्रका पात्रहरूलाई भ्रष्टाचारको अभियोगमा मुद्दा चलाउन सक्छ। उसले लगाएको अभियोगमा प्रमाणको भार पुऱ्याउने दायित्वसमेत अभियुक्तकै भागमा पारिएको छ। कानुनतः भ्रष्टाचार आर्जित सम्पत्ति र त्यसबाट बढे-बढाएको, आफ्नो वा अरू कसैको नाममा राखेको प्रमाणित भएमा जफत हुन्छ र जेल सजाय भोग्नैपर्छ । अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेमा वा आफ्नो हैसियतभन्दा बढी कसैलाई दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएमा गैरकानुनी रूपमा आर्जन गरेको मानिन्छ । अर्थात्, कानुनतः फराकिलो दायरामा रहेर भ्रष्टाचारबाट आर्जित सम्पत्ति जफत गर्न बाटो खुलेको छ ।

भ्रष्टाचार नियन्त्रणको 'अचूक अस्त्र'मध्ये एक मानिन्छ, शासकीय पदाधिकारीको धनमा सधैँभरि गहिरो निगरानी र जाँच बढाउनुलाई । भ्रष्टाचार, जसलाई 'ह्वाइट कलर क्राइम' मानिन्छ अर्थात् सफेद पोसाकधारी शक्ति-सम्पन्नबाट भ्रष्टाचार-कर्म हुन्छ । कानुनी छिद्र समात्न माहिर व्यक्तिबाट भ्रष्टाचार हुने हुँदा यसको अनुसन्धान त्यति सजिलो हुँदैन, जति सोचिएको हुन्छ। त्यो वर्ग, जसको बाहिरी मुलुकसँग राम्रो सम्बन्ध हुन्छ, आफ्ना छोरा-छोरी या आफन्तका कारण । अनुचित तवरमा कमाएको पैसा त्यहाँ पुऱ्याउनेदेखि त्यहाँबाट फिर्ता ल्याएको देखाएर वैध तुल्याउनेसम्मका काम हुन्छन् ।

काम एकातिर, बोली अर्कातिर

दुई तिहाइ बहुमतका प्रधानमन्त्री केपी ओलीले 'भ्रष्टाचारीलाई कुनै हालतमा नछाड्ने' चेतावनी दिइरहेका छन्। शेरबहादुर तामाङ कानुन, न्याय तथा संसदीय मामिला मन्त्री बनेकै दिनदेखि चर्चामा छन्। 'न्यायाधीशको सम्पत्ति सार्वजनिक गर्ने कानुन बनाउने' उद्घोष गरेसँगै उनी चर्चामा आएका हुन्। तर, उनले न्यायाधीशको सम्पत्ति जाँचबुझ गर्ने र अवैध भेटिएको खण्डमा मुद्दा चलाउने विषयमा बोलेका छैनन्। अर्थात्, 'सार्वजनिक गराउनु' ठूलो उपलब्धि ठानिएको छ ।

विवादित र शंकास्पद पात्रहरूको सम्पत्ति जाँच गर्न अख्तियार र न्याय परिषद्लाई केले रोकेको छ र ? सम्पत्ति सार्वजनिक गर्ने कानुन किन चाहियो ? यो प्रश्नसहित उपाध्यायको टिप्पणी छ, "भएकै कानुनले अनुसन्धान गर्न या भ्रष्टाचारमा मुद्दा चलाउन कसैले रोकेको छैन । अमिल्दो जीवनस्तरमा रहेकाहरूलाई सहजै छानबिनको दायरामा तान्न सकिन्छ। जबसम्म सरोकारवाला निकाय तात्दैनन्, तबसम्म भाषणले मात्र केही हुँदैन । हामीकहाँ काम हुँदैन, भाषण र नाटक मात्र बढी हुन्छन्। पहिला त कारबाही गर्ने आँट चाहियो र दोस्रो कारबाही गर्ने पनि नैतिकवान् र इमानदार हुनुपऱ्यो ।"

सरकारी पदमा नियुक्त भएपछि र हरेक आर्थिक वर्ष सकिएको ६० दिनभित्र थपघट सम्पत्ति विवरण बुझाउनुपर्छ। त्यसरी संकलित विवरण सरोकारवाला निकायको दराजमा थन्किनेमै सीमित छ। तिनले बुझाएको सम्पत्तिमा कहिल्यै जाँच हुँदैन । जाँचबुझ पद्धति स्थापित नगरिँदा सम्पत्ति विवरण राख्नुको पनि औचित्य पुष्टि भएको छैन ।

अकुत सम्पत्तिमा अनुसन्धान र कारबाहीको दर घटेसँगै संविधानका कठोर प्रावधान केवल देखावटीमा परिणत भए ।

खासमा न्यायाधीशदेखि शासकीय वर्गका पात्रहरूको नियमित निगरानी र जाँचबुझ चाहिएको हो। जाँचबुझ सम्पन्न नहुँदासम्म सार्वजनिक र विवरण राख्नुले मात्र अर्थ दिँदैन। सम्पत्ति सार्वजनिक गर्नुलाई त्यतिखेर मात्र उपलब्धिमूलक ठान्न सकिन्छ, जब त्यसमा जाँच पनि हुन्छ ।

अर्कातिर सम्पत्ति न्यायिक जाँचबुझ आयोगले शंकास्पद सम्पत्ति भएका न्यायाधीशकै सूची बुझाएको १५ वर्ष भयो, कसैविरुद्ध कुनै कारबाही भएको छैन । कसैविरुद्ध कुनै कारबाही नभएकामा जाँचबुझ आयोगकै अध्यक्ष पूर्वन्यायाधीश भैरवप्रसाद लम्साल खिन्न छन् । त्यतिबेला सम्पत्ति जाँचका बखत सुराकी र जासुससमेत प्रयोग गरी तथ्य संकलन गरिएका थिए । उनले शंकास्पद धनवालासँग बयानसमेत लिई अनुचित रकम किटान गरी भ्रष्टाचारमा मुद्दा चलाउन सिफारिस गरेका थिए। उनले जसलाई बयान लिए, तिनीहरूलाई कुनै कारबाही भएन । उल्टो उनीहरू अहिले लम्साललाई आँखा तर्छन् ।

उसो त सम्पत्ति जाँचकर्ताहरूले सुविधाभोगीहरूको हकमा निकै उदार नीति अख्तियार गरेका थिए। जाँचबुझ आयोगले कुल आम्दानीमा ६० प्रतिशत बचत हुने र ४० प्रतिशत मात्र खर्च हुने सिद्धान्त प्रतिपादन गरेको थियो। त्यति फराकिलो छुटमा सरकारी सुविधाभोगीहरूको सम्पत्ति पुर्ख्यौलीकरण भयो । एकातिर सधैँभरि सरकारी तलब-सुविधाले जीवन धान्नै पुग्दैन भन्ने गनगन चलिरहेकै छ। अर्कातिर, तिनकै धन-सम्पत्ति जाँच गर्दा ६० प्रतिशत बचत हुन्छ ? कसरी तलब थोरै ?

जोसिला कानुनमन्त्रीलाई उनै लम्सालको सुझाव छ, "सरकारी ओहादाधारीहरूको राज्यसँगै सम्पत्ति विवरण छ, जतिखेर खोल्दा पनि हुन्छ । राज्य सञ्चालकसँग इच्छाशक्ति छ भने दराज खोलेर तिनका धनमा आँखा लगाउँदै कारबाही गरे हुन्छ। त्यो त १५ वर्षअघिको विवरण हो, त्यसमा अझ धन थपिएका होलान्। त्यसलाई आधार मान्दै थप खोज्न सकिन्छ।"

त्यतिखेर शंकास्पद सम्पत्ति भएकाहरूको विवरण सरकारसँगै सुरक्षित छ । लम्सालले चार दराज सम्पत्ति विवरण सरकारलाई जिम्मा लगाएका थिए । उतिबेला दराजको सुरक्षा-साँचो रक्षा र गृहसचिव अनि राष्ट्र बैंकका गभर्नरको हातमा सुम्पिइएको थियो। त्यो दराज यिनै तीन जनाको रोहबरमा मात्र खोल्न सकिने व्यवस्था मिलाइएको थियो। जाँचबुझ निकायले चाहेको खण्डमा त्यसलाई आधार बनाउँदै थप छानबिन गरी भ्रष्टाचार मुद्दामा जान सक्छ।

भ्रष्टाचारीका सम्बन्धमा एउटा सिद्धान्त छ, भ्रष्टाचार तथा आर्थिक अनियमितता गर्दा हुने फाइदा र खतराको मात्रामा चुकाउनुपर्ने मूल्य मूल्यांकन गर्दा जुन बढी वजनदार हुन्छ, त्यही पक्ष हावी हुन्छ। अर्थात्, कारबाही हुन्छ भन्ने त्रास भएमा भ्रष्टाचार स्वतः घट्छ र कसैलाई कुनै सजाय नभएको परिदृश्यमा आफैं बढ्छ। शक्तिमा बस्नेहरू आफ्नो कुकृत्य सार्वजनिक हुँदा अप्ठ्यारो हुने डरले भ्रष्टाचार गर्न दुरुत्साहित हुन्छन्। जहाँ कारबाहीको डर कम हुन्छ, त्यहाँ भ्रष्टाचारको मात्रा बढी हुन्छ। ◆

दिल्लीमा कार्पेट
सीमामा लुट

वनबासा गड्डाचौकीमा भारतीय सुरक्षाकर्मीबाट लुटिँदै नेपाली

भवानी भट्ट/अर्जुन शाह/वसन्तप्रताप सिंह
गड्डाचौकी, कञ्चनपुर

प्रधानमन्त्री केपी ओलीको राजकीय स्वागतका लागि नयाँदिल्ली कार्पेट बिछ्याउँदै थियो । २३ चैतको त्यही बिहान प्रदेश-७ को मुख्य नाका कञ्चनपुरको वनबासा गड्डाचौकीमा भने सयौँ नेपाली भारतीय पक्षबाट लुटिँदै-कुटिँदै थिए ।

भारतका सहरमा मजदुरी गरी गड्डाचौकी नाका हुँदै घर फर्कनेहरूमाथि भारतीय सुरक्षाकर्मी र व्यापारीले काबु जमाइरहेथे । मानौँ, भारतबाट फर्कँदै गरेका सर्वसाधारण सबै चोर-फटाहा हुन् । सुदूरपश्चिमवासीको महत्त्वपूर्ण चाड बिसुपर्व मुखैमा आइसकेकाले अचेल सीमा नाकामा घर फर्किने नेपालीको संख्या बाक्लो छ । लामो समयपछि घर फर्किंदा पुलकित हुनुपर्नेमा बाटोमा खेप्नुपरेका अनेक सास्तीले महेन्द्रनगर पुगेका अधिकांश अँध्यारा देखिन्थे । भारतीय व्यवसायीले सञ्चालन गरेका टाँगाबाट सीमा पार गर्दै महेन्द्रनगर बसपार्कमा झरिसकेपछि बल्ल उनीहरूका अनुहार पिँजडामुक्त सुगाको जस्तै देखिन्थ्यो । धनगढी जोडिने गौरीफन्टा नाकाबाट आउनेहरूको हैरानी पनि वनबासाभन्दा पृथक् थिएन, नियन्त्रित नागरिकझैँ ।

बझाङ छबिस पाथीभरा गाउँपालिकाका गगन चलाउने भारतको अल्मोडाबाट मजदुरी गरी घर फर्किंदै थिए । अल्मोडादेखि महेन्द्रनगर बसपार्क नपुग्दासम्म उनले खेपिनसक्नु हैरानी बेहोर्नु पर्‍यो । यसअघि फर्कने क्रममा एसएसबी र अन्य सुरक्षाकर्मीबाट आठपटक पिटिएका उनी यसपल्ट लुटिए । वनबासादेखि महेन्द्रनगरसम्म १२ किमि दूरीको टाँगायात्राको भाडा साढे चार सय भारु वनबासामै अग्रिम असुलियो ।

अछाम, ढकारीका चन्द्रबहादुर बुढाको हालत पनि बझाङका चलाउनेको भन्दा फरक थिएन । क्षमताभन्दा बढी यात्रु कोचाकोच गरी ल्याइएका चन्द्रबहादुरबाट टाँगावालाले तीन सय रुपियाँ असुलेका थिए । बाजुराको गोत्रीका दलबहादुर विकले चार जनाको समूहबाट प्रतिव्यक्ति साढे तीन सय थुतिएको बताए । वनबासादेखि महेन्द्रनगरसम्मको भाडादर भारततर्फबाट आउँदा एक सय भारु र नेपालतर्फबाट जाँदा एक सय नेपाली रुपियाँ तिरे पुग्ने व्यवस्था छ । तर, त्यो नियम देखावटी मात्रै भएको छ ।

प्युठानका हीराबहादुर रोकायाको उमेरले ५० वर्ष नाघ्यो । बाल्यकालदेखि नै भारतका 'कालापहाड' चहारेका उनलाई अहिले पनि रोजीरोटीका लागि त्यहाँ जानुको विकल्प छैन । चाडपर्व र खेतीपातीका बेला घर आउने उनलाई सीमामा हुने दुर्व्यवहार र अनावश्यक असुलीको हैरानी शृंखला जस्ताको तस्तै छ । उत्तराखण्डको अल्मोडामा मजदुरी गर्ने उनले घर फर्किंदा सीमामा जहिल्यै सुरक्षाकर्मीलाई एक-दुई सयदेखि डेढ हजार रुपियाँसम्म बुझाउनुपरेको छ । यसपल्ट उनले सात सय रुपियाँ तिरे । रोकाया दुःखेसो पोख्छन्, "दुर्व्यवहारको त कुरै छाडौँ ।" अल्मोडादेखि सीमावर्ती बजार वनबासा पुग्न लाग्ने खर्च र वनबासादेखि महेन्द्रनगर पुग्न लाग्ने खर्च बराबर भएको उनी बताउँछन् ।

पाँच जनाको टोलीमा आएका उनीहरू जनही साढे चार सय भारु तिरेर अल्मोडाबाट वनबासा पुगेको बताउँछन् । तर, वनबासाबाट महेन्द्रनगरसम्म टाँगावालाले दुई सय भारु भन्सार र प्रहरी तथा नेपालतर्फका सुरक्षाकर्मीलाई पनि त्यति नै तिरेको रोकायाको कथन छ । घर फर्किंदा सीमा सुरक्षाकर्मीको अवैध असुली, सवारी साधनले लिने दोब्बर/तेब्बर भाडा आदिका कारण पहिल्यैदेखि नेपालीले सास्ती खेप्नुपरेको छ । चाडपर्वका बेला लत्ताकपडासहित गुन्टागुन्टी ल्याएर घर फर्किने क्रममा आफूहरूले अझ बढी पीडित हुनुपरेको कामदारहरूको गुनासो छ । १२ वर्षकै उमेरदेखि काम खोज्दै भारत पस्न थालेका बाजुरा, बुढीगंगाका काल्चे लोहार भन्छन्, "अचेल त दुर्व्यवहार र असुली झन् बढेको छ, जाँच गर्ने ठाउँ पनि थपिएका छन् ।"

नेपालका प्रायः प्रधानमन्त्रीले आफ्नो पहिलो विदेश भ्रमणमा भारत रोज्छन् । दुवै पक्षबीच सीमा आवागमन सहज बनाउनेबारे छलफल पनि चल्छ । तर, व्यवहार फेरिँदैन । भारतबाट नेपाल पुगुन्जेल ठाउँठाउँमा लुटिन्छन् नेपाली

तस्बिर : बसन्तप्रताप सिंह

गड्डाचौकी नाकाबाट घर फर्किंदै नेपाली

भारतमा धेरै बेपत्ता

डोटीको केआईसिंह गाउँपालिका-६ का ३५ वर्षीय कृष्णराज जोशी १० वर्षअघि काम खोज्दै भारतको बैंग्लोर पुगेर दुई-तीन वर्ष काम गरी दिल्ली फर्किए। दिल्लीमा उनले ट्र्याक्टर सोरुमका कामदारका लागि खाना पकाउने काम पाए। तर, काम सुरु गरेकै साता कामदारबीच झगडा भएर एक नेपालीको मृत्यु भयो। उनी प्रत्यक्षदर्शी भएका कारण जेल परे।

सम्पर्क हुन नसकेपछि परिवारले आसै मारिसकेको थियो। तर, ६ वर्षपछि उनी जेलमुक्त भएर घर फर्किंदा परिवार निकै खुसी भयो। केही दिन घरमा बसेर उनी फेरि भारततिरै लागे। "तिहाड जेलमा थुप्रै नेपाली छन्," दुई महिनाअघि घर फर्किएका बेला जोशीले सुनाए, "अधिकांश नेपाली कामदार बिनाकारण तथा कसुरसमेत थाहा नपाएर दुःख भोगिरहेका छन्।"

जोशीकै भनाइलाई आधार मान्ने हो भने पनि भारतीय जेलमा रहेका नेपालीको तथ्यांक ठूलो छ। भारतस्थित नेपाली दूतावासले यही वर्षदेखि भारतका विभिन्न जेलमा रहेका नेपालीको खोजी गर्ने काम सुरु गरेको छ। गत मंसिरमा हिमाचलको एक कारागारमा २४ भन्दा बढी नेपाली भेटिएको कार्यवाहक राजदूत भरतकुमार रेग्मी बताउँछन्। उनले अन्य कारागारमा पनि नेपालीको अवस्थाबारे अध्ययनका लागि केन्द्रीय कारागार प्रशासनलाई जानकारी दिइएको र त्यसबारे जवाफ आइनसकेको सुनाउँछन्।

हालको प्रदेश-७ का अधिकांश जिल्लाबाट काम खोज्दै भारत जाने गर्छन्। भारतमै बेखबर हुनेको संख्या पनि धेरै छ। एउटै गाउँबाट २०/३० जनासम्म छन्। उनीहरू वर्षौंदेखि बेपत्ता हुँदा परिवारको गुजारा चलाउने समस्यासँगै घरजग्गा नामसारीदेखि अंशबन्डा आदिका कामसमेत रोकिएका छन्।

कामदार। बीच बाटोमा सुरक्षाकर्मीबाट मात्रै होइन, लुटेराहरूसमेतको निसानामा पर्दै आएका छन्। काम गर्ने स्थलबाटै पछ्याएर बसपार्क, होटल, सीमा क्षेत्रमा नशालु पदार्थ खुवाएर बेहोस बनाई लुटिन्छन्।

कतिपय सवारी साधन वनबासाबाट सीमासम्म मात्रै चल्छन्। बढी भाडा लिएमा तिनको पहिचान गर्नसमेत नसकिने नेपाली सुरक्षाकर्मीहरू बताउँछन्। तर, महेन्द्रनगरसम्म पुग्ने टाँगा र अन्य सवारी साधनलाई निगरानीमा राखिने गरेको पीडितहरू बताउँछन्। "बढी भाडा लिने चार टाँगा चालकलाई गत बुधबार कारबाही गरिएको छ," महेन्द्रनगर बसपार्कमा रहेको प्रहरी बिटका इन्चार्ज सई देवबहादुर कुँवर भन्छन्, "तर, यात्रुहरूले नै आफूले बढी भाडा तिरेको नबताउँदा कारबाही गर्न समस्या हुन्छ।"

सधैँको मुद्दा, समाधान शून्य

नेपाल-भारत सीमास्तरीय बैठकमा जतिबेला पनि सीमामा हुने दुर्व्यवहार न्यूनीकरणका लागि पहल गर्ने सहमति हुन्छ। पहिलो प्राथमिकता पनि यही विषयले पाउँछ। तर, अवस्था भने जहाँको त्यहीँ छ। सीमा क्षेत्रका जिल्ला सुरक्षा प्रमुखहरू सम्मिलित समकक्षीहरूको बैठक हरेक तीन-तीन महिनामा भारत र नेपालमा पालैपालो सञ्चालन हुने गर्छ।

यस्ता बैठकमा नेपाली पक्षले उठाउने पहिलो र सदावहार मुद्दा पनि यही हुन्छ। बैठकमा भारतीय अधिकारीहरूले सुधार गर्ने प्रतिबद्धता जनाउँछन्। "सीमास्तरीय हरेक बैठकमा सीमामा यात्रुमाथि हुने दुर्व्यवहार र अवैध असुली रोक्ने सहमति हुन्छ," सीमा क्षेत्रका एक नेपाली सुरक्षाकर्मीको अनुभव छ, "तर, भारतीय सुरक्षाकर्मीको व्यवहार भने फेरिँदैन।" साथै, सीमामा हुने आपराधिक गतिविधि नियन्त्रणका विषयमा दुवै पक्षले आपसी समन्वय गर्ने प्रतिबद्धता जनाउने गरेका छन्। तर, नशालु पदार्थ खुवाएर लुटिने गरेको अधिकांश घटना सीमा क्षेत्रमै हुने गरेको पाइन्छ। एक-दुई घटनामा बाहेक अधिकांश दोषी पत्तै लाग्दैनन्।

भारु ल्याउन समस्या

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणमा आएका बेला पाँच सय र एक हजारका भारु नोट २५ हजारसम्म निर्बाध रूपमा ल्याउन दिने घोषणा गरेका थिए। केही समयसम्म मोदीको घोषणा कार्यान्वयन पनि भयो। तर, अघिल्लो वर्ष भारतमा नोटबन्दी भएपछि पाँच सयमाथिका भारु नोटहरू नेपाल ल्याउन समस्या भइरहेको छ। सीमामा जाँच गरेर भारु लैजान नपाउने भन्दै दुःख दिने गरेको कामदारहरू बताउँछन्। "यसकै कारण हामीले उनीहरूलाई पैसा तिर्नुपरेको छ," अल्मोडाबाट हालै घर फर्किएका मुगुका रामबहादुर गिरीको दुःखसो छ, "भारतीय प्रहरीले भन्सार-चौकीमा लट्ठीले घोचेर निकाल भारु भन्दै धम्काए।"

नोटबन्दीपछि पाँच सय र दुई हजारका नोट बोक्न झन् समस्या भएको कामदारहरू बताउँछन्। नेपालीले भारतमा खाता खोल्न नपाउने भएकाले बैंकबाट रकम पठाउन सक्दैनन्।

तथ्यांक नै छैन

भारतमा कति कामदार छन्, वर्षमा कति जान्छन् र कति घर फर्किन्छन् भन्नेबारे सरकारी निकायमा कुनै जानकारी छैन। भारत-पाकिस्तान विभाजन हुनुअघिदेखि नेपालीहरू कामको खोजीमा लाहोरसम्म पुग्थे। लाहोर जाने कामदारलाई लाहुरे भन्ने चलन छ। सुरक्षित आप्रवासनको क्षेत्रमा कार्यरत संस्थाहरूका अनुसार भारतमा ३० लाखभन्दा बढी नेपाली कामदार छन्। दर्जनौं सहरमा भरिया, भान्छेदेखि चौकीदारसम्मका छन्। उनीहरूको श्रमको तुलनामा पारिश्रमिक भने न्यून छ।

पोहोर फागुनमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भारतको रोजगारी अवस्थालाई व्यवस्थित गरिने घोषणा गरेका थिए। त्यसबेला उनले परिचयपत्र, तथ्यांक संकलनसँगै बिमासमेत गरिने घोषणा गरेका थिए। तर, घोषणा भने घोषणामै सीमित रह्यो। ◆

'जनवादी केन्द्रीयताको मनो

जुझारू शैली, सक्रियता र वैचारिक प्रस्टताका लागि चिनिन्छन्, कांग्रेस प्रवक्ता **विश्वप्रकाश शर्मा** । निर्वाचन परिणामपछि पार्टी नेतृत्वलाई चुनौती दिँदै आएका 'सात भाइ'को समूहमा थिए, शर्मा । तर, सभापति शेरबहादुर देउवाले प्रवक्ताको भूमिका दिएपछि शर्मा पार्टीभित्र रक्षात्मक बनेका छन् । श्वेतपत्रको सन्दर्भदेखि पार्टी पराजयसम्मका विषयमा प्रवक्ता शर्मासँग **सन्तोष आचार्य**का प्रश्नहरू :

सरकारद्वारा जारी श्वेतपत्रलाई 'लालपत्र' मात्र नभनी 'अबौद्धिक र अव्यावसायिक मुचुल्का' भन्नुभयो । अर्थमन्त्रीले मुलुकको आर्थिक स्थितिबारे जनतालाई जानकारी दिन पाउँदैन ?

मुलुकको अर्थतन्त्रबारे अर्थमन्त्रीले श्वेतपत्र जारी गर्न नपाउने वा जारी गर्नु नै गलत हो भन्ने बिलकुल होइन । श्वेतपत्रमा नकारात्मक सूचकहरू छानी-छानी राखिएको छ । सकारात्मक सूचकहरू हालिएको छैन । श्वेतपत्रको पनि आफ्नै शास्त्र हुन्छ । यति-यति अवधिको विश्लेषण गर्ने भनेपछि त्यही अवधिको हुनुपर्छ । तर, यो श्वेतपत्रमा त कतै दुई वर्ष मात्र, कतै पाँच वर्षको मात्र, कतै १० वर्षको त कतै २५ वर्षका जति पनि नकारात्मक सूची छन्, तिनलाई टिपेर राखिएको छ । यस हिसाबले के भयो भने कुनै पनि कालखण्डका नकारात्मक सूचक बाहिर आए, सकारात्मक सूचकमा अर्थमन्त्रीले आँखा चिम्लिनुभयो । प्रतिपक्ष दलको नाताले हाम्रो कर्तव्य त्यसलाई सम्झाउनु हो ।

तस्बिर : रवि मानन्धर

श्वेतपत्रको दाबीजस्तै देशको ढुकुटी रित्तो, लथालिंग र भताभुंग छ । सरकारले देशलाई शून्यबाट समृद्धितिर लानुपर्ने कथनको सन्देश के हो ?

श्वेतपत्र आउँदै गर्दा सायद उहाँहरू दुइटा मनोविज्ञानमा हुनुहुन्थ्यो । एउटाचाहिँ, निर्वाचनका बेलादेखि नै मतदातासमक्ष जुन सपना बाँडिएका थिए, ती सपनाको व्यावहारिक प्रयोग हुने यो बेलामा त्यसले पूर्णता प्राप्त नगर्न सक्छ । त्यस्तो अवस्था बन्दा के गर्ने ? ढुकुटी रित्तो भएकाले गर्न सकिएन भन्न मिल्छ भन्ने मनोविज्ञान होला । नकारात्मक दृश्यहरू देखाइदिएपछि भोलि आफूले भनेका कुरा पूरा गर्न नसक्दा अरूमाथि दोष थोपरेर आफू उम्कन मिल्छ कि भन्ने सोच होला । दोस्रोचाहिँ, अहिलेसम्म समृद्धिका लागि केही भएन, त्यसको इतिहास अब सुरु हुन्छ/भयो भन्न खोजिएको देखिन्छ ।

'समृद्ध नेपाल, सुखी नेपाली'को सरकारी नाराप्रति कांग्रेसको कुनै टिप्पणी छ ?

हाम्रोमा कुनै नयाँ कथाकारले कथा लेख्न आँटेजस्तो 'समृद्ध' नाम गरेको नयाँ कथा यहाँबाट सुरु हुन लागेको होइन । यसको पृष्ठभूमि छ, इतिहास छ । सकारात्मक र नकारात्मक पाटाहरू छन् । यसको आर्थिक मात्र नभएर राजनीतिक, सामाजिक र मनोवैज्ञानिक पाटाहरू छन् । ००७ देखि ०७४ सालसम्म आइपुग्दा कांग्रेसको अगुवाइमा प्राप्त राजनीतिक उपलब्धिको जगमै नेपाल समृद्ध हुने हो, नेपाली सुखी हुने हो ।

सरकारमा रहेको पक्षले आशा वितरण गर्छ । विपक्षले चाहिँ निराशा बताइरहेको हुन्छ । विपक्षले प्रश्न गरिरहेको हुन्छ, उत्तर सत्ताले दिन्छ । विपक्षले देश डुब्यो भनिरहेको हुन्छ, देश अगाडि बढिरहेको छ राज्यले भन्ने हो । तर, यहाँ उल्टो भयो । राज्यको नेतृत्व गर्नेले चाहिँ देश डुब्दैछ, धराशयी हुँदै छ भन्दै छन् । उल्टो बाटोमा हिँडेर कसरी लक्ष्य प्राप्ति होला !

विज्ञानले संघीयता चल्दैन’

कांग्रेसले कम्युनिस्टहरू अधिनायकवादको अभ्यासमा लागेको आरोप लगाएको छ । वास्तविकता के हो ?

हाम्रो पार्टीका कुनै नेताले कम्युनिस्ट अधिनायकवाद सुरु भयो भनेर कतै भन्नुभएको भए त्यो उहाँहरूको कुरा हो । मेरो भनाइचाहिँ के हो भने कसैले अधिनायकवादको परिकल्पना गर्छ भने त्यो दिवा सपना मात्र हो । त्यो सम्भव नहुने कुरा हो ।

प्रधानमन्त्रीले शक्तिशाली निकाय आफूमातहत राख्नुको अर्थ के हो ?

संघीयता भन्नु र जनवादी केन्द्रीयता भन्नु विपरीत ध्रुवका विषय हुन् । कम्युनिस्ट सत्तामा केन्द्रीकरणको मनोविज्ञान हुन्छ । त्यसले एकैचोटि दुइटा कुरा भइरहेको छ । एकातिर, पहिलोपटक नेपाल संघीयतामा गएर सात प्रदेश बनेका छन् । केन्द्रले चाहिँ आफ्नो अधिकार बढीभन्दा बढी विकेन्द्रीकरणमा लैजानु छ । तर, सातवटा संघीय प्रदेशका सातवटै मुख्यमन्त्रीले शपथग्रहण गरेको सात दिन नबित्दै काठमाडौंमा प्रधानमन्त्री कार्यालयले राज्यका महत्त्वपूर्ण निकायलाई आफू अन्तर्गत राख्यो । यहींनेर विरोधाभास भयो । उहाँहरू जुन मानसिकता लिएर हिँडिरहनुभएको छ, त्यो जनवादी केन्द्रीयताको मनोविज्ञान हो । यसले संघीयता चल्दैन ।

एमाले र माओवादी वैचारिक अस्पष्टतातिर गएको तपाईंको आशय हो ?

उहाँहरूलाई कांग्रेसले भनेको संसदीय व्यवस्था मन पर्दैन । संसदीय व्यवस्थाको प्रधानमन्त्री हुँला भनेर न केपी ओलीले राजनीति सुरु गर्नुभएको थियो, न त प्रचण्डले । अब के उहाँहरूले संसदीय व्यवस्थाको पार्थिव शरीरमाथि सर्वहाराको अधिनायकवाद स्थापना गर्ने ? तर, अब उहाँहरू त्यता जान सक्नुहुन्न । त्यो देखिसकियो । अर्थनीतिको सन्दर्भमा पनि कांग्रेसले लिएको बाटोलाई आफ्नो पनि मान्न नसकेको र त्यसमा हिँड्न पनि नचाहेको तर यो बाटो छाड्न पनि नसकेको देखिन्छ । यस्तो विरोधाभास श्वेतपत्रमै देखियो ।

> **संसदीय व्यवस्थाको प्रधानमन्त्री हुँला भनेर न केपी ओलीले राजनीति सुरु गर्नुभएको थियो, न त प्रचण्डले । अब के उहाँहरूले संसदीय व्यवस्थाको पार्थिव शरीरमाथि सर्वहाराको अधिनायकवाद स्थापना गर्ने ?**

फरक सन्दर्भ, कांग्रेस पराजयको आन्तरिक कारण के थियो ?

बदलिएको चुनावी चित्रलाई बदल्न सक्ने गरी हामीले आफूलाई बदल्न नसक्नु नै हो । स्थानीय निर्वाचन परिणामले खतराको घन्टी बजाइसकेको थियो । कांग्रेसको हार कतिपय नेताले भनेजस्तै अनपेक्षित थिएन । हार निश्चित थियो । यसलाई चिर्न सक्ने गरी हाम्रो तयारी पुगेन । कांग्रेस परम्परागत ढंगले चल्दै आयो ।

पार्टी पराजयको नैतिक जिम्मेवारी कसैले लिनु पर्दैन ?

सभापति पार्टीको मुख्य नेतृत्व, वरिष्ठ नेता निर्वाचन परिचालन समितिको संयोजक र महामन्त्री पार्टी प्रशासन प्रमुखको जिम्मेवारीमा रहेकाले पराजयको जिम्मेवारीबाट कोही पनि भाग्न मिल्दैन । हामी सबै जिम्मेवार छौं । सबैले आ-आफ्नो भागको दोष स्वीकार्नैपर्छ । मात्रात्मक रूपमा साइज-साइजको नेतृत्व र साइज-साइजको दोष सबैको भागमा पर्छ ।

पार्टी शुद्धीकरणका लागि विधान महाधिवेशनको माग भइरहेको छ । संस्थापन पक्ष यसमा सहमत छ ?

पार्टी रूपान्तरणका लागि यदि महाधिवेशन नै प्रथम र अन्तिम हुन थाल्यो भने त्यसले हामीलाई कहीं पुर्‍याउँदैन । त्यसले नै आगामी चुनाव जिताउँछ भन्ने पनि होइन । हामीभित्र अहिलेसम्मकै स्थापित मनोविज्ञान के छ भने अमुक नेतृत्वको असफलताको जडमा अर्को कुनै नेतृत्व उदाउन खोज्ने । गिरिजाबाबुमाथि प्रहार गरेर शेरबहादुर देउवाको उदय भएको हो । र, अब शेरबहादुरमाथि प्रहार गर्दा अर्को नेतृत्वको उदय हुन्छ भन्ने मानसिकता छ । यो परम्पराले कांग्रेस बदलिँदैन । महाधिवेशनमा जम्मा एउटा नेतृत्व परिवर्तन गर्ने हो ।

कांग्रेसले अबको पाँच वर्षलाई दुइटा खण्डमा छुट्याएर जानुपर्छ । महासमितिदेखि महाधिवेशनसम्म संगठनको सम्पूर्ण व्यवस्थापनको एउटा खण्ड, त्यसपछि महाधिवेशनदेखि महानिर्वाचन (स्थानीय निर्वाचन, प्रदेश निर्वाचन र केन्द्र निर्वाचन)सम्म कांग्रेस पूर्ण रूपमा केन्द्रित हुनैपर्छ ।

ठूला वामशक्ति पुनःगठित भइरहेको परिवेशमा कांग्रेसलाई विघटन गरेर पुनःगठन गर्न जरुरी छैन ?

प्रजातन्त्रमा विश्वास राख्ने सबै पक्षलाई ल्याएर एउटा दल बनाउने भन्ने सुन्दा बडो सुन्दर लाग्छ । तर, त्यो अलि बढी जोखिमयुक्त हुन्छ । कांग्रेसले आफूलाई पुनःपरिभाषित र व्यवस्थित गर्न जरुरी छ । कांग्रेसको आजको आवश्यकता विस्तार होइन, व्यवस्थापन हो । व्यवस्थापनको कला आफूभित्र खोज्नु जरुरी छ । हाम्रो नेतृत्वमा भएका उपलब्धिलाई ब्रान्डिङ गर्न जरुरी छ ।

कांग्रेसले आफूलाई ‘ब्रान्डिङ’ गर्न नसकेकै हो कि जनताले रुचाउन छाडेका हुन् ?

भनिन्छ, विज्ञापन त्यो कला हो, जसले हिमालमा बस्ने मान्छेलाई पनि फ्रिज किन्नलाई प्रेरित गर्छ । कांग्रेसले चाहिँ मधेसमा पनि फ्रिज बेच्न सकेन । फ्रिज मात्रै होइन, मधेसमा पंखा पनि बेच्न नसक्ने अवस्थामा छ, कांग्रेस । आइसक्रिम पनि बेच्न नसक्ने अवस्थामा छ । तर, यो पराजयको क्षण मात्रै होइन, आधुनिक कांग्रेस प्रारम्भ गर्ने ऐतिहासिक अवसर पनि हो ।

पार्टी प्रवक्ताको नियुक्ति पाउनासाथ ‘युवा नेताहरूको कांग्रेस-जागृति अभियान’बाट तपाईंले हात झिकिदिनु भयो नि ?

होइन, त्यो बुझाइ गलत हो । कांग्रेस रूपान्तरणको दिशामा विश्वप्रकाश नलाग्ला ! विश्वप्रकाशचाहिँ कांग्रेसलाई ओरालो लाग्ने, परिवर्तन छेक्ने कुरामा लाग्छ कि भनेर यदि कसैले भन्छ भने त्यो मेरो राजनीतिक पृष्ठभूमि नबुझेको ठहरिन्छ । ♦



भास्कर गौतम

आलोचनात्मक नागरिक

लोकतान्त्रिक व्यवस्था स्थापनार्थ जनताले पटक-पटक लडे, त्याग गरे, बलिदानी पनि गरे। तर, नेपालको सार्वजनिक वृत्तमा स्वतन्त्रताबारे धेरै कम विमर्श भए। लामो समयसम्म एकथरीले स्वतन्त्रता मात्र बहुदलीय व्यवस्था हो भनेर बुझे। अरूलाई त्यसरी नै बुझाए। अर्काथरीले प्रेस स्वतन्त्रता भनेर बुझे। त्यसैले सञ्चार क्षेत्रले निर्बाध बोल्ने र लेख्ने कुरामा जोड दियो। केहीले यी दुवैलाई जोड्दै बहुदलीय व्यवस्थामा प्रेस स्वतन्त्रता भयो भने स्वतः स्वतन्त्र भइन्छ भने। भनिरहेका छन्।

हामीले भोगिरहेका छौँ, राजनीतिकर्मी, तिनका गुट-समूह अनि सञ्चारकर्मी र स्वार्थ-समूहले सोच्न र बोल्न पाउँदैमा स्वतन्त्रताले पूर्णता पाउँदैन। राजनीतिकर्मी र सञ्चारकर्मीको आधारभूत काम भनेको आफू र आफ्नो स्वार्थ-समूहको विचार र बोली रक्षा गर्नु मात्र होइन। सत्ताधारीहरूले आफ्नो एकाधिकार र अग्राधिकारको रक्षा गर्दै निरंकुशतालाई प्रश्रय दिने प्रवृत्तिको विरोधमा उनीहरूले काम गर्नुपर्छ। साथै, आफ्नो पेसा, दल, गुटभन्दा फराकिलो दायरामा प्रवेश गर्दै समाजमा बोली हराएका, बोल्न नसकेका र नबोल्न बाध्य बनाइएका व्यक्ति र समूहका बारेमा बोल्न सिक्नुपर्छ। अनि मात्र वर्चस्वशालीको स्वार्थ-सम्बन्ध र सीमित स्वतन्त्रताभन्दा बाहिर निस्कने आधार तयार हुन्छ।

समाजमा नबोल्न बाध्य बनाइएका, बोल्न नसकेका र बोली हराएका व्यक्ति एवं समुदायबारे आफूले मात्र बोल्दैमा स्वतन्त्रता हासिल हुने होइन। यसका लागि सबैभन्दा आधारभूत पक्ष सुसूचित र सशक्त नागरिक निर्माण गर्ने वातावरण बनाउनु हो। यस्तो वातावरण निर्माण गर्न गुणस्तरीय शिक्षा आधारस्तम्भ हुने गर्छ। गरिब एवं सीमान्तकृत समुदायको पक्षमा खुलेर काम गर्न सञ्चार जगत् मूल सारथि मानिन्छ। अनि, निःशस्त्र जनताको सक्षमतामा विश्वास गर्ने लोकतान्त्रिक प्रणाली मेरुदण्ड मानिन्छ। अर्को शब्दमा, जनतालाई निरीह रैतीबाट सशक्त नागरिक बनाउने यात्रा नै स्वतन्त्रतातर्फको यात्रा हो। बहुदलीय व्यवस्था र स्वतन्त्र सञ्चार यस यात्रामा अपरिहार्य साधन हुन्, आफैँमा साध्य होइनन्।

भनिन्छ, शिक्षित समाज सशक्तताको आधारस्तम्भ हो। यसको मतलव औपचारिक र अनौपचारिक शिक्षा स्वतन्त्रताका अविभाज्य अंग हुन्। यी दुवै क्षेत्रमा शिक्षाको स्तरोन्नतिदेखि गुणस्तरीय शिक्षामा आमूल परिवर्तनसम्म गर्नुपर्ने काम धेरै छ। धेरैले राम्रा काम गरिरहेका पनि छन्। तथापि, शैक्षिक प्रणाली गुणस्तरीय हुँदैमा सशक्त नागरिक निर्माण गर्ने यात्रा पूर्ण हुने होइन। स्वतन्त्रता कुनै खास किसिमको संस्थागत प्रबन्धले निर्दिष्ट गरेर मात्र प्राप्त हुने वस्तु होइन। स्वतन्त्रता मानव समाजको अभिन्न अंग भएकाले स्वतन्त्र वातावरणभित्र त्यस्ता संस्थाहरू बढी फस्टाउने हुन्। त्यसैले स्वतन्त्रताले प्रभावकारी यात्रा गरिरहन शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ। शिक्षाको महत्त्व लोकतान्त्रिक मूल्य-मान्यतालाई आत्मसात् गरिएको आलोचनात्मक सार्वजनिक वृत्त निर्माण गर्ने कार्यसँग जोडिनुपर्छ।

विचारलाई निषेध गर्ने, पृथक् विचार राख्नेप्रति असहिष्णुता प्रदर्शन गर्ने, भिन्न मतसँग खुलेर बहस गर्नेभन्दा भिन्न विचार राख्ने व्यक्तिको दुष्प्रचार गर्ने समाजले स्वतन्त्र र सशक्त नागरिक उत्पादन गर्न सक्दैन। केवल लठैत र दास उत्पादन गर्छ। बहुदलीय व्यवस्था र प्रेस स्वतन्त्रताका ढाँचाभित्र रमाएका हाम्रा स्वतन्त्रताप्रेमीहरू अचेल स्वतन्त्रताको रक्षामा होइन, दासत्वको उत्पादनमा रमाएको देखिन्छ। उनीहरू आफूले विचार गर्ने र बोल्न पाउने हकका साथै त्यसलाई प्रशंसा गर्ने निरीहहरूको झुन्डलाई नै स्वतन्त्रता हो भनिरहेका छन्। यस्ता दृष्टान्तको अचेल कमी छैन।

संवैधानिक कल्पनाको उदाहरण लिँदा बेस हुन्छ। केही समययता संविधानको आलोचना गर्नु अपराध हो, राष्ट्रद्रोह हो भनेर विचार र समाचार आइरहेका छन्। कतिपय अवस्थामा यस्ता समाचारको मूल ध्येय लक्षित व्यक्तिमाथि प्रहार गर्नु रहेको छ। षड्यन्त्र गरेर डर पैदा गर्ने ध्येयबाट लेखिने यस्ता समाचारमा धेरै समस्या छन्। यस्ता समाचार लेख्ने सञ्चारकर्मी सेल्फ-सेन्सरसिपमा विश्वास गर्छन्। भनिरहनु परेन, स्वतन्त्र समाज निर्माणमा यस्ता समाचार प्रत्युत्पादक हुन्छन्। यो पनि भनिरहनु परेन, स्वतन्त्रता र समानताको यात्रामा आत्मसेन्सरसिपमा विश्वास राख्ने सञ्चारकर्मीको आवश्यकता हुन्न। यस्ता सञ्चारकर्मी प्रेस स्वतन्त्रताका लागि समेत बाधक हुन्। समाजमा यिनीहरूको बोलबाला बढिरह्यो भने प्रेसले आफ्नो पेसा रक्षाको औचित्य सदैव प्रमाणित गरिरहनुपर्छ। त्यसैले मूलधारे सञ्चारकर्मीले दुषित नियतबाट प्रकाशित समाचारलाई निरुत्साहित गर्न जरुरी छ।

स्वतन्त्र विचार र स्वतन्त्र अभिव्यक्तिमाथिको प्रतिबन्ध निकृष्ट शोषण हो । विचार र बोलीमा प्रतिबन्ध लगाएपछि कुनै पनि शासन-सत्ताले उत्पादन गर्ने भनेको दासत्व र गुलामी हो । ०४७ को संविधानपछि सार्वजनिक वृत्तमा एउटा युग आयो, जहाँ विश्वको उत्कृष्ट संविधान भएकाले एउटा 'कमा पनि फेर्न आवश्यक छैन' भन्न थालियो । यस्तो महावाणी सुन्दा लाग्थ्यो मानौँ, देवलोकबाट आएका कुनै देव विश्वको उत्कृष्ट संविधान रचेर पुनः देवलोक फर्केकाले अब भक्तजनले इच्छा व्यक्त गर्दैमा न देवको दर्शन हुनेछ, न त संविधानमा कुनै संशोधन गर्न सकिनेछ । त्यसपछि ०६३ पछिको युग आयो । शान्ति प्रक्रियाको अवधिमा नेपालले यस्तो उत्कृष्ट बृहत् शान्ति सम्झौता बनायो कि त्यसका बारेमा आलोचनात्मक विचार राखे शान्ति प्रक्रिया खलबलिने भयो । बोल्न त पाइन्थ्यो तर नेपाली मोडलको शान्ति प्रक्रियाको पक्षमा मात्र । भनौँ, माओवादी र मधेसी शक्तिहरूको विपक्षमा पनि । किनभने, ती शक्तिहरूको शान्तिप्रतिको प्रतिबद्धतामा शंका गरिन्थ्यो ।

नेपाल अहिले ०७२ को संविधानको आलोचना गरे पञ्चायती शैलीमा अराष्ट्रिय तत्त्व भइने युगमा प्रवेश गरेको छ । हुनलाई पहिलेजस्तो अलौकिक जगत्बाट कुनै देव प्रकट भएर यो संविधान रचिएको विश्वास अचेल गरिएको पाइँदैन । विद्यमान संविधानमा केही समस्या छन् भनेर स्वीकारिएको पनि छ । तर, यस्तो लाग्छ, ती समस्याबारे खुलेर बोल्ने अधिकार केवल सत्ताधारीहरूलाई मात्र छ । अरू कसैले बोले राष्ट्रियतामाथि खतरा हुनेछ । समाजको सद्भाव बिथोलिनेछ । यस्तो भनिरहँदा नेपाली समाजको ठूलो तप्कालाई दासत्व र गुलामी स्वीकार्य छैन भन्ने कुरा सत्ताधारीले बिर्सने गर्छन् । सर्वसाधारण आफ्नो जीवन र जगत्मा आफैँबाट शासित हुन चाहन्छन् भन्ने पक्षलाई नजरअन्दाज गर्छन् । साथै, संविधान यही शासन पद्धतिलाई उन्नत र व्यवस्थित बनाउने प्रक्रियामा लेखिने दस्तावेज मात्र हो, जसका सीमा छन् भन्ने सत्यलाई इन्कार गर्छन् ।

संवैधानिक काल्पनिकीमा समेत एउटै धाराको दुई वा दुईभन्दा बढी व्याख्या सम्भव छ । कानुनी परिकल्पनामा संविधानमा लेखिएका धाराहरू आफैँ बोल्दैनन् । कानुनी व्याख्याताले ती धारा-उपधारालाई अर्थ प्रदान गर्छन् । खास-खास किसिमको कानुनी संरचना र अभ्यास अनुसार एउटै प्रावधानले नयाँ भावार्थ पाउँछन् । संविधानविद्हरूले समेत संविधानमा लिपिबद्ध गरिएका प्रावधानलाई एकै किसिमले बुझेका हुँदैनन् । त्यसैले विधि र प्रक्रियाभित्र संविधान सदैव विवादित हुन्छ । अझ कानुनकर्मीहरू यही लोकका सामाजिक प्राणी भएकाले खास किसिमको स्वार्थ-सम्बन्ध र सामाजिक स्वार्थको प्रवर्द्धन गर्छन् । त्यसैले धेरै अवस्थामा उनीहरूको संवैधानिक ज्ञान र व्याख्याले खास किसिमको शक्ति-सम्बन्धलाई प्रश्रय दिन्छ ।

कानुनी परिकल्पना र विधि-विधानमा समेत संविधान आफैँ बोल्दैन । कानुनको सहयोगमा बोल्छ । कानुनको सहयोगमा बोल्दा कतिपय अवस्थामा एउटै धाराले उही कुरा भन्दैन । संविधान अनुसार गरिने यस्तो न्याय सम्पादनमा समेत संविधानमाथिको विमर्श एक उच्च अभ्यास हो । यस्तो अभ्यासले संविधान जीवन्त रहन्छ । तर, संविधानलाई जीवन्त राख्ने काम कानुनी जगत्भित्र मात्र हुने होइन ।

नयाँ राज्य व्यवस्थामा नागरिकको भूमिका कस्तो हुने, राज्यले कस्तो किसिमको नागरिक उत्पादन गर्ने सवालबिना संविधानको चर्चा पूर्ण हुन्न । कस्तो किसिमको शिक्षित नागरिक बनाउने ? उनीहरूले कस्तो लोकतान्त्रिक संस्कार र मूल्य-मान्यता प्रवर्द्धन गर्ने ? यी प्रश्नहरूको खुलेर बहस गर्ने, विविध उन्नत विचारलाई व्यवहारमा ल्याउने कार्यले संविधानलाई जीवन्त बनाउँछ । त्यसैले विचार र बोलीको स्वतन्त्रतामा विश्वास गर्नेले बौद्धिक स्वतन्त्रतामा विश्वास गर्छ । बौद्धिक स्वतन्त्रता अनेक किसिमका हुन्छ भनेर आमसात् गर्छ । नागरिक सुसूचित भए उनीहरूले आफू र आफ्नो परिवेशलाई स्वशासित गर्ने अधिकारको प्रवर्द्धन गर्छन् भन्ने मान्यतालाई प्रवर्द्धन गर्छ । यही भएर नेपाली समाजको एउटा सानो र सशक्त तप्काले केन्द्रीकृत शासन प्रणालीको विरोध गर्दै स्थानीय लोकतन्त्रलाई सशक्त बनाउन खोजेको हो ।

लोकतान्त्रिक शासन पद्धतिलाई स्थानीय तबरमा सशक्त बनाउने यात्रा नेपालमा भर्खर प्रारम्भ भएको छ । त्यसैले यसलाई आगामी वर्षहरूमा सफल बनाउन गर्नुपर्ने काम धेरै छन् । यस क्रममा यदि विद्यमान संविधान बाधक हुन्छ भने आजको मितिमा संविधानको जति आलोचना भइरहेको छ, भोलि त्यसभन्दा धेरै आलोचना हुने सम्भावना छ । यदि संविधानको प्रशंसा र आलोचनामा मात्र नअलमलिने हो भने नेपाली समाजमा नागरिकलाई के-कसरी सबल र सशक्त बनाउन सकिन्छ, कसरी सार्वजनिक वृत्तलाई खुला र रचनात्मक बनाउन सकिन्छ भनेर विचार गर्न र बोल्न जरुरी छ ।

> **बहुदलीय व्यवस्था र प्रेस स्वतन्त्रताका ढाँचाभित्र रमाएका हाम्रा स्वतन्त्राताप्रेमीहरू अचेल स्वतन्त्रताको रक्षामा होइन, दासत्वको उत्पादनमा रमाएको देखिन्छ ।**

भनिन्छ, सशक्त नागरिकले मात्र निरंकुश सरकारको खुलेर प्रतिवाद गर्न सक्छ । कुनै पनि समाजमा आधारभूत सत्यलाई जोगाउन नागरिकको विचार र बोलीलाई निर्वाध राखिनुपर्छ । सत्यले विजय हासिल गर्न नागरिकले सही र गलत विचारबारे खुलेर परीक्षण वा छलफल गर्न पाउनुपर्छ । त्यसपछि मात्र गलत विचार आफैँ किनारा लाग्नेछन् । यसका लागि सरकारले कुनै पनि किसिमको विचारमाथि प्रतिबन्ध लगाउन सुहाउँदैन । विचारमाथि खुलेर विमर्श गर्न कुनै पनि देश र समाजमा शिक्षित र आलोचनात्मक नागरिकको आवश्यकता पर्छ । समाज पूर्णरूपमा शिक्षित र आलोचनात्मक भए मात्र स्वतन्त्रता र लोकतन्त्र फस्टाउने हो ।

अहिले के भनिँदै छ भने जनताले संविधान बुझेका छैनन् । जनताको काम संविधान पढ्ने र बुझ्ने होइन । उनीहरूको आवश्यकतालाई संविधानले सम्बोधन गर्न सक्नुपर्छ । उनीहरूको चाहना संविधानमा समाहित गरिनुपर्छ । त्यसपछि संविधानको गुणलाई सबै तह र तप्कामा पुऱ्याउने, त्यसलाई बुझाउने काम शासक वर्गको हो । शासकीय संरचना र त्यसका संवाहकहरूको हो । तर, पछिल्लो संविधान जारी गर्दा यस्तो आधारभूत कार्य गर्नबाट वर्चस्वशाली वर्ग असफल रहे । केवल बहुमतको नाम र हिंसाको सहारामा आफ्नो असफलतालाई ढाकछोप गर्ने प्रयास गरे । यसबाट निस्किँदै स्वतन्त्रतालाई समाजको विभिन्न तह-तप्कामा समान रूपमा हुर्काउने रचनात्मक पहल नै आजको आवश्यकता हो । ◆

बालबालिका 'सप्लाइ' बाजुरादेखि काठमाडौँसम्म

आफ्ना वडाका बालबालिका कहाँ–कहाँ घरेलु श्रमिकका रूपमा काम गर्छन् भनेर बाजुराको गौमूल गाउँपालिकाका दुई जना वडा अध्यक्षले थालेको विवरण संकलनको परिणाम

■ निमेन्द्र शाही

स्थानीय तह चुनाव, ०७४ असारमा बाजुराको गौमूल गाउँपालिकामा एउटा फरक विषय पनि बहसमा थियो । गाउँपालिकाका थुप्रै बालबालिकालाई सुदूरपश्चिमका विभिन्न जिल्ला र केहीलाई काठमाडौं ल्याएर घरेलु नोकर बनाइएको विषय चुनावमा उठेको थियो । चुनावपछि वडा ४ र ५ का अध्यक्षसहित प्रमुख, उप-प्रमुखले गाउँपालिकाका बालबालिका कहाँ-कहाँ छन् भनेर खोजीनीति गरे ।

वडा ४ र ५ का अध्यक्षहरूले तत्कालै आ-आफ्ना वडाको विवरण संकलन गरेर गाउँपालिकामा बुझाए, अरूले बुझाउने क्रम जारी छ । ०७४ मंसिरसम्मको विवरण संकलन गरेर 'गौमूल गाउँपालिकाबाट घरेलु कामदारका रूपमा जिल्लाबाहिर गएका बालबालिकाको विवरण' तयार भएको छ । त्यस प्रतिवेदनले बालबालिकाको नाम, उमेर, ठेगाना, लगिएको घर, घरमूलीको नाम, ठेगाना र लैजान सहयोग गर्ने बिचौलियाको नामसमेत खुलासा गरेको छ ।

१० वर्षीया सीमा रोकाया यस्तै घरेलु श्रमिकमध्येकी एक हुन् । उनलाई बिचौलियाले काठमाडौं ल्याइपुर्‍याएका छन् । नेपाल प्रहरीका पूर्वएसपी रामकुमार थापाको बाँसबारीस्थित घरमा घरेलु कामदार रहेकी गौमूल गाउँपालिका-४ की सीमासँग गरिएको टेलिफोन कुराकानी :

सीमा : हेलो

पत्रकार : सीमा

सीमा : हजुर

पत्रकार : चिन्यौ, मलाई ?

सीमा : हजुर को बोल्नुभा ?

●●●

सीमा : दादा दर्शन, सञ्चै होइसिन्छ ?

पत्रकार : सञ्चै, सञ्चै छौ तिमी ?

सीमा : म पनि सञ्चै छु

पत्रकार : के गर्दै छौ त ?

सीमा : यसै बसि'रा

●●●

पत्रकार : तिमी कुन स्कुल पढ्छौ ?

सीमा : बाँसबारी माध्यमिक विद्यालय

पत्रकार : अहिले तिमी कतिमा पढ्ने रे ?

सीमा : ४ कक्षामा

●●●

पत्रकार : अनि तिमीले कुन-कुन काम गर्छ्यौ घरमा ?

सीमा : लुगा पट्याउने, मिलाउने, गमलामा पानी हाल्ने

पत्रकार : तिमी कसरी आएको हो यहाँ ?

सीमा : मामाले (ल्याइदिनुभएको)

●●●

पत्रकार : एउटा कुरा सोध्छु, नढाँटी भन है ?

सीमा : हस्, हुन्छ

पत्रकार : कहिलेकाहीँ घरका मान्छेले गाली गर्नुहुन्छ कि हुन्न ?

सीमा : कहिलेकाहीँ गर्नुहुन्छ, काम गर्ने गर, नभूल भनेर । कहिलेकाहीँ नसक्ने काम पनि गर्दिन्छु ।

पत्रकार : कुन-कुन काम गर्छौ, फेरि भन त ?

सीमा : म कौसी/छत सफा गर्छु, बिरुवामा पानी हाल्छु, किचनमा कुचो लगाइदिन्छु, रातीको भाँडा माझ्छु, घरमा कुचो लगाइएर पुछिदिन्छु, ब्रस

गौमूल-५, मानाकोटका आमाहरू, जसमध्ये धेरैका छोराछोरी राजधानीलगायतका सहरमा घरेलु श्रमिक छन्

लगाइदिन्छु, कुसन मिलाउँछु, सोफा मिलाउँछु लुगा पट्याइदिन्छु, उठाइदिन्छु ।

•••

०७२ वैशाखमा आठ वर्षकी सीमालाई उनकै मामा गौमूल-४ का भरत धामीले 'राम्रो ठाउँमा लगेर पढाइदिने' भन्दै काठमाडौँ ल्याएका थिए । त्यसबेला भरतले सीमाकी दिदी १२ वर्षीया कमलालाई पनि सँगै काठमाडौँ लिएर आएका थिए । काठमाडौँ ल्याएर भरतले सीमा र कमलालाई यामाहाका व्यवस्थापक किरण गौतमको धोबीचौरस्थित घरमा लगेर छाडिदिए । सीमा र कमला त्यस दिनदेखि किरणको घरमा घरेलु कामदार भए । पछि किरणले सीमालाई बहिनीज्वाइँ रामकुमार थापाको बाँसबारीस्थित घर पठाइदिए । "अहिले दिदी धोबीचौर, म बाँसबारीमा छु," सीमाले भनिन्, "दिदी र म दुवैले उस्तै-उस्तै काम गर्ने हो ।"

भरतले पढाइदिने भन्दै लगेको दिनदेखि छोरीहरू कसको घरमा छन् भन्ने अभिभावकलाई समेत जानकारी छैन । बाबु भक्त रोकाया भन्छन्, "म काम गर्न भारत गएका बेला छोरीहरू लगेछन्, बेला-बेला फोनमा कुरा हुन्छ । उनीहरू कस्तो अवस्थामा छन्, मलाई थाहा छैन ।"

आफ्नो गाउँ-ठाउँका कलिला बालबालिकालाई घरेलु कामदारका रूपमा 'सप्लाइ' गर्ने भरत अहिले कतार पुगेका छन् । उनले गौमूल-४ कै १२ वर्षीया शर्मिला धामी र कविता धामीलाई पनि हुने-खानेको घरमा राखेर पढाइदिने भन्दै नेपालगन्ज पठाएका छन् ।

आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिकालाई सहरका राम्रा स्कुलमा पढाइदिने आश्वासन दिएर घरेलु कामदार बनाउने भरतजस्ता थुप्रै व्यक्ति बाजुरामा अहिले पनि सक्रिय छन् । गाउँपालिकाको विवरण अनुसार विपन्न अभिभावकलाई प्रलोभनमा पारेर बालबालिकालाई घरेलु कामदारका रूपमा सप्लाइ गर्नेमा धेरैजसो शिक्षक र व्यापारी पनि छन्, यिनीहरूले सहरका 'हुनेखाने'लाई बालबालिका मिलाइदिएर अपराध कर्म गरेका छन् ।

सामाजिक प्रभाव हुने शिक्षक र व्यापारीबाहेक परिवारलाई सहमत गराएर कुरा मिलाउने बिचौलियामा बालबालिकाकै नातेदार पनि छन् । घरेलु नोकरको खोजीमा रहेका व्यक्तिलाई भनेजस्तो बालबालिका उपलब्ध गराएमा 'लाभ' लिन सकिने आशमा बिचौलियाले यस्तो काम गर्छन् । आर्थिक अवस्था नाजुक भएका स्थानीयले त्यस्ता बिचौलियाको विश्वासमा सन्तान सहर पठाउन राजी हुन्छन् । अनि, ती कलिला बालबालिकाको श्रम शोषण सुरु हुन्छ ।

गाउँका बालबालिकालाई राम्रो स्कुलमा पढाइदिने आश देखाएर साहूसँग 'सेटिङ' मिलाउनेमध्येका एक हुन्, गौमूल-४ का रमानन्द जोशी । उनी कृतिचौर माविका पूर्वप्रधानाध्यापक पनि हुन् । गाउँमा बुद्धिजीवी भनेर चिनिने 'रमानन्द गुरु'ले गौमूल-४ का पाँच बालबालिकालाई विभिन्न व्यक्तिका घरमा पुऱ्याउन सहयोग गरेका छन् । संकलित विवरणमा उनको नाम छ । गौमूल-५ का वडा अध्यक्ष वीरेन्द्र रोकायाले हाकाहाकी भने, "बालबालिका बेच्नेमा रमानन्द गुरु अगाडि देखिए ।"

गाउँपालिकाको विवरण हेर्दा रमानन्दले कञ्चनपुर र कैलालीमा धेरै बालबालिका 'सप्लाइ' गरेको देखिन्छ । उनले पठाइदिएका बालबालिका प्रायःजसो शिक्षकका घरमा काम गर्छन् । रमानन्दले अत्तरियाका दुर्गा भवानी माविका शिक्षक रेश्मी शाह, कञ्चनपुरको महेन्द्रनगर माविका शिक्षक चन्द्रकला पन्त, कञ्चनपुरकै शान्ति निकेतन माविका शिक्षक पुष्कल भट्टकहाँ एक-एक बालक पठाइदिएको अभिलेखले देखाउँछ ।

बाजुरा बूढीगंगा नगरपालिका, बड्‌यालीस्थित शारदा निमाविका शिक्षक गणेश शाह, गौमूलस्थित दुर्गाली प्राविका शिक्षक बलराम जोशी, गौमूलकै मानाकोट माविका शिक्षक भीमबहादुर रोकाया, कैलालीको धनगढीस्थित शारदा माविकी शिक्षक शान्ति सिंहले पनि बालबालिका मिलाइदिने काम गरेको गाउँपालिकाको विवरणमा उल्लेख छ । जस्तो कि, गणेशले पठाइदिएका बालक उमेश धामी दाङको सरस्वती माविका शिक्षक वसुन्ता हमालकहाँ काम गर्छन् ।

गौमूल गाउँपालिका-५ का केशव रोकाया गाउँमा 'बुद्धिजीवी' भनेर चिनिन्छन् । उनले पनि गौमूलका पाँच बालबालिकालाई घरेलु कामदारका लागि अन्यत्र पठाइदिएका छन् । उनले पठाएका बालबालिका अहिले काठमाडौँ, बाँके, पोखरालगायतका ठाउँमा घरेलु कामदार रहेको गाउँपालिकाको विवरणमा उल्लेख छ ।

यस क्षेत्रमा बालबालिकालाई घरेलु कामदारका रूपमा लैजाने पुरानै चलन हो । किनभने, अहिले बालबालिका सप्लायरका नामले चिनिने गौमूल-५ का भविन्द्र रोकाया केही वर्ष पहिलेसम्म आफैं घरेलु कामदार थिए । दुई वर्षअघि उनी भक्तपुरका एक शिक्षक रुद्र खड्काको घरमा काम गर्थे । भविन्द्रलाई नेपाली सेनाका पूर्वजवान ज्ञानबहादुर रोकायाले खड्काकहाँ पठाएका थिए । अहिले उनै भविन्द्रले चितवन, भक्तपुर, पोखरा र काठमाडौँमा चार बालबालिका पठाएको गाउँपालिकाको विवरणमा देखिएको छ । भविन्द्रले चितवनका पूर्व जिल्ला शिक्षा अधिकारी श्यामजी अतिथिलाई पनि एक बालक पठाइदिएका छन् । भविन्द्रले नै गौमूल-५ का दलबहादुर रोकाया र बुदी रोकायाका १३ वर्षीय छोरा महेशलाई दुई वर्ष अगाडि श्यामजीकहाँ काम गर्न पठाएका थिए ।

गाउँपालिकाको विवरण अनुसार गौमूलका व्यापारीत्रय पुने धामी, अर्जुन धामी र पूर्ण धामी पनि बालबालिका सप्लाइ गर्नेमा पर्छन् । अर्जुन धामीले कैलालीका पूर्व जिल्ला शिक्षा अधिकारी नन्दराज पन्थको घरमा काम गर्न गौमूलबाट शिव धामीलाई पठाइदिएका छन् । धामी अहिले पनि पन्थको घरमा घरायसी काम गर्छन् ।

यसबारे बुझ्न पूर्व जिशिअ पन्थलाई फोन गर्दा उनी सम्पर्कमा आएनन् । नन्दराजकी बुहारीले फोनमा भनिन्, "शिवले बालबच्चा हेर्ने काम गर्छ ।" शिवबारे थप प्रश्न गर्न थालेपछि नन्दराजका छोरा गजेन्द्रले फोन खोसेर भने, "तपाईं को हो, किन चाहियो ? मैले मेरो नाताका आधारमा उसलाई ल्याएको हुँ, उसको परिवार अप्ठ्यारोमा परेकाले सहयोग गरेको हो ।"

गाउँपालिकाले तयार पारेको विवरण अनुसार धनगढीकी व्यापारी दुर्गा सिंह, नेपाली सेनाका भूतपूर्व जवान तथा मानाकोटका स्थानीय ज्ञानेन्द्र रोकाया पनि बालबच्चा साहूकोमा पठाउने बिचौलिया हुन् । यतिसम्म कि गौमूल गाउँपालिकाका कार्यालय सहयोगी रामबहादुर रोकाया पनि यो काममा संलग्न भएको गाउँपालिकाको विवरणबाट देखिन्छ ।

यसबाहेक राष्ट्रिय वाणिज्य बैंक, बाजुरा शाखाका सुरक्षा गार्ड प्रेमराज जोशी, स्थानीय खडक रोकाया, सौरे रोकाया, शंकर रोकाया, राम रोकाया, दिनेश रोकाया, सविना रोकायाले पनि बालबच्चा पठाउन सहयोगीको भूमिका निर्वाह गरेको विवरणबाट देखिन्छ । हुँदाहुँदा छिमेकी

तस्बिरहरू : निमेष शाही

गौमूल-५ स्थित मानाकोट गाउँ

जिल्ला बझाङका अरुण सिंह पनि यो कार्यमा संलग्न रहेको देखाउँछ विवरणले ।

गाउँका गरिब परिवारका बालबालिकालाई प्रलोभनमा पारेर काम गर्न पठाउने अर्का व्यक्ति हुन्, बलराम जोशी । उनी गौमूल गाउँपालिकाको दुर्गाली प्राविका शिक्षक हुन् । उनले मानाकोटका टंकप्रसाद जोशीका छोरा युवराजलाई भूतपूर्व सैनिक सुरनसिंह बोगटीको ललितपुरस्थित घरमा घरेलु कामदारका रूपमा पठाएका छन् । बलराम टंकप्रसादका नातेदारसमेत हुन् ।

बालश्रम ऐन, २०५६ ले १४ वर्ष उमेर पुरा नगरेका बालबालिकालाई काममा लगाउन रोक लगाएको छ । ऐनको दफा ४ मा 'कसैले पनि बालकलाई ललाइ-फकाइ झुक्याएर वा प्रलोभनमा पारेर वा डर, त्रास वा दबाबमा पारी वा अन्य कुनै तरिकाले काममा लगाउनु हुँदैन' भन्ने उल्लेख छ । यदि यसो गरेमा 'निजलाई एक वर्षसम्म कैद वा ५० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुने' उल्लेख छ ।

कैलाली धनगढीस्थित शारदा माविकी शिक्षक शान्ति सिंहले बाजुरा गौमूलका सरोज धामीलाई आफ्नो घरमा राखेकी छन् । उनलाई घरेलु श्रमिकका रूपमा राखेको स्वीकार गर्दै सिंहले भनिन्, "घरमा सहयोग गर्ने मान्छे नभएकाले ल्याएकी हुँ ।"

लामो समय गुपचुप रहेको गौमूलको यो घटना केही महिनादेखि मात्रै बाहिर आउन थालेको हो । २४ असोज ०७४ मा राष्ट्रिय मानव अधिकार आयोगले गाउँपालिकालाई पत्र लेख्दै बाजुराबाट 'बालबालिकालाई राम्रो विद्यालयमा पढाइदिने र राम्रो काममा लगाइदिने भन्ने सपना देखाएर जिल्ला बाहिर लगी घरेलु मजदुरका रूपमा काम लगाउने प्रवृत्ति बढ्दै गएको'मा ध्यानाकर्षण भएको जनाएको थियो । बाजुरास्थित महिला तथा बालबालिका कार्यालयले ७ पुस ०७४ मा 'घरेलु कामदारका लागि जिल्ला बाहिर पठाएका बालबालिकालाई यथाशीघ्र फिर्ता ल्याउन' गाउँपालिका र अभिभावकलाई पत्र लेखेको थियो ।

०७४ पुसयता गौमूल गाउँपालिकाका दुइटा वडाका नौ बालबालिका घर आएका छन् । अहिलेसम्मको सार्वजनिक विवरण अनुसार यो गाउँपालिकाका दुइटा वडाका मात्रै ४३ जना बालबालिका अझै पनि राजधानीलगायत विभिन्न जिल्लामा घरेलु कामदार छन् । गाउँपालिकाका अनुसार वडा नम्बर-४ बाट २३ र वडा नम्बर-५ बाट २० जना अहिले पनि घरेलु श्रमिक छन् । गौमूलको गाउँ बाल संरक्षण समितिको विवरण अनुसार कामदार बनाइएका सबै बालबालिका १८ वर्षभन्दा कम उमेरका छन् ।

अहिले गाउँ बाल संरक्षण समितिले गौमूलको मानाकोट गाउँलाई बाल श्रममुक्त घोषणा गर्ने तयारी गरिरहेको छ । घोषणा गर्नुपूर्व सबै बालबालिकालाई गाउँ फर्काइने गौमूल गाउँपालिकाका अध्यक्ष हरिबहादुर रोकायाले बताए । बालबालिकामाथि श्रम शोषण गर्नेलाई तत्काल कानुनी दायरामा ल्याइने दाबी गरे । "कानुन विपरीत लगिएका बालबालिका तत्कालै फर्काउन प्रयास भइरहेको छ," रोकायाले भने, "०७५ वैशाखसम्म सबैलाई फिर्ता ल्याउँछौँ ।"

पश्चिम नेपालका कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, दाङलगायतका जिल्लामा १३ असार ०७० सम्म कमलरी प्रथा प्रचलनमा थियो । त्यहाँका जमिनदारले थारू समुदायका बालबालिकालाई कमलरी बनाएर राख्ने गर्थे । सरकारले ती जिल्लालाई 'कमलरीमुक्त' घोषणा गरेपछि अहिले पहाडी भेगबाट बालबालिका ल्याएर घरेलु कामदार बनाउन थालिएको छ । गौमूल गाउँपालिका-५ का वडा अध्यक्ष वीरेन्द्र रोकायाले भने, "कमलरी प्रथा हटेपछि दुर्गम भेगका बालबालिकालाई घरेलु श्रमिक बनाउन थालिएको छ ।"

बाल कल्याण समिति बाजुराका संयोजक तथा प्रजिअ लुकबहादुर क्षत्रीले बालबालिका लगिएको बारे जानकारी नभएको बताए । क्षत्रीले भने, "यसरी प्रक्रिया पूरा नगरी लगिएका बालबालिका शोषणमा पर्ने गर्छन् भने खोज्न पनि कठिन हुने गर्छ । पढाउने आशा देखाएर अर्कै काममा लगाइएको भए मानव बेचबिखनमा मुद्दा चलाउनुपर्छ ।"

गौमूल-४ का वडा अध्यक्ष गणेशबहादुर रोकायाले अब बालबालिकालाई घरेलु कामदारका लागि लैजान नदिइने बताए । "अहिलेसम्म जे भयो भयो," उनले भने, "अब अर्को आर्थिक वर्षदेखि यस्तो हुन दिन्नौँ, सबैलाई घर फर्काउँछौँ ।" ◆

(खोज पत्रकारिता केन्द्र)

'कहिलेकाहीं स्कुल पठाउँथे'

बाजुरा गौमूल-४, मानाकोटकी धनी बुढाका १४ वर्षीय छोरा मुकेशलाई ०७१ मा एक सैन्य अधिकारीले लिएर गए । ललितपुर स्थायी घर भएका ती सैन्य अधिकारीले राजधानीमा राम्रो स्कुलमा पढाइदिने भनेर मुकेशलाई लगेका थिए । तर, उनले मुकेशलाई नियमित स्कुल पठाएनन् ।

"भर्ना त भएको थिएँ तर कहिलेकाहीं मात्र स्कुल पठाउँथे," मुकेशले भने, "सधैं घरको काम गरेर बस्नुपर्थ्यो ।" ती सैनिक अधिकारीको घरमा काम गर्न नसकेर मुकेश ०७३ को दसैंमा 'सामान किन्न जान्छु' भनी भागेर घर पुगे । "राम्रो पढ्ला भनेर पठाएँ," मुकेशकी आमा धनी बुढाले भनिन्, "पढ्न पाएन, दुःख मात्र पाएछ ।" मुकेशले आफूलाई लिएर जाने सैनिक अधिकारीको नाम भने बताउन सकेनन् ।

गौमूलकै १६ वर्षीया सरिता जोशीलाई चार वर्षअगाडि उनका सानोबाबु बलराम जोशीले सहरमा राम्रो पढाइदिने भनेर गाउँबाट लगे । सरिताकी आमाले पनि छोरीलाई रोकिनन्, किनभने उनलाई लागेको थियो, सहरमा छोरीले राम्रो पढ्न पाउली, भविष्य राम्रो होला । तर, बलरामले सरितालाई बुटवलका शिक्षक कमल खनालकहाँ लगेर छाडिदिए । कमल बलरामका मिल्ने साथी थिए ।

जब सरिता कमलको घर पुगिन्, उनको नारकीय जीवन सुरु भयो । पढ्न पाइनन्, बस्तुभाउ हेर्ने र घाँसपात काट्ने काम गर्नुपर्‍यो । अत्याचार खप्न नसकेपछि सरिता ०७२ वैशाखमा भागेर घर फर्किन् । बलरामले पनि हामीसँग गल्ती स्वीकार गरे । उनले भने, "साथीले भनेपछि लगिदिएको थिएँ, उनीमाथि नराम्रो व्यवहार गरेछ ।" सरिताकी आमा कमला जोशीले भनिन्, "छोरीले अत्याचार सहनुपर्‍यो तर बोलिदिने कोही भएन ।" सरिता अहिले वैदेशिक रोजगारीका लागि यूएई गएकी छन् ।

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
मजबुत निर्माणको अभिभारा
राईनो फलामे डण्डीको साथमा
GUARANTEE
GUARANTEE
GUARANTEE
IS : 1786
NS:191
CM/L 4049454
Fe 500/Fe 500D
RHINO 500D 12
RHINO Fe 500D
GUARANTEED DUCTILITY
नेपालमा पहिलो पटक, नेपालकै लागि
Lowest Carbon
Less Impurities (S+P= 0.075)
Min. Elongation 16 %

जल-रेलमा त्रिदेशीय रस

यातायात पूर्वाधार हाम्रो, रणनीति छिमेकीको

माधव बस्नेत

'अब सगरमाथाको देशको पहुँच समुद्रसम्म पुगेको छ । नेपाल भूपरिवेष्टित देश रहेन ।'

प्रधानमन्त्री केपी ओलीलाई साक्षी राखेर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले २४ चैतमा नयाँदिल्लीस्थित हैदरावाद हाउसमा दिएको यो अभिव्यक्ति व्यवहारमै उत्रने हो वा कूटनीतिक लबजमा मात्र सीमित रहने हो ? परीक्षित हुन बाँकी नै छ। किनभने, भारतले नेपाललाई जुन-जुन सहयोग गर्छु भनेर यसअघि काठमाडौंको संसद्देखि नयाँदिल्लीबाट समेत घोषणा गरेको थियो, तीमध्ये कुनै पनि कार्यान्वयनको तहमा आएका छैनन् । माघ ०५२ मा सम्झौता भएको पञ्चेश्वर परियोजना कागजमै सीमित छ। भारतले हुलाकी मार्ग बनाइदिने आश्वासन दिएको त झन् वर्षौं बितिसक्यो ।

पुराना थुप्रै आश्वासन कार्यान्वयनको तहमा नआउँदै प्रधानमन्त्री ओलीले २३-२५ चैतमा गरेको भारत भ्रमणमा रक्सौलदेखि काठमाडौंसम्म विद्युतीय रेलमार्ग निर्माण गर्नेदेखि नेपाललाई समुद्रसँग जोड्नेसम्मका सम्झौता भएका छन्। सुखद पक्ष के भने नयाँ वर्ष ०७५ टेक्दै गर्दा भारतसँग यी महत्त्वपूर्ण सम्झौता भएका हुन्। चीन पनि केरुङबाट काठमाडौंसम्म रेल मार्ग जोड्न इच्छुक छ। दुवै छिमेकीले गरेका वाचा र इच्छा भटाभट कार्यान्वयनको तहमा गए भने भर्खरै सुरु भएको नयाँ वर्षको अन्त्यसम्म रेलमार्ग निर्माण कार्य अघि बढिसक्नेछ ।

रेलमार्ग र जलमार्गको सम्झौताकै परिणाम-प्रधानमन्त्री ओलीको भारत भ्रमण चासोको केन्द्रमा छ । रेलमार्ग र जलमार्गको सम्भावना छ कि छैन ? किन चाहियो ? बहस सतहमा छरिँदै छ । नेपाली इतिहासमै सायद रेल र जलमार्गको यति धेरै बहस पहिलोपटक भएको हुनुपर्छ। प्रधानमन्त्री ओलीमा पनि मुलुकभित्र रेल गुडाउने र समुद्रमा पानीजहाज चलाउने ठूलो हुटहुटी देखिन्छ। त्यसका लागि प्रयासहरू कति भएका छन् ? अहिलेसम्म खासै तथ्य सार्वजनिक भएका छैनन् । तर पनि नेपालमा रेलमार्गको सम्भाव्यता अध्ययन भने भएका छन् ।

खासगरी चीनले केरुङ-रसुवागढी-काठमाडौं र काठमाडौं-पोखरा-लुम्बिनी रेलमार्ग बनाइदिने आकर्षक प्रस्ताव राखेपछि नेपालमा रेलमार्गको सम्भाव्यता अध्ययनलाई अघि बढाइएको थियो। त्यो अध्ययन अहिले डीपीआर (विस्तृत आयोजना प्रतिवेदन)को तहमा पुगिसकेको छ । सायद चीनको यही सक्रियता बुझेपछि नै ओलीले भर्खरै गरेको भ्रमणको मौका छोपेर भारतले

भारतको सहयोगमा निर्माणाधीन रेलमार्ग

- जलपाइगुडी-काँकडभिट्टा
  ७० किमि
- जयनगर-जनकपुर-बर्दिवास
  ६९ किमि (काम भइरहेको)
- जोगवनी-विराटनगर
  १८ किमि (काम भइरहेको)
- नौतनवा-भैरहवा
  १५.३० किमि
- रूपैडिया-नेपालगन्ज
  १२.१० किमि
- रक्सौल-वीरगन्ज
  ५ किमि
- वीरगन्ज-काठमाडौं
  १३० किमि



साकसी

चीनको सहयोगमा प्रस्तावित रेलमार्ग

- केरूङ-रसुवागढी-काठमाडौं ७२ किमि
- काठमाडौं-पोखरा १८७ किमि
- पोखरा-लुम्बिनी ३०३ किमि

नेपाल सरकारको पहलमा काम अघि बढाइएको रेलमार्ग

- काठमाडौं मेट्रो
- बूढानीलकण्ठ-रत्नपार्क-सातदोबाटो-गोदावरी
- थानकोट-कलंकी-नयाँ बानेश्वर-कोटेश्वर-जगाती
- रिङरोड
- स्वयम्भू-डिल्लीबजार-बौद्ध
- धोबीघाट-सिंहदरबार-नक्साल-गोंगबु

कुल : १२० किमि

पूर्व काँकडभिट्टा पश्चिम गड्डाचौकी

कुल : ९४५ किमि

पनि रक्सौल-काठमाडौं रेलमार्ग बनाइदिने सम्झौता गरेको अनुमान लगाउन कठिन छैन। भलै, जलमार्गको विषय भने छिपछिपे तहमै छ। भारतीय प्रधानमन्त्री मोदीले जलमार्गको विषयलाई 'फोकस' गरेका भए पनि रेलमार्गको प्रगति धेरै अघि छ। यद्यपि, जलमार्ग पनि निर्माण हुनै नसक्नेचाहिँ होइन। तर, मुख्य कुरा के भने भारतले नचाहेमा नेपालले एकलौटी रूपमा चाहेर मात्र जलमार्ग कार्यान्वयनमा आउने सम्भावना झिनो देखिन्छ। भौतिक योजना तथा यातायात मन्त्रालय मातहत रेलमार्ग र जलमार्गको अध्ययन गरिरहेका एक सहसचिवका भनाइमा जलमार्गको सम्भाव्यता अध्ययनलाई खासै अघि बढाइएको छैन। मन्त्रालयको निर्माण महाशाखा अन्तर्गत सामान्य काम मात्र भइरहेको छ। भन्छन्, "जलमार्गको कुरा जसरी उठाइएको छ, त्यसरी काम अघि बढेको छैन। तर, रेलमार्गको कामचाहिँ धेरै अघि बढिसकेको छ।" जलमार्गमा डीपीआर त परै जाओस्, राम्री सम्भाव्यता अध्ययनसमेत भएको छैन। अर्को कुरा, सप्तकोसी वा कर्णालीमा उच्च बाँध नबाँधी जलमार्ग सम्भव नै छैन।

कति सम्भव छ ?

साउन ०६४ मा रामवरण यादव राष्ट्रपति निर्वाचित भएपछि सोही वर्ष उनले भारतमा पहिलो औपचारिक भ्रमण गरे। भ्रमणमा राष्ट्रपति यादवले जनकपुरदेखि बर्दिवाससम्म रेल बनाइदिन भारतलाई आग्रह गरे। घिटघिटे रूपमै सही, जयनगरदेखि जनकपुरसम्म रेल सेवा छँदैछ। राष्ट्रपति यादवको प्रस्तावमा भारत सहमत भयो। त्यही बेला रेलसेवा रहेको देशले अर्को देशलाई 'क्रसकन्ट्री कनेक्टिभिटी' दिनुपर्छ भनेर कुरा उठिरहेको थियो, जसका लागि एसियाली विकास बैंकको सहयोगमा बिमेस्टेकले काम गरिरहेको थियो। र, अहिले पनि गरिरहेको छ। भारत 'क्रसकन्ट्री कनेक्टिभिटी' दिन मात्र तयार भएन, रेलमार्गलाई पाँच ठाउँबाट जोडिदिने र जयनगर-जनकपुरलाई बर्दिवाससम्म विस्तार गरिदिने वचनसमेत दियो। जयनगर-बर्दिवासमध्ये जयनगर-जनकपुरको ३५ किमि खण्डको काम सकिन लागेको छ। यस खण्डको धेरैजसो भागमा ट्र्याक बिछ्याइसकिएको छ। भारतले क्रसकन्ट्री कनेक्टिभिटी जोडिदिने भनेको मध्ये रक्सौल-वीरगन्ज रेलमार्गको निर्माण सम्पन्न भइसकेको छ। जोगवनी-विराटनगर निर्माणाधीन छ। जलपाइगुडी-काँकडभिट्टा, नौतनवा-भैरहवा, रुपैडिया-नेपालगन्ज खण्डमा पनि निर्माण प्रक्रिया प्रारम्भ हुन लागेको छ। *(हेर्नूस्, इन्फो)*

धेरै वर्षदेखि भौतिक योजना मन्त्रालयमा एउटा रेल तथा जलमार्ग आयोजना थियो। भारतले पाँच ठाउँमा कनेक्टिभिटी जोडिदिने आश्वासन दिएपछि नेपाल सरकार पनि रेलको सम्भाव्यता अध्ययन गर्न अग्रसर भयो। अनि, १ असार ०६८ मा रेल विभाग गठन गरियो। विभागले पूर्वको काँकडभिट्टादेखि पश्चिमको गड्डाचौकीसम्म रेलमार्गको सम्भाव्यता अध्ययन सुरु गर्‍यो, जुन ९ सय ४५ किलोमिटरको छ। ०६८ भदौमा प्रधानमन्त्री भएका बाबुराम भट्टराईले यस रेलमार्गलाई राष्ट्रिय गौरवको आयोजनाभित्र समेटे। त्यसयताका कुनै पनि सरकारले यस रेलमार्गलाई राष्ट्रिय गौरवको आयोजनाबाट बाहिर पारेका छैनन्। आर्थिक वर्ष ०६९/७० को बजेटमा तत्कालीन अर्थमन्त्री शंकर कोइरालाले पूर्व-पश्चिम रेलमार्ग खण्डमै पर्ने सिमरा-बर्दिवास १ सय ८ किमि निर्माण गर्न भनी ५० करोड रकम विनियोजन गरे। हाल यस खण्डको काम करिब अन्तिम चरणमा पुगेको छ। यसबाहेक बर्दिवास-इनरुवा १ सय ३७ किमि, इनरुवा-काँकडभिट्टा १ सय ३ किमि, सिमरा-तन्सरिया १ सय २७ किमि, तन्सरिया-बुटवल-लुम्बिनी ६७ किमिमा केहीको डीपीआर पूरा भइसकेको छ भने केही खण्डको तयारी हुँदैछ।

रेलमार्गको सम्भाव्यता अध्ययन, डीपीआर र निर्माण सम्पन्न गर्न सरकारले आर्थिक वर्ष ०७३/७४ मा दुई अर्ब रुपियाँ छुट्याएको थियो भने चालू आर्थिक वर्ष ०७४/७५ का लागि चार अर्ब रकम छुट्याएको छ। अहिले बुटवलबाट पश्चिम गड्डाचौकीसम्म डीपीआरको काम भइरहेको छ।

विशेष आलेख

॥ अरुण सुवेदी

छिमेकी रणनीतिमा

प्रधानमन्त्री केपी ओलीको भारत भ्रमणपछि नेपालको समुद्रसम्म जल यातायातको बहस सुरु भएको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सगरमाथाको देशलाई जल यातायातमार्फत सागरसम्म जोड्ने कुरा बताएपछि बहसले एउटा स्वरूप ग्रहण गरेको छ।

नेपालमा जल परिवहनमार्फत समुद्रसम्म जोडिने सम्भावना छ भन्ने विषयको बहस पहिलोपटक उठेको होइन।

सम्भव छ पानीजहाज ?

नेपालसम्म कोलकाताबाट पानीजहाज ल्याउन सकिन्छ कि भनी लामो समयदेखि नेपाल र भारतले काम गर्दै आएका छन्। यसका लागि भारतले भागीरथी हुग्ली नदीमा कोलकाताबाट फरक्काबाँध हुँदै गंगा नदीमा पानीजहाज ल्याउनुपर्छ। यसमा भारतले काम गरिसकेको छ भने कोलकातादेखि प्रयाग (इलाहावाद) गंगा-यमुना संगमसम्म पानीजहाज चलाउन अघि बढिसकेको छ। भारतले बीचमा पर्ने झारखण्डको साहिबगन्जमा बन्दरगाहा बनाउनसमेत सुरु गरेको छ। यो नदीमा जल यातायात सुरु हुनु भनेको आर्थिक र रणनीतिक पक्षबाट निकै महत्त्वपूर्ण हो। यसै क्रममा भारतको अर्को पनि सपना छ, जुन बृहत्तर नदी जोड परियोजना अन्तर्गत कोसी नदीको पूर्वी नहर पर्छ। यसका लागि भारतले कोसी नदीमा २ सय ६९ मिटर अग्लो बाँध प्रस्ताव गरेको छ। यद्यपि, नेपालले पनि यो परियोजनाबारे अध्ययन गरेको छैन। प्रस्तावित योजना अन्तर्गत सुनसरी जिल्लाको बराह क्षेत्र र उदयपुरको मैनामैनीका डाँडा बीचमा बाँध बाँधिनेछ। त्यसबाट निकालिएका पूर्वी र पश्चिम नहरमध्ये पूर्वी नहरलाई मेचीमा लगेर मिसाइनेछ। मेची नदी महानन्दमा मिसिन्छ, महानन्द फरक्काभन्दा केही माथि गंगामा मिसिन्छ। यसरी गंगाको फरक्कामा उक्लिएका पानीजहाज पूर्वी नहर हुँदै कन्तीमा दमकसम्म आउन सक्छन्। यही परियोजना द्विराष्ट्रिय संयन्त्र निर्माण गरी लामो समयदेखि कार्यरत छ। यसका लागि भारतले बजेट पनि विनियोजन गरिरहेको थियो। तर, विगत वर्षदेखि निष्क्रिय अवस्थामा रहेकाले उक्त बजेट पनि स्थगित भएको थियो।

भारतको मुख्य चासो

कोसीको पूर्वी नहरमा भारतका दुइटा मुख्य चासो देखिन्छन्, आर्थिक र रणनीतिक। उसको आर्थिक चासो हो, उत्तर बंगाल र उत्तरपूर्वी क्षेत्रका आठवटा प्रान्तको जल यातायात। नेपालबाट मोडिएको पानीमा मात्र सबै मौसममा जल यातायात सम्भव नहुन पनि सक्छ। अर्कोतर्फ, बंगलादेशसँगको फरक्का सम्झौता अनुसार पानीको बाँडफाँट हुँदा भारतको भागमा परेको जति पानी भागीरथी हुगलीमा छाडिन्छ। त्यो जल आयतन पनि सुक्खा मौसममा जल यातायातका लागि यथेष्ट हुन्न। यो समस्या समाधानका लागि भारतले ब्रह्मपुत्रको पानी पनि अन्तरवेसिन स्थानान्तरण गरी गंगामा ल्याउने योजनामा काम गरिरहेको छ। यस अन्तर्गत आसामको जोगीछोपामा बाँध बाँधी कुचबिहार हुँदै मेचीमै ल्याएर नहर जोडिनेछ। यसरी ब्रह्मपुत्रबाट ल्याएको पानी कोसीबाट लगिएको पानीभन्दा धेरै हुनेछ। कोसीबाट मेचीमा पुग्दा पूर्वी नहरमा छाडिएको पानी १ हजार १ सय घनमिटरमध्ये एक सय घनमिटर कम हुनेछ। बाँकी पानी बीचमै उत्तर-दक्षिण नहर र सुक्खा खोलाहरूमा सिँचाइका लागि छाडिनेछ। यो आयतनमा जहाज चलाउँदा लकहरू धेरै बनाउनुपर्ने र दोहोरो चलाउन कठिन पर्ने हुन्छ। यसर्थ, ब्रह्मपुत्रको पानी जरुरी हुन्छ। नत्र फरक्कादेखि नेपालभित्रसम्म एकतर्फी पानीजहाज चलाउँदा आउन-जान लामो पालो पर्खनुपर्ने हुन्छ। तर, मेचीको काँकडभिट्टा छेउछाउबाट दमकसम्म एकतर्फी चलाउनुपरे पनि खासै लामो समय लाग्दैन। यसरी ब्रह्मपुत्र पनि लिंक नहरबाट जोडिएपछि भारतले आफ्नो जल यातायात अरुणाचलको पासीघाटसम्म पुऱ्याउन सक्छ। यो आर्थिक पक्षबाट त महत्त्वपूर्ण हो नै। साथै, भारतका लागि रणनीतिक पक्षबाट पनि महत्त्वपूर्ण छ। भारतको कमजोर कडी हो उत्तरपूर्वी क्षेत्र र त्यस क्षेत्रलाई जोड्ने 'चिकेन नेक'। यी दुवै क्षेत्र जल यातायातबाट जोडिनु भारतका लागि ठूलो रणनीतिक सबलीकरण हो। यसैले यसतर्फ अर्थात् 'चिकेन नेक' हुँदै जल परिवहनको विकास गर्नु उसको ठूलो रुचि स्वाभाविक देखिन्छ।

त्यो काम आउँदो दसैं/तिहारसम्म पूरा हुने रेल विभागका सिनियर डिभिजनल इन्जिनियर प्रकाश उपाध्याय बताउँछन्, "सरकारले आवश्यकता अनुसारको बजेट दिने, नदीजन्य पदार्थको उत्खनन समस्या हटाउने र रेलमार्गसम्बन्धी विज्ञ जनशक्ति अभाव हुन नदिने हो भने अहिलेको टेक्नोलोजी अनुसार मेगा स्ट्रक्चरको काम सुरु गरेको पाँच वर्षभित्र रेलमार्ग निर्माण सम्पन्न भइसक्नेछ।"

यो त भयो पूर्व-पश्चिम रेलमार्ग। रक्सौल-वीरगन्ज-काठमाडौं रेलमार्गको स्थिति पनि कम रोचक छैन। यो मार्ग भारतले बनाइदिने भनेर सम्झौता गरेको छ। नेपाली पक्षले समेत सम्भाव्यता अध्ययनका लागि परामर्शदाता छनोट कार्य अन्तिम चरणमा पुऱ्याएको छ। रेल विभागले गत वर्षदेखि नै यसको सम्भाव्यता अध्ययन थालेको थियो। कतिसम्म भने वैशाख पहिलो सातासम्म विभागले परामर्शदातासँग अन्तिम सहमति गर्दैछ। रक्सौल-काठमाडौं रेलमार्गलाई भारतले एक वर्षभित्र सर्वे सम्पन्न गर्ने र लगत्तै निर्माण कार्यान्वयनमा जाने भनेको छ। रेल विभागका सीडीई उपाध्यायका अनुसार नेपाल सरकारले समेत अध्ययन गरिरहेकाले त्यो प्रतिवेदन भारत सरकारका विज्ञहरूलाई

जलमार्ग

भुटान र बंगलादेशको रुचि

तेस्रो राष्ट्रबाट नेपालमा सामान आयात गर्दा कोलकाताको अनुभव नेपाललाई मात्र नभई भुटान र भारतकै उत्तरपूर्वी राज्यहरूको पनि उस्तै छ । हल्दिया र कोलकाताका साँघुरा बन्दरगाहबाट भारतको लगभग २० प्रतिशत व्यापार हुने गर्छ । भीडभाड स्वाभाविक छ, त्यसमाथि पनि नियतका समस्या छँदैछन् । यसबाट भुटानलाई मुक्ति मिल्नेछ। उसले जलपाइगुडी आसपास वा काँकडभिट्टातिर आफ्ना सामान उतार्न सक्छ । बंगलादेशले स्थापनाकालदेखि नै कोसी, कर्णाली, चिसापानी, पञ्चेश्वरलगायतका सातवटा उच्च बाँध नेपालमा बनाई बाढी नियन्त्रण र सुक्खा मौसमको प्रवाह वृद्धिका लागि आग्रह गर्दै आएको छ । अर्थात्, यो योजना एक किसिमले चारै देशको चासोको विषय बनेको छ ।

अन्य विकल्प

माथिका तथ्यले कोसी उच्च बाँधमार्फत पूर्वी नहर नै नेपालमा जल परिवहनको सम्भावना बोकेको परियोजना हो भन्ने स्पष्ट हुन्छ । तर, यसपालिको प्रधानमन्त्रीको भ्रमणमा कोसी उच्च बाँधको उल्लेख नभएबाट अन्य विकल्प पनि हुन सक्छन् भन्ने बहस झिनो रूपमा आउन थालेको छ । अरू विकल्पभन्दा कोसीभैँ अर्को विकल्पको पनि कुरा उठेको छ । कोसीको नदी नै नदी अर्थात् कोसी-गंगा संगमस्थल कर्सेलाबाट भीमनगरसम्म कोसीलाई डोल्याएर भीमनगरमा सीपलकबाट जहाज पास गराई चतरा ल्याउने । चर्चामा नआएको अर्को विकल्प आएको छ, गण्डकै गण्डक र घाघरै-घाघर ल्याउने । जेहोस्, नेपालबाट जाने तीनवटा ठूला नदीबाट पनि नदी नै नदी ल्याउन सकिन्छ भन्ने विकल्प । प्रविधिक रूपमा पनि नहरमा भन्दा नदीको मुख्य कोशमा बढी पानी हुन्छ । त्यहाँबाट असम्भव नहोला । तर, यी सबै कुरा भारतको भूमिभित्र नदी डोल्याउने काम गरेर मात्र सम्भव छ । र, त्यो काम गर्न भारत कत्तिको अग्रसर होला भन्ने कुराचाहिँ महत्त्वपूर्ण हो । यस विकल्पमा विश्लेषण गर्दा भारतको ठूलो जनसंख्या, क्षेत्र र आर्थिक चासो, दुवै पक्षबाट खासै महत्त्वको स्थिति देखिँदैन । रणनीतिक चासो पनि देखापर्दैन । द्विदेशीय सन्धिका आधारमा गर्ने यस्ता परियोजनामा एकल चासो र फाइदाका लागि भारत कति अगाडि आउला ? महत्त्वपूर्ण विषय हो । यसै पनि कोसीमा उच्च बाँध बनाएर नदीमा सेडिमेन्टेसन र बाढी नियन्त्रण नगरी कोसीको कोशैकोश पनि जल परिवहन सम्भव छैन । यति ठूलो परियोजना बनाइसकेपछि नेपाल र भारतको सिँचाइका लागि पूर्वी र पश्चिम नहर बनाउनु नै छ भने पूर्वी नहरबाट जल यातायात सञ्चालन गर्न किन हिचकिचाउने भन्ने प्रश्न पनि त्यत्तिकै टड्कारो छ । यी सबैका बाबजुद पूर्वी नहरमा जल यातायातलाई ख्याल नगरी कोसीको कोशैकोशको वा अन्य विकल्पका कुरा गर्दा प्रतिबद्धता भए पनि कार्यान्वयन नगरिने परियोजनाका रूपमा कोसी उच्च बाँध पर्ने सम्भावना हुन सक्छ । जसरी अहिले पञ्चेश्वर परेको छ ।

चिनियाँ चासो

नेपालमा रणनीतिक टकराव कहाँसम्म छ भन्ने कुरा उल्लेख नै गर्नुपर्दैन । उत्तरपूर्व र चिकन नेक भारतको कमजोर कडी हो । यसैले चीनको कमजोर कडी तिब्बत र मलक्का स्ट्रेटमाथिका भारतीय दबाबको प्रतिउत्तरमा भारतको कमजोर कडीमा चीन पनि दबाब दिन चाहन्छ । अहिले आएर पासिघाटमा सैन्य सुदृढीकरण र तवाङलाई लिएर चीनको प्रतिक्रिया यसैको प्रमाण हो । दोक्लाम टकरावलाई पनि यसैको एक हिस्सा मानिन्छ। ल्हासाको सबैभन्दा सहज पहुँच भएको बिन्दु हो, तवाङ। स्वभावतः यस दृष्टिले हेर्दा भारतको कमजोर कडी बलियो होस् भन्ने चीन चाहन्न । यसैको परिणाम हुन सक्छ, दमकमा ठूलो बजेटसहित चिनियाँहरू विकास परियोजनामा उपस्थिति हुन चाहेका समाचार आउनु। आफ्नो सीमानजिक चिनियाँ उपस्थिति र गतिविधिलाई लिएर भारत प्रतिक्रियात्मक भइरहेको छ । त्यसमाथि 'चिकेन नेक' निकट रहेको दमकमा चिनियाँ उपस्थितिलाई उसले कसरी प्रतिक्रिया जनाउला ? हेर्न बाँकी छ । माथि दोक्लाम, तल दमक, बीचमा 'चिकेन नेक' भयो भने कस्तो अवस्था आइपर्ला !

अर्कोतर्फ दमक पूर्वी नहरबाट जलमार्ग भएमा बन्दरगाहका लागि सबैभन्दा बढी सम्भावित ठाउँ हो । समष्टिगत विश्लेषणका आधारमा चीन कोसी उच्च बाँधको पूर्वी नहर र ब्रह्मपुत्र गंगा लिंक नहरका विरुद्ध देखिन्छ । ब्रह्मपुत्र-गंगा लिंक नहरका लागि अध्ययन गर्न चीनले भारत र बंगलादेशलाई यार्लुङ सेङपोको हाइड्रोलोजिकल तथ्यांक उपलब्ध गराएको छैन । जुन विषयलाई लिएर तीन देशबीच लामो समयदेखि

दिइनेछ । जसले गर्दा प्रारम्भिक अध्ययन गर्ने समय छोटिनेछ । परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीका शब्दमा रक्सौल-काठमाडौँ रेलमार्ग पाँच वर्षभित्रमा निर्माण गरिसक्ने सहमति भएको छ। ज्ञवाली भन्छन्, "रक्सौल-काठमाडौँ रेलमार्गको लगानी र अन्य मोडालिटीबारे थप छलफल गर्दै जाने सहमति भएको छ। पाँच वर्षभित्र यो रेल मार्ग सम्पन्न हुन्छ। यसमा ढुक्क भए हुन्छ।"

केरुङ-रसुवागढी-काठमाडौँ रेलमार्गका लागि चीनसँग समझदारी भएको छ। समझदारीपछि केरुङ-रसुवागढी-काठमाडौँ रेलमार्गको सम्भाव्यता अध्ययन गर्न चिनियाँ सरकारले प्राविधिक टोलीलाई केही दिनअघि मात्र काठमाडौँ पठाएको थियो, जसले रेल विभागका अधिकारीहरूसँग बसेर लामै छलफल गरेको थियो । हुन त चीनले प्राविधिक टोली पठाउनुअघि नै नेपाल सरकारको रेल विभागले समेत यसको सम्भाव्यता अध्ययन अघि बढाइसकेको थियो । स्रोतका अनुसार चिनियाँ अधिकारीले उक्त रेलमार्ग निर्माण गर्न सकिने भनी नेपालसँग सहकार्यको इच्छा देखाएका छन् । 'तपाईंहरूले आफ्नो सरकारलाई तयार बनाउनुहोस्। हामी हाम्रो सरकारलाई पनि तयार बनाउँछौं। काठमाडौँलाई रेलमार्गले जोड्न चीन

विवाद चलिरहेको छ । यार्लुङ सेङपोले ब्रह्मपुत्रको झन्डै २५ प्रतिशत जल आयतन ओगट्छ । यार्लुङ सेङपोको भारत-चीन सीमावर्ती क्षेत्रको ग्रेट क्यारिवन गल्छीमा ठूलो जलाशय बनाई ३८ हजार मेगावाटको एकल परियोजनाको अध्ययन पनि चीनले गरिरहेको छ । यसमा भारत र बंगलादेशको आपत्ति रहिआएको छ । ठीक यही अवस्थामा दमकमा चीनको उपस्थिति हुनुलाई कसरी लिने ? प्रश्न उब्जिएको छ ।

ओलीका अप्ठ्यारा

प्रधानमन्त्री ओलीमाथि निकै दबाब छ । सम्भवत: यही दबाबका कारण कोसी उच्च बाँधको नाम लिन ओलीलाई अप्ठ्यारो पर्न गयो । यसैकारण पानीजहाजको कुरा नेपाल भूमिबाट बाहिरिएर हिन्द महासागर र प्रशान्त महासागरमा नेपालको झन्डा भएको जहाज छुवाउने कुरातर्फ मोडियो । चीनको रेल काठमाडौं ल्याउने कुरामा भारतको नाराजगी छिपेको छैन । त्यसविरुद्ध आफ्नो रेल काठमाडौं लैजानेदेखि अन्य दबाब हाल्ने काम भइरहेछ । त्यसरी नै सम्भावित जलमार्गविरुद्ध पनि चीन लागेको बुझ्न कठिन छैन । यी दुवैविरुद्ध पश्चिमा त लाग्ने नै भए । आफ्ना बाँधविरोधी कारिन्दालाई वातावरण र राष्ट्रवादको आवरणमा उफार्ने काम भइरहेछ । अर्कोतर्फ, भारतको राष्ट्रिय चासोको आवरणमा भारतीयलाई नै उपयोग गरेर रेलको विरोध चलि नै रहेको छ । पश्चिमले रेलका विरुद्ध भारतको साथ र बाँधका विरुद्ध चीनको साथ पाइरहेछन् । यस्तो बहुकोणीय दबाबबीच राष्ट्र हितका लागि अपरिहार्य जलमार्ग र रेल परियोजना अगाडि बढाउनु प्रधानमन्त्रीका लागि फलामको चिउरा हो । यही दबाबले प्रधानमन्त्री डगमगाएका संकेत बीच-बीचमा आइरहेछन् ।

भारत-परिचालित भारतविरोधीहरू

जलमार्गका लागि विकास गर्नुपर्ने कोसी उच्च बाँधको अर्को ठूलो चुनौती हो, भारत आफैं । अहिलेको भारतीय शैली हेर्दा कर्णाली चिसापानी, कोसी उच्च बाधँजस्ता ठूला परियोजनामा लगानी गर्ने स्थितिमा देखिन्न । तर, उसलाई बाढी नियन्त्रण, सेडिमेन्टेसन नियन्त्रण (थिग्राउने) र जल स्थानान्तरणचाहिँ चाहिएको देखिन्छ । यसलाई भारतले चातुर्यपूर्वक नेपालको भारतविरोधी आमभावनालाई उपयोग गरेर भारतविरोधी छविका आफैंद्वारा परिचालित अभियन्ता निर्माण गरेको स्पष्ट छ ।

आफू कोसी, कर्णाली उच्च बाँध प्रस्ताव गर्ने र आफ्नै मानिसलाई विरोध गर्न लगाई नेपालले माथिल्लो क्षेत्रमा बाँध बनाउनुपर्छ भनी तयार छ,' केरुङ-काठमाडौं रेलमार्ग अध्ययन गर्न नेपाल आएको चिनियाँ प्रतिनिधिमण्डलको भनाइ उद्धृत गर्दै रेल विभागका सीडीई उपाध्यायले भने । केरुङ-रसुवागढी-काठमाडौं रेलमार्गको प्रारम्भिक लागत अनुमान अहिलेलाई करिब २८ खर्ब रुपियाँ देखिएको छ ।

चीनले केरुङ-काठमाडौं मात्र होइन, नेपालसमक्ष काठमाडौं-पोखरा-लुम्बिनी रेलमार्ग निर्माण गरिदिने आकर्षक प्रस्तावसमेत राखेको छ । तर, नेपाली अधिकारीहरूले अहिलेसम्म दृढ इच्छाशक्ति र तत्परता देखाउन भने सकिरहेका छैनन् । खासमा चीनले केरुङ-रसुवागढी-काठमाडौं र काठमाडौं-पोखरा-लुम्बिनी रेलमार्ग बनाइदिने भएपछि भारतीय संस्थापन पक्ष अत्तालिएको छ, नेपाल चीनको पोल्टामा गयो भन्ने त्रासले । यही त्रासपछि नै प्रधानमन्त्री ओलीलाई सम्भव भएसम्म उत्तरी चासोमा छिर्न नदिन भारत सरकारले रक्सौल-काठमाडौं रेलमार्ग निर्माण गरिदिने प्रस्ताव राखेको बुझ्न कठिन छैन । यद्यपि, परराष्ट्रमन्त्री ज्ञवाली भने दुवै छिमेकीलाई समान प्राथमिकतामा राखेर उनीहरूले सघाउने विकासमा समान सहयोग लिइने बताउँछन् । "भारतले रेलमार्ग बनाइदिने प्रस्ताव राखेपछि चीनसँग पछि हट्ने वा चीनले बनाइदिने भनेपछि भारतसँग तर्सने काम सरकारले गर्दैन," ज्ञवाली भन्छन्, "हामी दुवै छिमेकीको सहयोग लिएर रेलमार्ग बनाउँछौं । यस्तो सहयोग लिनु भनेको एकका विरुद्ध अर्कोलाई प्रयोग गर्नु वा प्रयोग हुनु होइन ।"

रेल आओस् तर...

घनश्याम भुसाल

'**रेल** त आओस् । तर, त्यो हाम्रो ग्रामीण सडकजस्तो नबनोस् ।'

२२ चैतमा बसेको संघीय व्यवस्थापिका संसद्लाई सम्बोधन गर्दै नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा सांसद गगन थापाले उठाएको प्रश्न हो यो । प्रधानमन्त्री केपी ओलीले भारतसँग रेलमार्ग र जलमार्गको सम्झौता गर्नुअघि नै त्यस कदमप्रति शंका व्यक्त गरेका थिए उनले । थापा सत्ता गठबन्धनको प्रतिपक्ष भएकाले उनको यो आशंकालाई प्रधानमन्त्री ओली र उनी निकटस्थले गम्भीर रूपमा लिनु आवश्यक ठानेनन् । तर, सत्ता पक्षकै, त्यसमाथि पनि एमाले पंक्तिबाटै रेलमार्ग र जलमार्गमाथि प्रश्न उठ्न थालेको छ ।

'यहाँ पानीजहाज, रेलका बारेमा बहस भइरहेको छ, मान्छेका बारेमा बहस भएको छैन । रेलको कुरा छ तर खोइ मान्छेको कुरा ?...

रेल ? ल्याऊँ । उसले भन्छ- म रेल किन ल्याउँछु भाइ, त्यताबाट बोराका बोरा धान लैजान पाउन्न भने, ट्रेनभरि मैले तिम्रो कोइला लैजान पाउन्न भने, खानी लैजान पाउन्न भने रेल किन ल्याउने ? अनि, हामीले भन्नुपर्ने हुन्छ, ठीक छ, रेल लिएर आऊ, ती चीजहरू लैजाऊ ।

अनि, उसले भन्न सक्छ, तिम्रो त्यो भूमि ऐन सुधार । ११ बिघाले कसरी हुन्छ ? ११ हजार बिघा जमिन राख्न पाउने ऐन बनाऊ । अनि, हामी रेल पनि ल्याउँछौं, कृषिमा लगानी पनि गर्छौं । सर्तहरू यस्तै हुनेछन् । ...हामीले सारा खानी, खोला, प्राकृतिक स्रोत, नदीहरू बेचेर रेल ल्याउन लाग्यौं भने अनि त्यो सीमान्त श्रमजीवीको स्थिति के होला ? अनि, यो चापाचापमा हाम्रो नेपाली जाति कहाँ पुग्छ ?'

प्रस्ताव गर्ने । यो छिछरो विकासविरोधी रणनीति अहिले उच्च बिन्दुमा छ । कोसीको जलाशय, सुनकोसी मेरिनडाइभर्सन, सुनकोसी कमला डाइभर्सनको वकालत गरिरहेछन् । यिनीहरूको पनि दृष्टिगत महत्त्व होला । तर, उनीहरूको चासोचाहिँ यी परियोजनाबाट कोसीको बाढी नियन्त्रण, कमला र वाग्मतीको जल न्यूनता पूर्ति र सेडिमेन्टसेन नियन्त्रण रहेको स्पष्ट हुन्छ । जब वाग्मती र कमलामा पानी बढाइन्छ, तब भारतलाई पानी न्यून भएको ठाउँमा स्वतः पानी प्राप्त हुन्छ । उसलाई सुको खर्च नगरी तल्लो तटीय लाभ मिल्नेछ ।

भारतलाई यस्ता परियोजनाबाट स्वतः तल्लो तटीय लाभ हुने हुँदा त्यसको मूल्यकरण गरेर भारतको समेत लगानी आउनुपर्छ भन्ने कुरा ल्याउनासाथ यस्ता परिचालित अभियन्ताहरू राष्ट्रवादी आवरणमा आइलाग्ने गर्छन् । अहिले चलिरहेको यो द्वन्द्वको अन्त्य गरी सही प्रतिबद्धतायुक्त भारतीय नीति अगाडि लिएर आउन नसकेसम्म कोसी उच्च बाँध अर्थात् नेपालको जलमार्ग एउटा कर्णप्रिय पदावलीबाहेक अरू केही हुनेवाला छैन ।

भारतको 'टाइम बाई'

रणनीतिक रूपले भारतलाई ब्रह्मपुत्र-गंगा लिंक बढी महत्त्वपूर्ण छ । यसका लागि भारत बंगलादेशसँग सहकार्यमा छ । नेपालका उच्च बाँधहरूमा आफ्नै व्यक्तिबाट किचलोको खेती गराएर आफ्नो मूल स्वार्थपूर्ति गर्ने भारतीय नीतिले बंगलादेशीलाई पनि कुनै आपत्ति निर्माण गर्दैन । वर्षाको पानी नियन्त्रण र हिउँदको प्रवाह सन्तुलन स्वतः हुन जान्छ, जो उसको एक मात्र सरोकार हो ।

यदि भारतले ब्रह्मपुत्र-गंगा लिंकमा कार्य गर्न सक्षम भई त्यसलाई महानन्दसम्म ल्याएर मिसायो भने उसलाई 'चिकेन नेक'मा र पूर्वोत्तर क्षेत्रमा चाहेको जलमार्ग प्राप्त हुन्छ । तर, त्यसले हाम्रो भूमि छुने छैन । अर्थात्, फेरि पनि नतमस्तक भएर 'कुचविहार वा डुवर्सको पोर्ट देऊ' भन्नेबाहेक हामीसँग अरू विकल्प रहन्न । यो स्थितिले भारतलाई अरू सबल र हामीलाई थप दुर्बल बनाउनेछ ।

नेपालले के गर्ने ?

हामीलाई चीनसँग रेल र हिन्द महासागरसँग जलमार्गले पनि जोडिनु छ । यस्तो अवस्थामा तेस्रो पक्ष अर्थात् पश्चिमाले निर्माण गरेको किचलोबाट मुक्त भई दुई छिमेकीको हितका लागि एकअर्कालै दुवै योजनालाई बाधा नगर्न मनाउन सक्नुपर्छ । अहिलेको हाम्रो विकास कूटनीति त्यतैतर्फ केन्द्रित हुनुपर्छ । ◆

गगन थापा

एमाले उपमहासचिव घनश्याम भुसालले ३० चैतमा दिएको अभिव्यक्ति हो यो । ओलीको रेल र जलमार्ग 'सपना'माथि उनकै पार्टीका नेता तथा सांसदले उठाएको उल्लिखित पेचिलो प्रश्नले रेल र जलमार्ग कतै हाम्रा लागि अभिशाप बन्ने त होइन ? घोत्लिनुपर्ने बनाएको छ । अविकसित देशमाथि विकासको सपना देखाएरै छिमेकीहरूले हस्तक्षेप लाद्ने हुन् । यदि त्यस्तो भयो भने रेलमार्ग र जलमार्ग अभिशाप बन्न सक्छ । त्यसैले ओली 'सपना'माथि संशय उठेको बुझ्न कठिन छैन ।

भारत र चीनले बनाइदिने भनेको रेलमार्गबाहेक काठमाडौं मेट्रोका लागि रेल विभाग आफैंले सम्भाव्यता अध्ययन गरिरहेको छ । काठमाडौंमा मेट्रो रेल जरुरी नै भइसकेको छ । किनभने, संसारमै २० लाखभन्दा बढी जनसंख्या भएको सहरमा मेट्रो रेल सञ्चालनमा ल्याइन्छ । तर, काठमाडौं उपत्यकामा ३८ लाखभन्दा बढी जनसंख्या नाघिसक्दासमेत मेट्रो रेल सञ्चालनमा आउन सकेको छैन । मेट्रो रेल नभएको सहरलाई समृद्ध सहरसमेत मानिँदैन । रेल विभागले काठमाडौंमा मेट्रोका लागि गरेको सम्भाव्यता अध्ययन अनुसार पाँचवटा मेट्रो लाइन आवश्यक देखाइएको छ । पाँचमध्ये रेल विभागले बूढानीलकण्ठ-रत्नपार्क-सातदोबाटो-गोदावरी, थानकोट-कलंकी-नयाँबानेश्वर-कोटेश्वर-जगाती र रिंगरोड तत्काल निर्माण गरी सञ्चालनमा ल्याउन जरुरी ठहऱ्याएको छ । सरकारले बजेट छुट्याइदिए तत्कालै मेट्रो रेल निर्माण अघि बढाउन सकिने सीडीई उपाध्याय बताउँछन् । मेट्रो रेल, केरुङ-रसुवागढी-काठमाडौं, काठमाडौं-पोखरा-लुम्बिनी, काठमाडौं-रक्सौल, भारत-नेपालका अन्य ६ सहायक र पूर्व-पश्चिम रेलमार्गबाहेक मध्यपहाडी रेलमार्गसमेत बनाउन सकिने रेल विभागको ठम्याइ छ । जसले मुलुकको मध्यपहाडी भू-भागलाई जोड्नेछ ।

रोचक पक्ष के हो भने नेपालको उत्तरी छिमेकी चीन विश्वमा तेस्रो ठूलो रेल सञ्जाल भएको देश हो भने संसारकै उच्च गति र बढी लम्बाइ भएको रेलमार्ग पनि त्यही छ । विश्वमा निर्मित उच्च गतिको रेलमध्ये ६२.२ प्रतिशत चीनमा छ । त्यसैगरी दक्षिणी छिमेकी भारत संसारको चौथो ठूलो रेल सञ्जाल भएको देश हो । सडक र रेललाई विकासको पूर्वाधार मानिन्छ । काठमाडौं-रक्सौल रेलमार्ग बनेमा नेपाल, भारत, बंगलादेश, बर्मा, थाइल्यान्ड, मलेसिया, सिंगापुर हुँदै तथा भारत, पाकिस्तान, अफगानिस्तान, इरान, टर्की हुँदै दक्षिण युरोप पुग्न सबैभन्दा छोटो दूरी पर्नेछ । त्यसो त केरुङ-रसुवागढी-काठमाडौं रेलले जोडेमा नेपालले चीन, मंगोलिया, बैकाल, अमुर, ट्रान्ससाइबेरियनसँग जोडिनेछ । यस मार्गले नेपाललाई मात्र होइन, सिंगो दक्षिण एसियालाई उत्तर युरोप, कोरिया र चीनका सबै भूभागसँग जोड्नेछ । भारत र चीनको हालको दूरीलाई निकै ठूलो मात्रामा छोट्याउनेछ । यस मार्गले भारत र रुसबीचको दूरीसमेत घटाउनेछ ।

रक्सौल-काठमाडौं र काठमाडौं-केरुङ रेलमार्गले जोडिएपछि यसले नेपाललाई त फाइदा हुन्छ नै, त्यसभन्दा बढी भारत र चीनलाई नै सहयोग हुनेछ । किनभने, भारत-चीन पछिल्ला वर्षमा एकअर्कामा ठूला व्यापार साझेदार बन्दै छन् । यो रेलमार्गले दुई देशबीच व्यापार बढ्ने निश्चित छ । छिमेकीसँगको सुरुआती अग्रसरता हेर्दा विसं ०७५ सपनालाई विपनामा परिणत गर्ने वर्ष बन्ने देखिँदैछ । नेपालको निराशालाई आशामा बदल्ने परियोजना हुनेछ, रेलमार्ग निर्माण । ◆


संविधानमा
स्कुलमा शुल

नि:शुल्क
कैशुल्क

राज्यले शिक्षामा वार्षिक १ खर्ब २४ अर्ब लगानी गर्दा अभिभावकले निजी शिक्षामा ३ खर्ब ३५ अर्ब खर्चिंदै

■ बाबुराम विश्वकर्मा

रौतहटका विजय महतोले आफ्नी छोरीलाई सेन्ट जेभियर्स वा सेन्ट मेरिजमा कक्षा १ मा भर्ना गर्न सबै प्रयास गरे। छोरीको नाम निस्किएन। त्यसपछि उनको रोजाइ बन्यो, मध्यबानेश्वरको पाठशाला नेपाल फाउन्डेसन। महतोले २२ चैत ०७४ मा छोरीलाई पाठशालामा भर्ना गरे। उनले भर्ना शुल्कबापत त्यो स्कुललाई ६० हजार र सुरक्षा धरौटी शुल्क १५ हजार पनि बुझाए। कुल मिलाउँदा अब महतोले मासिक करिब १६ हजार रुपियाँ बुझाउनुपर्ने हुन्छ। भन्छन्, “साथीहरूले राम्रो विद्यालय भनेर भर्ना गरेँ। आफ्नो भने ढाडै भाँच्चिने भयो।”

निजी र सरकारी विद्यालयको वस्तुनिष्ठ वर्गीकरण गरिएको छैन। आफन्त र साथीभाइको सल्लाह अनि विज्ञापन नै अभिभावकको विद्यालय छनोटका आधार बन्ने गरेका छन्। महतोले साथीभाइको सल्लाहमा पाठशाला छानेका हुन्। अब वर्षभरिमा उनले मासिक शुल्क मात्रै १ लाख ९२ हजार जोहो गर्नुपर्छ। उनले थपे, “विकल्पै नभएपछि के गर्ने ! जसरी पनि पढाउनै पर्‍यो।”

पाठशाला फाउन्डेसनले एक शैक्षिक सत्रमा कक्षा १ मा मात्र ९० जना भर्ना लिने गर्छ। अहिले अभिभावकसँग लिएको शुल्कका आधारमा पाठशालाले १ कक्षाको भर्नाबाट मात्र ६७ लाख ५० हजार रुपियाँ संकलन गरेको छ। मासिक र अन्य शुल्कबाट उसले वर्षमा कक्षा १ का अभिभावकबाटै १ करोड २८ लाख रुपियाँ उठाउँछ। स्रोतका अनुसार कक्षा १ देखि १० सम्मका अभिभावकबाट उसले अनुमानित वार्षिक २० करोड रुपियाँभन्दा बढी उठाउँछ।

पाठशाला स्कुल सानो दृष्टान्त मात्रै हो। सहरका नाम चलेका निजी विद्यालयले यसरी नै नाफाका लागि अभिभावकमा भार थप्दै आएका छन्। कतिसम्म भने चर्को शुल्क उठाउँदै आएको पाठशालाले आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागमा भने झूटो विवरण पेस गरेको छ। पाठशालाले विभागमा पेस गरेको कक्षा १ को भर्ना शुल्क तीन हजार मात्र उल्लेख गरेको छ भने सुरक्षा धरौटी १० हजार रुपियाँ लेखेको छ। ट्युसन, वार्षिक, परीक्षा, कम्प्युटर, स्थानान्तर, विशेष तालिम, शैक्षिक भ्रमण, शैक्षिक सामग्री र अन्तरस्कुल प्रतिस्पर्धा शुल्क गरी पाठशालाले अभिभावकबाट ११ थरी शुल्क लिने गरेको छ। विभागका पूर्वमहानिर्देशक कुमार दाहाल भन्छन्, “अभिभावकसँग महँगो शुल्क लिने र सरकारलाई झूटो विवरण दिने गरिएको छ। त्यसैमा कारबाही गर्न खोजिएको हो। तर, बीचमै रोकियो।”

तथ्यांकमा विद्यालय

निजी विद्यालय संख्या



- पूर्वप्राथमिक ६,१२०
- प्राथमिक ६,६९५
- निमावि ४,२६४
- मावि ३,१८६
- उमावि १,०८४

निजी विद्यालयको विद्यार्थी संख्या

२०% | जम्मा १६,७९,४७६

पूर्वप्राथमिक	३,५०,७५८
प्राथमिक	६,५७,९५४
निमावि	३,२२,०५५
मावि	१,९१,८९८
उमावि	१,५६,८११

स्रोत : फ्ल्यास रिपोर्ट वान २०७४, शिक्षा विभाग

उपत्यका र बाहिरका 'क' श्रेणीमा पर्ने निजी विद्यालयले कक्षा १ कै भर्ना शुल्क न्यूनतम ५० हजारदेखि दुई लाख रुपियाँसम्म असुल्दै आएका छन् । तिनको मासिक शुल्क २५ हजारदेखि ५० हजार रुपियाँसम्म छ । कम्पनी ऐन अन्तर्गत नाफा कमाउन खोलिएका यस्ता स्कुलमध्ये रातो बंगला, राजश्री गुरुकुल, प्रिमियर, काष्ठमण्डप, एक्सेल्सर, चाँदवाग, पाठशाला, संस्कृति, नोबेल एकेडेमी, बृहस्पति शिक्षा सदन, चेल्सी इन्टरनेसलन, मल्पी, जेम्स, मिल्सबेरी, रोजबड, जेभियर इन्टरनेसनललगायत पर्छन् । यस्ता विद्यालयको संख्या देशभरिमा १ सय ५० छ । त्यस्तै, 'क' श्रेणीभन्दा अझ माथिका तीनवटा कूटनीतिक विद्यालयमा लिंकन, बिट्रिस र केन्द्रीय विद्यालय पर्छन्, जसको भर्ना तथा मासिक शुल्क अत्यधिक छ र ती आमअभिभावकको पहुँचबाहिर छन् । निजी शिक्षा ज्यादै महँगो भएकाले शिक्षा ऐनको आठौं संशोधनले कम्पनी ऐन अन्तर्गत निजी विद्यालय खोल्न प्रतिबन्ध लगाएको छ, त्यसैले पहिला दर्ता भएर झोलामा सीमित निजी विद्यालयको दर्ता किनबेच अहिले चर्किएको छ। अहिले ट्याक्सीको नम्बरप्लेटजस्तै झोले-निजी विद्यालय न्यूनतम २० देखि ४० लाख रुपियाँसम्ममा किनबेच हुने गरेको छ ।

शिक्षाको व्यापारीकरण चर्को भएकाले सरकारले सार्वजनिक गुठी अन्तर्गत गैरनाफामूलक विद्यालय खोल्न र भएका कम्पनी ऐन अन्तर्गत निजी विद्यालयलाई पनि गुठी वा सहकारीमा रूपान्तरण हुन आह्वान गरेको छ। शिक्षामन्त्री गिरिराजमणि पोखरेलले २८ चैतमा सार्वजनिक गरेको रोडम्यापमा कम्पनी ऐन अन्तर्गत खोलिएका विद्यालयहरूलाई सहकारी वा गुठीमा रूपान्तरण हुन आह्वान गरेका छन्। अहिले पनि निजी र सार्वजनिक गुठी अन्तर्गत देशभरिमा करिब चार सय विद्यालय सञ्चालित छन् । सार्वजनिक गुठी अन्तर्गत चलेका केही विद्यालयमा सेन्ट जेभियर्स, सेन्ट मेरिज, युलेन्स स्कुल, महेन्द्र भवन आदि पर्छन्। यी विद्यालयमा अभिभावकले तिरेको शुल्क व्यक्तिको खल्तीमा होइन, छात्रछात्राको शैक्षिक उन्नयनमा खर्च हुन्छ । युलेन्सका प्रिन्सिपल मेदिन लामिछाने भन्छन्, "युलेन्सजस्ता सार्वजनिक गुठीका स्कुल गैरनाफामूलक हुन् । यी स्कुलमा अभिभावकले गरेको लगानी विद्यार्थीको शैक्षिक प्रगतिमै खर्च हुन्छ, व्यक्तिको खल्तीमा जाँदैन ।" तर, कतिपय अभिभावक भने गैरनाफामूलक भनिएका यी स्कुलमा समेत निजीकै जस्तो अत्यधिक शुल्क देखिनु अस्वाभाविक रहेको गुनासो गर्छन् । अभिभावक संघ नेपालका पूर्वअध्यक्ष सुप्रभात भण्डारी भन्छन्, "निजी विद्यालयको शुल्क अचाक्ली छ । अभिभावकहरूलाई विद्यालयले चरम शोषण गरेका छन् र निजी शिक्षा धान्नै नसकिने भएको छ। तैपनि, सरकार र शिक्षाका अधिकारीहरू टुलुटुलु हेरेर बसेका छन् ।"

अग्रिम भर्ना

नयाँ शैक्षिक सत्र २ वैशाख ०७५ बाट सुरु भएको छ। मौजुदा कानुन अनुसार सरकारी र निजी विद्यालयले शैक्षिक सत्र सुरु भएपछि नै भर्ना खोल्नुपर्छ। तर, देशभरिका निजी विद्यालयले भने शैक्षिक सत्र सुरु नभई अग्रिम भर्ना गरेका छन् । एकातिर प्रधानमन्त्री केपी ओली ५ वैशाखमा दुर्गम भेगको कुनै एक स्कुलमा सर्वसाधारणका बच्चा डोऱ्याउँदै भर्ना अभियान थाल्ने उद्घोष गर्दै छन्, अर्कातिर उनी त्यहाँ पुग्नु पहिल्यै निजी विद्यालयहरूले भर्ना बन्द गरिसकेका छन् । उम्दा विद्यार्थी र पैसावाल अभिभावक तान्नका लागि हरेक वर्ष निजी विद्यालयको अग्रिम भर्ना चल्दै आएको छ। यस वर्ष पनि अब भर्ना हुन बाँकी विद्यार्थी र तिनका अभिभावकको बाध्यकारी विकल्प कमजोर निजी र सरकारी विद्यालय भएका छन् ।

संविधानको धारा ३१ मा आधारभूत शिक्षा अनिवार्य र निःशुल्क अनि माध्यमिक शिक्षा निःशुल्क हुने प्रावधान छ । अझ अघि बढ्दै एमाले र माओवादी केन्द्रले संघ-प्रदेश चुनावमा संयुक्त घोषणापत्र जारी गरे, 'माध्यमिक तहसम्मको सम्पूर्ण शिक्षा अनिवार्य र निःशुल्क गरिनेछ ।'

यस्तो चुनावी बाचा गर्ने वाम गठबन्धनले यसबीचमा दुई तिहाइभन्दा बढी समर्थनको सरकार बनाइसक्यो। तर, निजी विद्यालयले भने गत वर्षको भन्दा १० देखि २० प्रतिशत शुल्क बढाएका छन् । दुर्भाग्य ! जनवादी, वैज्ञानिक र



पूर्वप्राथमिक
६,०७,३६९
प्राथमिक
३३,१२,०६२
निमावि
१५,४४,६६१
मावि
७,७८,८२२
उमावि
४,२७,२६१

८०% जम्मा ६६,७०,१७५
सरकारी विद्यालयको विद्यार्थी संख्या

सर्वसुलभ शिक्षाका पक्षधर दलहरू सत्तामा छँदै गर्दा निजी शिक्षा भने अहिलेसम्मकै महँगो भएको छ। शिक्षाशास्त्री विनय कुसियैत प्रश्न गर्छन्, "समाजवादमा जान्छौं भन्ने अनि शिक्षाचाहिँ जनताले धान्नै नसक्ने बनाउने ? यसरी आउँछ देशमा समाजवाद ?"

जनताको तीन खर्ब

शुल्कमा निजी स्कुलको मनपरी हेर्दा लाग्छ, सरकार जनवादी, शिक्षा धनवादी भएको छ। यस्तो किन पनि लाग्छ भने सर्वसुलभ जनवादी शिक्षाका सदाबहार पैरवीकर्ता माओवादी नेता गिरिराजमणि पोखरेल यही बेला दोस्रोपटक शिक्षामन्त्री बन्न पुगेका छन्। तिनै मन्त्री पोखरेलले २८ चैत ०७४ मा वाम सरकारको शैक्षिक मार्गचित्र सार्वजनिक गरे। कस्तो मार्गचित्र, जहाँ अभिभावकसँग निजी विद्यालयले असुल्ने गरेको चर्को शुल्कबारे केही उल्लेख छैन। पोखरेलको मार्गचित्रमा निजी विद्यालयको सामाजिक दायित्व बढाउने, १० जना विद्यार्थी बराबर एक जना विपन्न तथा गरिब विद्यार्थीलाई छात्रवृत्तिसहित अध्यापनको व्यवस्था गराउने उल्लेख छ।

शक्तिशाली सरकारका शिक्षामन्त्रीले संविधानमा गरिएको निःशुल्क शिक्षाको व्यवस्था बेवास्ता गरेर मार्गचित्र सार्वजनिक गरेका छन्। त्यसैले संविधानका पानाहरूमा गरिएको निःशुल्क शिक्षाको व्यवस्था कागजमै सीमित भएको छ। शिक्षा विभागको पछिल्लो आँकडा (फ्ल्यास रिपोर्ट वान् २०७४) अनुसार निजी र सरकार विद्यालयमा पूर्वप्राथमिक तहदेखि कक्षा १२ सम्म ८३ लाख ४९ हजार ६ सय ५१ विद्यार्थी छन्। यसमध्ये निजी विद्यालयको संख्या १६ लाख ७९ हजार ४ सय ७६ (२० प्रतिशत) हो भने सरकारी विद्यालयको हिस्सा ६६ लाख ७० हजार १ सय ७५ (८० प्रतिशत) हो। तर, निजी विद्यालयको शिक्षा धानी नसक्नु महँगो भएकाले त्यसमा अभिभावकले गरेको वार्षिक लगानी नै सरकारी लगानीभन्दा करिब तेब्बरले बढी भइसकेको छ।

चालू आर्थिक वर्षमा शिक्षामा राज्यको लगानी १ खर्ब २४ अर्ब रुपियाँ (९.९१) हो। यो बजेटबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्रतिविद्यार्थी वार्षिक औसत करिब १८ हजार रुपियाँ लगानी गरेको छ। सरकारी विद्यालयका ६६ लाख ७० हजार १ सय ७५ विद्यार्थीलाई प्रतिविद्यार्थी वार्षिक १८ हजार लगानी गर्दा राज्यको १ खर्ब २० अर्ब रुपियाँ खर्च हुन्छ।

यता, निजी विद्यालयका अभिभावकले आफ्ना छोराछोरीका लागि गरेको खर्च कहालीलाग्दो छ। कुल विद्यार्थीको २० प्रतिशत हिस्सा ओगट्दै आएका निजी विद्यालयमा अभिभावकले वार्षिक कति पैसा तिर्छन् भन्ने विस्तृत अध्ययन भएको छैन। तर, शिक्षाशास्त्री विनय कुसियैतको अध्ययन, निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन)को अनौपचारिक तथ्यांक र करिब एक दर्जन विद्यालयले लिइरहेको शुल्कको औसत मान निकाल्दा निजीका अभिभावकले एउटा विद्यार्थीमा वार्षिक औसत दुई लाख रुपियाँभन्दा बढी खर्च गरेको देखिन्छ। निजीका १६ लाख ७९ हजार ४ सय ७६ बालबालिकाका लागि अभिभावकले प्रतिविद्यार्थी वार्षिक दुई लाख रुपियाँ खर्च गर्दा वार्षिक ३ खर्ब ३५ अर्ब रुपियाँ हुन्छ। कुसियैत भन्छन्, "निजी स्कुलहरूले लिएको रकमका आधारमा एउटा अभिभावकले प्रतिविद्यार्थी वार्षिक दुई लाख रुपियाँ खर्च गरेको छ। राज्यले ८० प्रतिशतका लागि गरेको खर्चभन्दा अभिभावकले २० प्रतिशतका लागि गरेको लगानी धेरै गुणा बढी छ। यसले निःशुल्क शिक्षाको संवैधानिक व्यवस्थाको धज्जी नै उडाएको छ।"

प्याब्सन उपाध्यक्ष तथा भक्तपुरको सिद्धार्थ विद्यापीठकी प्रिन्सिपल दीपिका थापा पनि अभिभावकले प्रतिविद्यार्थी वर्षमा दुई लाखभन्दा बढी नै खर्च गरेको स्वीकार्छिन्। भन्छिन्, "यो न्यूनतम लगानी हो। यसभन्दा बढी नै भएको होला, कम छैन। त्यसैले शिक्षामा राज्यको भन्दा बढी लगानी अभिभावकको छ।"

१४ थरी शुल्क

राज्यको लगानीलाई अभिभावकको शुल्कले उछिन्नुको कारण हो- निजी विद्यालयले अभिभावकसँग लिएको मनपरी र जथाभावी शुल्क। विद्यालयपिच्छे थरीथरीका शुल्क लागू गरिएको छ। शिक्षा ऐन र नियमावलीले नाफामूलक निजी विद्यालयलाई अभिभावकसँग मनपरी शुल्क लिने छुट दिँदैनन्। शैक्षिक सत्र सुरु हुनुभन्दा तीन महिनाअघि नै निजी विद्यालयले जिल्ला शिक्षा कार्यालयमा आफ्नो विद्यालयको शुल्क प्रस्ताव गरी अनिवार्य स्वीकृत लिनुपर्ने प्रावधान छ। तर, धेरै निजी विद्यालयले यो कानुनी व्यवस्थालाई निकम्मा साबित गरेका छन्। न तिनले शिक्षा कार्यालयमा शुल्क स्वीकृतिका लागि प्रस्ताव गर्छन्, न त शिक्षा कार्यालयले त्यसका लागि कडाइ गर्छ। शिक्षा विभागका उपनिर्देशक नारायणकाजी काशिछवा भन्छन्, "निजी विद्यालय सरकारभन्दा बलिया छन्। कसैले केही गर्न सक्दैन।"

कतिसम्म भने निजी विद्यालयले यो शैक्षिक सत्रको भर्ना नै बन्द गरिसक्दा पनि काठमाडौं, भक्तपुर र ललितपुरलगायत देशका धेरै जिल्लामा निजी विद्यालयको यो वर्षको शुल्क निर्धारण भएको छैन। शुल्क निर्धारण भए पनि त्यसलाई निजी विद्यालयले कार्यान्वयन नगर्ने हुँदा सरकारी बेवास्ता बढेको हो। गत शैक्षिक सत्रका लागि निर्धारण गरेको काठमाडौंकै शुल्क पनि अहिले विद्यालयहरूले लिने गरेको रकमभन्दा धेरै तल छ। काठमाडौं जिल्ला शिक्षा कार्यालयले 'ग' श्रेणीका निजी विद्यालयलाई प्राथमिक तहमा १ हजार ५ सय ७५, निम्न माध्यमिक तहमा १ हजार ८ सय र माध्यमिक तहमा २ हजार ४ सय ५० रुपियाँ मासिक शुल्क निर्धारण गरेको थियो। त्यस्तै 'ख' श्रेणीका विद्यालयका लागि प्राथमिकमा १ हजार ९ सय ६८, निम्न

आवरण टिप्पणी

विद्यानाथ कोइराला

धनी बन्ने दलाल

शास्त्रले भन्यो- विद्या ठूलो धन हो, पैसा हातको मयल हो। व्यवहारले भन्यो- विद्या हुनेहरू सम्मानित भए, पैसा हुनेहरू पनि मर्दा खाली हात गए, बाँच्दा त्यसैमा अलमलिए। शिल्पीको अनुभवले भन्यो- गुजारा त चल्यो, चाहिएको बेलामा पैसा भएन। सीप हुनेको पैसा भए पनि विद्या हुने जतिको सम्मान भएन। पैसा र सम्मानलाई विद्याको समकक्षी ठानियो। को जिम्मेवार हो यसमा ? वर्णाश्रम ब्रह्म जान्ने सम्मानित, लड्न जान्ने सम्मानित। खेती र व्यापार गर्न जान्ने कम सम्मानित, सेवा गर्न जान्ने अपमानित। आर्थिक सम्पन्नता तथा विपन्नतामा को जिम्मेवार हो त ? सम्पन्न सेवाकर्मी पनि अपहेलित भए।

भोट-बर्मेली समुदायमा बेग्लै मान्यता छ त ? द्रविड र आग्नेयको चालमा केही फरक छ त ? नेपाली अनुभवले भन्छ- हामी जटिल छौं, संस्कारको मान्यता पनि छाड्दैनौं। वर्गको सम्मान पनि छाड्दैनौं। यही जटिलताबीच धनी बन्ने चिरागको खोजी गर्नुपर्छ। वर्गीय दर्शनबाट मात्र उत्तर खोज्ने काइदा एकांगी हो। वर्णाश्रमबाट मात्रै उत्तर खोज्नु पनि एकांगी सोच नै हो। सेवा-समूह असम्मानित भए भन्नु पनि गाह्रो भयो। ठूला होटलका वेटर र हवाईजहाजको परिचारिका असम्मानित छैनन्। सफाइ कामदारहरू सम्मानित छैनन्। गुजारामुखी शिल्पी दलितहरू हुन्। सम्मानित छैनन्। उद्यमी दलित भएमा सम्मानित हुन्छन्, जातिमा लिइँदैनन्। यो जटिलताले हामीलाई अर्को पाठ सिकायो। विद्याप्रेमी संस्कारले पढाइ खोज्यो, धनप्रेमी व्यवहारले पैसा कमाउने तागत खोज्यो। दलितहरूको अनुभवले नवीन संस्कार, विद्या र धन एकसाथ खोज्यो। मानवशास्त्र तथा समाजशास्त्रीय आँखाबाट हेर्दा शिक्षाले भोगाइ र खोजाइबीच समन्वय गर्न जानेन, सकेन।

धनाढ्यको प्रयास

स्वदेशी तथा विदेशी धनाढ्यले कसरी आर्जन गरे ? यो प्रश्नको सहज उत्तर हो- प्रवृत्तिले, अथक लगनले, बेच्ने वस्तुको पहिचानले र बेच्ने ठाउँको सुनिश्चितताले। अर्थात्, धनी बन्न यी चीज चाहिने रहेछ- प्रवृत्ति, बेच्ने वस्तु र बेच्ने ठाउँ। उनकै अनुभवले भन्यो, धन अत्यावश्यक हो भन्ने भौतिकवादी धारणाको खेती गर्नुपर्छ। 'चल्छ' भन्ने मानसिकता भत्काउनुपर्छ। सार्थक चिन्तनलाई स्वीकार्नुपर्छ। यो धारणाले धनमुखी प्रवृत्ति बन्छ। लगनले सिर्जना गर्छ। प्रयत्नलाई त्यतातिर फर्काउँछ। बेच्ने कुराको खोजी गराउँछ। दिमाग बेचे सल्लाहकार। सीप बेचे नर्तक, क्षमता बेचे खेलाडी। वस्तु बेचे व्यापारी। ठूलो ठाउँमा बेच्न जाने धनी। धनाढ्यको मन्त्र त्यही हो।

शिक्षालयको संस्कार

शिक्षालयले तीन काम गर्छ। संस्कारको संरक्षण, संरचनाको प्रत्युत्पादन र समाजको रूपान्तरण। पहिलो कामले विद्या ठूलो भनिरह्यो। दोस्रो कामले जातजाति, वर्ग र सामाजिक जटिलतालाई ज्यूँका त्यूँ रहन दियो। तेस्रो कामले नजानिँदो ढंगको रूपान्तरण मात्र गर्‍यो, धीमा गतिको। यसले गर्दा धन कमाउने बाटो नै बनेन। कृषिमा आश्रित जीवनले थप धन खोजेन। अंश पाइने आश्वस्तताले युवालाई कमाउने बाध्यता सिर्जेन। आमाबाबुले सन्तानका लागि पनि आर्जन गरिदिनुपर्छ भन्ने मान्यताले सन्ततिमा जाँगर आएन। शिक्षालयले यो क्रम तोडेन, बरू जोड्यो। त्यसैले धन कमाउने कला नै जानेन विद्यार्थीले। कमाउनैपर्छ भन्ने बाध्यता नै महसुस गरेन, संस्कार र कानुनको प्रबन्धले। प्रवृत्ति नै बनाएन, शिक्षालयको धीमा गतिमा रूपान्तरण गर्ने मान्यताले। चलेकै छ, चल्छ भन्ने बलवती संस्कारका मध्यमार्गी शिक्षकको शिक्षाले। अर्थात्, धनाढ्यहरू शिक्षालयमा पसेनन्। धन कमाउन बाध्य हुने गरिबहरूले शिक्षालयबाट धन कमाइन्छ भन्ने काइदा नै जानेनन्। विद्यार्थीको पनि त्यही स्थिति रह्यो। परिणामतः शिक्षालयहरूले धन कमाउने उपाय नै जानेनन्, सिकाएनन्। एक जना विद्यार्थीको मनमा पढुन्जेल धन कमाउन कसैले सिकाएन। शिक्षकले, घरले, पढाइ सकेको भोलिपल्ट सबैले कमाइ खोजे। यो स्थितिमा विद्यार्थी रहेन।

अपनाउने बाटो

धनमुखी बनाउने अनेकन काइदा हुन्छन्। यसका लागि शिक्षकहरूले अनेकन उपाय गर्न सक्छन्। प्रश्न हो- गर्ने कि

काइदा

नगर्ने ? पहिलो काइदा हो, विद्यार्थीलाई ऋण दिने। एक-दुई साताको समय दिने। त्यो समयमा त्यो ऋण खर्चेर कमाऊ भन्ने। साउँ फर्काऊ भन्ने। ब्याज नतिर भन्ने। कमाऊ भन्ने र कमाएको रकम विद्यार्थीको खातामा जम्मा गर्न लगाउने। यो व्यवस्थाले सात-आठ दिनका लागि निर्ब्याजी ऋण दिने शिक्षक खोज्छ। विद्यार्थी आफैंले उपाय खोज्छ। बजार खोज्छ। पुँजीवादी देशले धनवादी विद्यार्थी बनाउन त्यसै गर्छन्। दोस्रो काइदा हो, अभिभावकले केही रकम लगानी गर्ने। विद्यार्थीलाई नै कमाउन लगाउने। के गर्ने भन्ने नसिकाउने। उसले गरेको काममा स्याबासी दिने। काठमाडौंका केही विद्यालयले त्यो काइदा अपनाएको देखिन्छ। तेस्रो काइदा हो, विद्यार्थीलाई बजार सर्वेक्षण गराउने। के बिक्छ खोजाउने। सोच्न लगाउने। कमाउने उपाय त्यहीँ सिक्न प्रेरित गर्ने। यो काइदाले परियोजना कार्य माग्छ। कक्षाकोठामा मात्रै पढ्नु-पढाउनुपर्छ भन्ने पुरातन बुद्धिको विरोध गर्छ। अध्ययनका क्रममा विद्यार्थीले जे बुझ्छे, त्यसैमा काम गर्न दिने घरायसी तथा शिक्षालयीय प्रेरणा माग्छ। चौथो काइदा हो, शिक्षालयले काम दिने। सुर्खेतको बड्डीचौरको माध्यमिक विद्यालयले त्यही काम गर्छ। स्कुलमा बाख्रापालक विद्यार्थी छन्। कुखुरापालक छन्। ऋण स्कुलको, आम्दानी विद्यार्थीको। जोखिम पनि उसैको। यसो गर्दा विद्यार्थीले कमाउने कुरा जान्दछ। भविष्यमा त्यही काम गर्छ। पाँचौं, पढाइलाई गराइसँग जोड्ने। यसका लागि पाठ्यक्रम र पाठ्यपुस्तकलाई खाना, नाना र छाना आदिमा बाँड्ने सीप माग्छ। खोटाङको स्कुलले त्यही काम गर्छ। स्कुलमा विद्यार्थीले आफैं खाना बनाउँछ। नाना बनाउँछ। छानाका निम्ति घर बनाउँछन्। त्यही सीपसँग जोडेर कक्षा-कोठामा पढ्छन्। छैटौं काइदा हो, विद्यार्थीले उद्यमी तथा व्यापारीसँग सहकार्य गर्ने। यो कार्यले विद्यार्थीले कसका निम्ति आफ्नो क्षमता प्रयोग गर्ने भन्ने कुराको पहिचान गर्छ। उद्योगले खोजेको के ? बजारले खोजेको के ? मैले बेच्न सक्ने के ? यस्ता प्रश्नको उत्तर खोज्दा विद्यार्थी धनवादी बन्छ। सातौं काइदा हो, विद्यार्थीहरूबीच संवाद गर्ने। संवादले विद्यार्थीमा मैले के बेच्न सक्छु भन्ने कुरा खोजी गर्ने बानी बस्छ। ज्ञान बेच्ने कि सीप बेच्ने ? यस्ता अनेकन कुरामा संवाद गर्नाले विद्यार्थीमा धनमुखी हुने चिन्तन बढ्छ।

आठौं काइदा हो, सम्भावना खोजाउने। यो प्रक्रियामा विद्यार्थीले सम्भावनाको पहिचान गर्छ। कालीकोटमा

माध्यमिकमा २ हजार २ सय ५० र माध्यमिकमा ३ हजार ६२ तोकेको थियो। 'क' श्रेणीका विद्यालयका लागि भने प्राथमिकमा २ हजार ३ सय ७५, निम्न माध्यमिकमा २ हजार ७ सय र माध्यमिकमा ३ हजार ६ सय ७५ तोकेको थियो। तर, निजी विद्यालयले यो दरभन्दा पाँच गुणा बढीसम्म शुल्क लिने गरेका छन्।

संघीय सरकारले नयाँ व्यवस्था अनुरूप जिल्ला शिक्षा कार्यालय नै खारेज गरिसकेकाले अब स्थानीय तहले निजी विद्यालयको शुल्क निर्धारण गर्ने व्यवस्था गरिएको छ। सोही अनुसार भक्तपुरको मध्यपुर थिमी नगरपालिकाले यो शैक्षिक सत्रका लागि आफ्नो क्षेत्रका निजी विद्यालयका लागि शुल्क निर्धारण गरेको छ। जसमा प्राथमिकमा न्यूनतम १ हजार ३ सयदेखि २ हजार ६ सय, निम्न माध्यमिकमा १ हजार ४ सय ८५ देखि २ हजार ९ सय ७० र माध्यमिक तहमा न्यूनतम २ हजार १५ देखि ४ हजार ४० तोकेको छ। तर, मध्यपुरकै विद्यालयले यो शुल्कभन्दा धेरै नै बढी रकम अभिभावकसँग असुल्दै आएका छन्।

सरकारी निकायले तोक्ने गरेको शुल्क धेरै चर्को छैन। शिक्षा नियमावलीमा पनि मासिक पढाइ शुल्कबाहेक दुई महिनाको मासिक पढाइ शुल्कमा नबढ्ने गरी निजी विद्यालयले सात थरी विविध शुल्क लिन सक्ने प्रावधान छ। तर, निजी विद्यालयहरूले सात थरी होइन, १४ थरी शुल्क मनपरी लिने गरेका छन्। जस्तो कि, काठमाडौंको चाँदवाग स्कुलले अभिभावकसँग १४ थरी शुल्क लिन्छ। कक्षा १ देखि ५ सम्म भर्ना शुल्क, डेभलपमेन्ट चार्ज, सुरक्षा धरौटी, मासिक ट्युसन शुल्क, अन्य मासिक शुल्क, खाना शुल्क, यातायात, स्टेसनरी चार्ज, एजुकेसन टुर चार्ज, वार्षिक शुल्क, परीक्षा शुल्क, कम्प्युटर शुल्क, स्थानान्तर शुल्क र विशेष तालिम शुल्क असुल्छ। यी सबैलाई एकमुष्ट जोड्दा करिब ५५ हजार पुग्छ।

त्यसो त नोबेल एकेडेमीले भर्ना, वार्षिक शुल्क, वार्षिक ईसीए, ट्युसन शुल्क, मासिक केयर शुल्क, कम्प्युटर शुल्क, परीक्षा शुल्क र यातायात शुल्क गरी आठ थरी शुल्क र ग्यालेक्सी पब्लिक स्कुलले १३ थरी शुल्क लिने गरेको छ। न निजी विद्यालयको पढाइमा एकरूपता छ, न त शुल्कमै। नाफाखोर निजी स्कुलले जथाभावी गरेकै कारणले निजी विद्यालयप्रति सामाजिक आक्रोश बढेको छ। २९ चैत ०७४ मा अभिभावक संघ नेपालले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा शिक्षाशास्त्री मनप्रसाद वाग्लेले भने, "संविधानमा निःशुल्क शिक्षा भनिएको छ। तर, निजी विद्यालयले शुल्कै शुल्क लिएका छन्। त्यसैले कि निजी विद्यालय खारेज हुनुपर्छ, कि संविधानको निःशुल्क शिक्षाको धारा हटाइनुपर्छ।"

निजी विद्यालयले थरीथरीका शुल्क राखेर अभिभावकले धान्नै नसक्ने बाध्यकारी अवस्था सिर्जना

ढुंगैढुंगा छ। त्यसमा मूर्ति कुँदे पैसा फल्छ कि त ? महोत्तरीमा सालका बोट छन् । त्यसको सामग्री बनाए बिक्छ कि त भनी खोज्न बाध्य गर्छ। नवौं काइदा हो, अंश नलिई बाँच्ने अभियान सञ्चालन गर्ने। यो अभियानले अंशमा आश्वस्त हुने विद्यार्थीको चिन्तन फेरिन्छ। कसरी कमाउने भन्ने कुराको अवधारणा बन्छ। दसौं काइदा हो, शिक्षालयले बजारयोग्य सीपको पहिचान गरी विद्यार्थीलाई त्यसमा लगाउने। घडी लगाउने सीप, रेडियो मर्मत गर्ने सीप, बाख्रा पाल्ने सीप, तरकारी खेती गर्ने सीप, जनसेवा गर्ने सीप । यसका बुझाइमा लगाउने हो भने विद्यार्थीले धन कमाउने काइदा सिक्छन् । बाह्रौं काइदा हो, आफैंले कमाऊ । शुल्क तिरेर पढ्ने उपायले विद्यार्थीलाई कमाउनुपर्ने बाध्यता सिर्जना गर्छ । कमाएर पढ्नुपर्ने उपायमा धकेल्छ । महात्मा गान्धीले बार्धा शिक्षा योजनामा गरेको काम त्यही हो । अमेरिकाका सामुदायिक कलेजमा पढ्ने विद्यार्थीको उपाय त्यही हो । तेह्रौं काइदा हो, विद्यार्थीको रुचि तथा क्षमतामा आधारित छोटो अवधिको तालिम दिने । सीप प्रदायक तथा उद्यमी एवं व्यवसायीको सहकार्यमा यस्ता तालिम दिन सकिन्छ। तालिमप्राप्त व्यक्तिले तालिम प्रदायककै ठाउँमा काम पाउँछन्। चौधौं काइदा हो, धनाढ्यहरूसँगको नियमित संवाद। यो संवादमा धनाढ्यहरू कसरी धनी भए भन्ने कुरा सुन्ने काम हुन्छ। विद्यार्थीले त्यो कुरा सुनेर मनमा गुन्छन्। अनि सोही अनुसार काम गर्छ।

शिक्षालयको भूमिका

अहिलेका शिक्षालयहरू छुट्टिए, कमाउने सीप नसिकाउनेहरू साधारण शिक्षक भए। सीप सिकाउनेहरू प्राविधिक एवं व्यावसायिक धारका भए। ती महँगा भए। यी दुई बिन्दुमा हेर्दा हाम्रो भूमिका रह्यो, सबैलाई धनवादी बनाउने सोचमा लाग्ने । व्यावसायिक तवरले कसैलाई बोक्यो । तिनका विस्तार कार्यक्रममार्फत सबै साधारण शिक्षालयका विद्यार्थीमा पुग्नुपर्छ । यसले साधारण तथा प्राविधिक शिक्षालयबीच सहकार्य माग्छ । त्यही क्रियाशील हुनु शिक्षालयको भूमिका हो । विद्यार्थीलाई के गरी हुन्छ धनमुखी बनाउनैपर्छ भन्ने भूमिका शिक्षालयको हुन्छ-हुनुपर्छ, स्कुल, क्याम्पस जुन भए पनि ।

मानवशास्त्री तथा समाजशास्त्रीसँगको सहकार्यमा शिक्षालयले विद्यार्थीमा धनवादी दर्शन भर्नुपर्छ । वर्ग, वर्ण र दर्शनबीचको सहसम्बन्धबारे संवाद गर्नुपर्छ। धन कमाउने परम्परागत तथा आधुनिक सीपवालालाई सम्मान गर्ने-गराउने प्रयत्न गर्नुपर्छ। गुजारामुखी हुने भए यसरी कमाऊ भन्नुपर्छ। बजारमुखी हुने भए यो काम गर भन्नुपर्छ। सरकारले धनी बन्न दिएन भने संस्कार बनाउनुपर्छ।

छिटो धनी बन्ने अहिलेको सोच हो। त्यसले दलाल पुँजी पनि जन्मायो। दुई नम्बरी, घुसखोरी, कमिसनखोरी, जबर्जस्ती। यी र यस्ता सोचले पैसावाल नै जन्मायो। तर, इज्जतवाल जन्माएन। विनयी बनाएन। यो स्थिति बदल्न शिक्षालय प्रवेश हुनासाथ बचत गर्ने र कमाउने प्रबन्ध गर्नुपर्छ। लिम्बूहरूको बच्चा जन्मनासाथ रूख लगाएजस्तो । प्रतिदिन कमाउने । प्रतिदिन बचत गर्ने, कमाउने उमेर नभएकालाई दिनको कम्तीमा एक रुपियाँ बचत गर्ने अभिभावक तयार पार्ने। कमाउनेहरूले दैनिक निश्चित रकम बचत गर्नुपर्ने प्रबन्ध गर्ने । यसरी बचत भएको रकमलाई शिक्षालयमा लगानी गर्ने र बैंकले जस्तो विद्यार्थीले नै सञ्चालन गर्ने व्यवस्था मिलाउने। सो रकम निर्माणमा लगानी गरे हुन्छ, सञ्चारमा हुन्छ, पर्यटनमा हुन्छ, उद्योगमा हुन्छ। लगानीका यस्ता क्षेत्र पहिल्याउने काम शिक्षालयकै हुन्छ।

छिटो धनी बन्ने अहिलेको सोच हो । त्यसले दलाल पुँजी पनि जन्मायो । दुई नम्बरी, घुसखोरी, कमिसनखोरी, जबर्जस्ती । यी र यस्ता सोचले पैसावाल नै जन्मायो । तर, इज्जतवाल जन्माएन । विनयी बनाएन । यो स्थिति बदल्न शिक्षालय प्रवेश हुनासाथ बचत गर्ने र कमाउने प्रबन्ध गर्नुपर्छ ।

धनाढ्य बन्ने प्रयास विद्यार्थीमा जगाउन शिक्षालयको भूमिका हुन्छ। यसो गर्न शिक्षक क्रियाशील हुनुपर्छ, विद्यार्थी परिचालन गर्न। अभिभावक सहमत हुन विद्यार्थीलाई शिक्षालयमा काम गर भन्न, शिक्षालयबाहिर काम गर भन्न विद्यार्थी भर्ना हुँदा कोरल्न मिल्ने अन्डा दिने काइदा केही शिक्षालयले गरेका छन् । क्याम्पसमै काम दिने केही शिक्षण संस्था छन् । यस्ता संस्थाहरूको तरिका खोजी विद्यार्थीमा पुऱ्याउने काम पनि शिक्षालयले नै गर्नुपर्छ।

कमाउन सिकाउनु एउटा भूमिका हो। बचत गर्न सिकाउनु अर्को भूमिका हो । बचत परिचालन गरी थप आर्जन गर्न लगाउनु तेस्रो भूमिका हो । मैले धन कमाउनुपर्छ भन्ने कुरा विद्यार्थीको दिमागमा भर्नु चौथो भूमिका हो । एक्लै वा साझेदारीमा कमाउने विद्यार्थीको रुचिमा सघाउनु पाँचौं भूमिका हो । यी पाँचै भूमिकामा विद्यार्थीलाई सघाउने हो भने सोध्ने एउटै प्रश्न हुन्छ । बेच्छौ के ? यसको उत्तर विद्यार्थीमै खोजाउनुपर्छ । यसको टुंगो लागेपछिको प्रश्न हो, कसरी बेच्दा बढी आर्जन गर्न सकिन्छ ? थप प्रश्न हुन्छ, कहाँ बेच्ने ? अर्थात्, हर कुरामा थपिने प्रश्नहरूको उत्तर विद्यार्थीले जान्नुपर्छ । सिक्न पाउनुपर्छ । त्यसो गर्ने हो भने विद्यार्थीहरू धनमुखी हुन्छन्। धनआर्जन गर्न सक्छन्।

टुंगो

*गीता*मा उल्लेख छ, 'जे रहर गर्छौ, त्यही बन्छौ ।' आशय हो, रहरले प्रवृत्ति चिनाउँछ । प्रवृत्तिले प्रयासमा दौडाउँछ। प्रयासले सफलता सुनिश्चित गर्छ। प्रक्रिया र परिवेश मिलाउन जाने व्यक्ति सदैव धनी बन्छ। धनको धनी । मनको धनी बन्ने अर्कै काइदा हो। ज्ञानको धनी भन्ने अर्कै उपाय हो। सन्तुलित धनी बन्ने बेग्लै प्रक्रिया हो। यी सबै प्रक्रियामा शिक्षालयको ठूलो भूमिका हुन्छ। शिक्षकको निर्णायक भूमिका हुन्छ। प्रशासनको सहयोगी भूमिका हुन्छ। अभिभावकको उपदेशी भूमिका हुन्छ । प्रश्न हो, शिक्षक, विद्यार्थी, अभिभावक, प्रशासक सबै राजनीतिज्ञहरूलाई कसरी त्यता फर्काउने ? यति टुंगो गरे लक्ष्मी, सरस्वती र काली एकै ठाउँमा बास गर्छन्, पहिलो धनकी देवी भएर। दोस्रो ज्ञानकी देवी भएर। तेस्रो शक्तिकी देवी भएर। सन्तुलन नजानेका हामीले धन बुझाउँदा ज्ञान छाड्यौं, ज्ञान कमाउँदा धन छाड्यौं। शक्ति कमाउँदा ज्ञान र धन छाड्यौं। अनि भन्न थाल्यौं, लक्ष्मी र सरस्वती एकै ठाउँमा बस्दैनन्। काली र सरस्वती एकै ठाउँमा रमाउँदैनन्। अर्थात्, एकसाथ बसाउन नजान्ने हामी भयौं असन्तुलित। दोष उनीहरूले पाए। किनभने, हामीले उनीहरूलाई एकअर्काका पूरक ठानेनौं, प्रतिस्पर्धी मान्यौं। त्यसैले शिक्षालयहरूले भन्न थाले, ज्ञानले पनि धन कमाउँछ। धन तथा ज्ञानले पनि शक्ति आर्जन हुन्छ। यही सोचान्तरणमा आर्थिक समृद्धि सुनिश्चित छ। शिक्षालयहरूले सहजै यो काम गर्न सक्छन्। ◆

gरेका छन् । देशभरिमा कक्षा १ देखि १२ सम्म चलेका निजी विद्यालयको संख्या ६ हजारभन्दा बढी छ । तर, सबै निजी विद्यालयको स्तर भने उस्तै छैन । निजी विद्यालयलाई 'क', 'ख', 'ग' र 'घ' श्रेणीमा विभाजन गरेर शुल्क तोक्ने व्यवस्था छ । धेरैजसो 'क' श्रेणीका विद्यालयको भर्ना शुल्क औसत ५० हजारदेखि दुई लाख र मासिक शुल्क १५ हजारदेखि ४० हजार रुपियाँ छ । ती विद्यालयले वार्षिक शुल्क ५० हजारदेखि एक लाख, अन्य शुल्क ३० देखि ५० हजार रुपियाँ लिने गरेका छन् । केही कूटनीतिक विद्यालयचाहिँ 'क' श्रेणीभन्दा पनि महँगा छन् । तर, त्यस्ता स्कुलमा आमअभिभावकको पहुँच छैन । त्यस्ता विद्यालयको भर्ना शुल्क नै एक लाखदेखि पाँच लाख छ भने मासिक शुल्क ५० हजारदेखि दुई लाख रुपियाँसम्म छ । यी विद्यालय आमअभिभावकको पहुँचबाहिर छन् । 'क' श्रेणीका विद्यालयले वार्षिक १० करोडदेखि एक अर्बसम्म कारोबार गर्ने गरेको अनुमान छ ।

निजी विद्यालयको ठूलो हिस्सा अर्थात् करिब ६० प्रतिशतचाहिँ 'ख' श्रेणीका विद्यालयले ओगटेका छन् । 'ख' श्रेणीका विद्यालयको औसत भर्ना शुल्क ४० देखि ७० हजार रुपियाँ छ भने मासिक शुल्क ८ देखि १५ हजार, वार्षिक शुल्क २० देखि ५० अनि यातायात, खानालगायत अन्य शुल्क मासिक १० देखि २० हजार रुपियाँ छ । निजी विद्यालयका ६० प्रतिशत छात्रछात्रा 'ख' श्रेणीका स्कुलमा छन् । देशका मुख्य सहरमा यस्तै विद्यालयको वर्चस्व छ । 'ख' श्रेणीका विद्यालयले वार्षिक ८० लाखदेखि पाँच करोड रुपियाँसम्म कारोबार गर्ने गरेका छन् ।

यसबाहेक 'ग' श्रेणीका विद्यालयले २० प्रतिशत र 'घ' श्रेणीकाले पाँच प्रतिशत स्थान लिएका छन् । 'ग' र 'घ' श्रेणीको भर्ना, मासिक तथा वार्षिक शुल्कमा धेरै अन्तर छैन । यी दुवै श्रेणीका विद्यालयको भर्ना शुल्क सरकारी मापदण्डभन्दा केही माथि छ । जस्तो : तिनले भर्ना शुल्क ३ देखि ५ हजार, मासिक शुल्क १ हजार ५ सयदेखि चार हजार, वार्षिक शुल्क ४ देखि १० हजार र विविध शुल्क ५ देखि १५ हजार रुपियाँ लिने गरेका छन् । 'ग' र 'घ' श्रेणीका विद्यालयमा ४० देखि ५० लाख रुपियाँसम्मको कारोबार हुन्छ ।

अनुगमन तुहियो

'क' श्रेणीका केही महँगा विद्यालयले अभिभावकको ढाड भाँच्ने गरेको गुनासो बढेपछि आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले मंसिर-माघ ०७४ मा काठमाडौँका १६ निजी विद्यालयले लिने गरेको थरीथरीका शुल्कको अनुगमन गरेको थियो । कानुनविपरीत चर्को शुल्क लिने केही विद्यालयलाई कारबाहीको दायरामा ल्याउन विभाग तयार थियो । तर, निजी सञ्चालकहरूको दबाबका कारण विभागको प्रयास त्यत्तिकै तुहिएको छ ।

महँगा विद्यालयको अनुगमन सुरु गरेका कारण २२ चैत ०७४ मा विभागका महानिर्देशक कुमार दाहाललाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सरुवा गरिएको छ भने निजी विद्यालयका फाइल उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादवको दराजमा थन्किएका छन् । यता, चर्को शुल्कको नियमन गर्न नसक्ने जिल्ला शिक्षा कार्यालयहरूलाई मन्त्रिपरिषद्ले खारेज नै गरिसकेको छ । त्यस्तै, शिक्षा विभागका महानिर्देशक नेतृत्वको केन्द्रीय शुल्क अनुगमन समिति पनि त्यत्तिकै निष्क्रिय भएको छ । त्यसैको फाइदा निजी विद्यालयले लिएका छन् । यसले निजी विद्यालयको चर्को शुल्क असुली तत्काल घट्ने होइन, अरू बढ्ने खतरा बढेको छ ।

अब निजी तथा सार्वजनिक विद्यालयको व्यवस्थापन तथा अनुगमन स्थानीय सरकारको जिम्मामा गएको छ । यो परिवर्तनले चर्को शुल्क लिँदै आएका निजी विद्यालयलाई झनै हाइसन्चो भएको छ । एनप्याब्सनका महासचिव सुवास न्यौपानेले २९ चैतमा ललितपुरमा आयोजित अभिभावक संघको अन्तरक्रियामा भने, "हामीले जुवातास खेलेको वा अवैध काम गरेको होइन, विद्यालय चलाएका हौँ । गलत तरिकाले अकुत सम्पत्ति कमाएको भन्ने लाग्छ भने छानबिन होस् ।" ◆

टिप्पणी

॥ लेखनाथ पाण्डे

शक्तिशाली कि प्रभावशाली प्रधानमन्त्री ?

प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारलाई विसं २००७ पछिकै सबैभन्दा शक्तिशाली भनेर नेपाल र विदेशमा समेत विश्लेषण हुँदैछ। संसद्मा तीन चौथाइ समर्थन, एकीकरण-उन्मुख सत्तासीन एमाले र माओवादी केन्द्रको झन्डै दुई तिहाइ बहुमत, नूर गिरेको प्रतिपक्षी, सातमध्ये ६ प्रदेशमा वाम वर्चस्व र पार्टीभित्रै कसिलो पकड वर्तमान प्रधानमन्त्रीको शक्ति आकलन गर्ने विशिष्ट सूचक हुन् । यसले उनलाई भारतीय विश्लेषकहरूको बुझाइमा पञ्चायतकालीन राजाजत्तिकै शक्तिशाली बनाएको छ । सम्भवतः ओली स्वयंले भारत भ्रमणका दौरान यसको छनक महसुस गरे । प्रधानमन्त्रीका रूपमा उनले दुई वर्षअघि र हालै पाएको नयाँदिल्लीको फरक प्रस्तुति र व्यवहार त्यसैको अभिव्यक्ति हो । प्रधानमन्त्री भएलगत्तै ओलीले गुप्तचर विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण विभाग र आईएनजीओको नियमन आफू मातहत ताने। यसले पक्कै पनि उनको कार्यक्षेत्र र शक्तिको दायरा फराकिलो बनाएकामा शंका छैन । अब प्रधानमन्त्रीका पोल्टामा केन्द्रित असीम शक्ति र फराकिलो कार्यादेश पनि बृहत्तर जनहितका निम्ति कसरी उपयोग हुन्छ, जनता बलियो बनाउन यसको प्रभाव कस्तो रहन्छ, हेर्न बाँकी छ।

प्रजातन्त्र आफैँमा सीमित शक्तिसहितको व्यवस्था हो । यस प्रणालीमा जनता कि शासक शक्तिशाली भन्ने बहसमा जहिल्यै जनतालाई प्राथमिकता दिइन्छ। निरंकुश नै सही, राजा पृथ्वीनारायण शाहसमेत 'प्रजा मोटा भया दरबार बलियो हुन्छ' भन्ने मान्यता राख्थे। तर, ०४६ मा प्रजातन्त्र पुनःस्थापनायता दुई दशकको हिंसात्मक द्वन्द्व र राजनीतिक संक्रमण, आन्तरिक मामिलामा चरम बाह्य चलखेललगायतका कारण सबल र सशक्त सरकारको खाँचो देखियो। कार्यकारी राष्ट्रपतिदेखि उदार तानाशाही (बेनेभोलेन्ट डिक्टेटरसिप)को 'रेटोरिक' पनि त्यसैको सेरोफेरोमा आएको हो । तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले राज्य कमजोर हुँदा 'मुलुकको साँचो बाहिर पुगेको' विवादास्पद अभिव्यक्ति दिएका थिए । गठबन्धन सरकारमा प्रधानमन्त्री निरीह हुने भएकाले पछिल्लो चुनावी जनादेश पनि सशक्त सरकारकै निम्ति हो।

सम्भवतः प्रजातन्त्रमा शक्तिको मापन कसले कुन पद ओगट्छ भन्ने पक्षले मात्र निर्धारण गर्दैन। बरू, त्यो पदमा बहाल व्यक्तिले राष्ट्रहित र जनहितमा कस्तो प्रभाव पार्छ वा पार्न सक्छ भन्नेमा निर्भर रहन्छ । माओपछि चीनमा उदाएका देङ स्याओ पिङ न चिनियाँ राष्ट्रपति थिए, न प्रधानमन्त्री, न त पार्टी प्रमुख। तर, कुनै कार्यकारी पदबिनै सर्वोच्च नेताका रूपमा चिनियाँ समाजमा उनको प्रभाव असीम थियो। तन्नम कृषिप्रधान चीनलाई करिब साढे तीन दशकको अन्तरालमा विश्वकै ठूलो ऋणदाता र दोस्रो धनी राष्ट्र बनाउन उनको मार्गदर्शन अतुलनीय रह्यो । यस दृष्टिकोणबाट हेर्दा हाम्रा कार्यकारी प्रमुखहरूको शक्तिको प्रभाव निकै फितलो देखिन्छ। प्रधानमन्त्री ओलीलाई 'शंकाको लाभ' दिनुपर्छ तर आजका दिनसम्म पनि उनी अपेक्षित प्रभावशाली देखिएका छैनन्।

कार्यकारी प्रमुखले बृहत्तर हित र स्वार्थका लागि वैधानिक रूपले राज्यशक्तिको कति चुस्त परिचालन गर्न सक्छ, त्यसैमा उसको शक्ति र प्रभाव प्रतिबिम्बित हुन्छ । प्रधानमन्त्री ओली र उनको टिमको जायज निर्देशनसमेत मातहतका कर्मचारीले नै ललकार्छन्। ट्रेड युनियनका नाममा चरम दलीयकरणले कर्मचारीप्रति गुण र दोषका आधारमा दण्डित वा पुरस्कृत गर्न सकिन्न। नियमका कुरा गर्दा मन्त्रीलाई नै खुला चुनौती दिन्छन् । डीआईजीद्वय नवराज सिलवाल र रमेश खरेलको राजीनामा उदाहरण हुन् । दुवै जना स्वैच्छिक रूपले सेवा निवृत्त हुन स्वतन्त्र होलान्। तर, यसको मूल सन्देश सरकारको निर्णयप्रति सशस्त्र संगठनका उच्च अधिकृतबाटै भद्र अवज्ञा हुन थाल्यो भन्ने हो। मातहतकै निकायमा प्रधानमन्त्रीले यस्ता अवरोध सामना गर्नुपर्ने स्थिति छ भने स्वायत्त निकाय र निजी क्षेत्रमा कस्तो प्रभाव होला ?

सार्वजनिक संस्थानहरूको अवस्था झन् विचित्र छ। दलीयकरणले राज्यको सकारात्मक प्रभाव संस्थानहरूभित्र निकै कमजोर छ, जनतासम्म पुग्नु त कता हो कता ! नेपाल विद्युत् प्राधिकरणभित्र कुलमान घिसिङलाई हटाउनुपर्छ भन्ने बिचौलियाहरूको 'लबिङ' अद्यापि जारी छ । स्वयं राजनीतिक नियुक्ति थापेका विश्वविद्यालयका पदाधिकारीहरू शिक्षक, कर्मचारी र विद्यार्थीको राजनीतीकरणले वाक्क-दिक्क छन्। पेसागत संगठन र निजी क्षेत्रको कुरै छाडौं, यातायात संगठनहरू सिन्डीकेट लाद्न नपाएको झोँकमा 'सरकारलाई घुँडा टेकाउँछु' भन्छन् । सुन व्यवसायीहरू सुनमा मिलावट गर्न नपाए सुन पसलै बन्द गर्छन्। र, यस्ता विरलै पेसा र व्यवसाय छन्, जहाँ यस्तो विकृति नझाँगिएको होस्।

प्रधानमन्त्रीलाई आफ्नो कार्यकालमा अमनचैन होस्, आर्थिक अनुशासन होस्, कानुनको राज कायम होस् भन्ने अवश्य लाग्दो हो । तर, चाहेर पनि उनले राम्रा काम बिना अवरोध गर्न सक्ने अवस्था छैन । गृहमन्त्री स्वयं जेलमा रहेका अभियुक्तलाई जुस पिलाउन जानुपर्छ । निर्दोषको प्रमाणपत्र जुसले होइन, अदालतले दिनुपर्ने हो। तर, सरकार यति दबाबमा छ, अदालती प्रक्रियासमेत कुर्न सक्दैन। राजनीतिको अपराधीकरण र अपराधको राजनीतीकरण व्याप्त छ। ट्रेड युनियनका सिन्डीकेट, कालाबजारियाका कार्टेलिङ, घुसखोर, तस्कर र डनहरूको सञ्जाल राज्यभन्दा बलशाली छन्। अनि, प्रधानमन्त्री कसरी शक्तिशाली ?

प्रजातन्त्रमा दलहरूलाई जति ठूलो 'म्यान्डेट' प्राप्त हुन्छ, जनअपेक्षा र जिम्मेवारी उति नै बढी हुन्छ। जुन दिन प्रधानमन्त्री ओलीले आफूमा निहित शक्ति यी र यस्ता विकृति अन्त्य गर्न र बृहत्तर जनहितमा उपयोग गर्न सक्छन्, उनी देङजस्तै प्रभावशाली र सफल हुनेछन् । नत्र पदशाली वा शक्तिशाली बन्लान् तर प्रभावशाली बन्न मुस्किल छ। ♦

CREATE YOUR "OWN" ENVIRONMENT
Divine Wines
HAPPY NEW YEAR
2075
Divine Wines
Ultrablack's
Ultrablack's
Divine Wine
White
Alc: 11.5%
Shree Mahakali Wine Pvt. Ltd.
Naubise-3, Dhading, Nepal
Ultrablack's
Divine Wines
Alc: 11.5%
Regd. No.: 46783/063/064
750 ml
Shree Mahakali Wine Pvt. Ltd.
Naubise-3, Dhading, Nepal.
www.divinewine.com.np
www.facebook.com/divinewinenepal

तर पनि तंग्रिँदै

दुई वर्षमै भित्रिए झन्डै दोब्बर पर्यटक

■ जनक नेपाल

१२ वैशाख ०७२ को विनाशकारी भूकम्पपछि नेपाल भ्रमणमा रहेका पर्यटक धमाधम फर्किरहेका थिए । सरकार तथा निजी क्षेत्रमा समान अन्योल र निराशा छाएको थियो । काठमाडौंमा अन्तर्राष्ट्रिय मिडिया र उद्दारकर्ताको बाक्लै आहोरदोहोर थियो । त्यसको लाभ पर्यटन उद्योगले उठायो । अहिले भने भूकम्पको धक्काले लगभग सुनसान भइसकेको पर्यटन उद्योग दुई वर्षमै तंग्रिएको छ ।

"भूकम्पले संसारको ध्यान नेपालमा खिच्यो । लगत्तै नेपाल सुरक्षित छ भन्ने सन्देश प्रवाह गर्‍यौं," नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपक जोशी भन्छन्, "त्यसैको प्रभाव हो, दुई वर्षमै पर्यटक संख्या दोब्बर वृद्धि हुनु ।" भूकम्पअघि पाँच लाख पर्यटकले नेपाल भ्रमण गरेका थिए । तर, सन् २०१७ मा झन्डै १० लाख पर्यटक आएको उनी बताउँछन् । सुनसान भइसकेको पर्यटन क्षेत्रलाई उठाउन बोर्डले गैरआवासीय नेपाली संघ (एनआरएनए), दूतावास र अन्तर्राष्ट्रिय मिडियाको सहयोग लिइएको उनको भनाइ छ । पर्यटक वृद्धिको यो गतिलाई निरन्तरता दिँदै यस वर्ष १२ लाख पर्यटक भित्र्याउने गरी रणनीतिक योजना बनाइएको जोशी बताउँछन् ।

पर्यटन बोर्डका अनुसार गत वर्ष नेपाल भ्रमण गर्नेमा सबैभन्दा धेरै १ लाख ६० हजार भारतीय छन् भने दोस्रोमा १ लाख ४ हजार चिनियाँ पर्यटक रहेका छन् । त्यस्तै, ७९ हजार अमेरिकी, ५१ हजार बेलायती र ४५ हजार श्रीलंकालीले गत वर्ष नेपाल भ्रमण गरेका

तस्बिर : केशव न्यौपाने

छन् । भारतीय पर्यटकको आकर्षण काठमाडौं र पोखरामा देखिएको छ भने वन्यजन्तु हेर्न चितवन जाने चिनियाँको संख्या बर्सेनि वृद्धि भइरहेको छ । त्यस्तै, अन्नपूर्ण ट्रेकिङमा रुचि राख्ने फ्रेन्च, जर्मनलगायत युरोपियन धेरै छन्। सगरमाथा आधार शिविर र पर्वतारोहणमा जानेमा अस्ट्रेलिया र न्युजिल्यान्डका धेरै पर्यटक छन् ।

०७३ मा घुमफिर वर्षका रूपमा ४२ देखि ४५ लाख आन्तरिक पर्यटक नेपाल घुमे । सबैभन्दा उत्साहपूर्ण भ्रमण रारामा रह्यो । त्यहाँ झन्डै ३० हजार पर्यटक पुगेको व्यवसायी बताउँछन् । पर्यटन मात्र यस्तो क्षेत्र हो, जहाँ राज्यभन्दा निजी क्षेत्रको बढी सक्रियता हुन्छ । धेरै ठाउँमा निजी क्षेत्र अघि-अघि र सरकार पछि-पछि भइरहेका छन् । क्लब हिमालयन रिसोर्ट खुलेपछि नगरकोट गन्तव्य बनायो । माउन्टेन रिसोर्टले बन्दीपुरलाई चिनायो भने टाइगर टप्सले चितवन र बर्दिया निकुञ्जको पर्यटन प्रवर्द्धन गऱ्यो ।

विश्वको झन्डै आधा जनसंख्या तथा अर्थतन्त्र ओगटेका भारत र चीनको छिमेकी हुनु पर्यटन उद्योगका लागि ठूलो अवसर भएको जोशीको धारणा छ । कम लगानीमा राम्रो प्रतिफल प्राप्त हुने, आत्मनिर्भर व्यवसाय, वातावरण र संस्कृतिमैत्री रहेकाले पर्यटनलाई सरकारले मुख्य प्राथमिकतामा राखेर योजना बनाउनुपर्नेमा उनको जोड छ । "अर्को अन्तर र्राष्ट्रिय विमानस्थल बन्नासाथ नेपाल आउने पर्यटकको संख्या दोब्बर-तेब्बर वृद्धि हुनेछ," जोशी भन्छन् ।

५८ मिटरको केचनाकवलदेखि ८ हजार ८ सय ४८ मिटर सगरमाथाको विविधता १ सय २० किमिमा पाइने भएकाले नेपाल पर्यटकको रोजाइमा पर्ने गरेको छ । 'पर्यटकीय देश' भन्नासाथ अन्तर्राष्ट्रिय स्तरमै मुलुकको छवि सुन्दर देशका रूपमा प्रचारित भएको जोशी बताउँछन् । पर्यटन व्यवसायबाट छिटो लाभ लिन सकिने उल्लेख गर्दै भन्छन्, "प्राकृतिक सौन्दर्यसँगै आत्मीय आतिथ्यका लागि पनि नेपालको चर्चा छ ।" अहिले पर्यटन क्षेत्रमा झन्डै चार लाखले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

हवाई तथा स्थलगत यातायात सुरक्षित र सुविधायुक्त बन्नासाथ धेरै समस्या हट्ने व्यवसायी बताउँछन् । "संसारमा कतै नभएको पर्यटकका लागि छुट्टै टिकट दर नेपालमा मात्र लागू छ," पर्यटन व्यवसायी देवानन्द अर्याल भन्छन्, "पर्यटकले अधिकांश यातायातमा खर्च गर्नुपर्ने बाध्यता रहेसम्म संख्या पनि बढ्दैन । धेरै पक्षले लाभ पनि लिन सक्दैनन् ।"

सरकार पूर्वाधार विकासमा पर्यटनमैत्री बन्न सकेको छैन । त्यसको सबैभन्दा ठूलो उदाहरण हो, मुग्लिन-नारायणगढ ३२ किलोमिटर सडक । देशकै सबैभन्दा धेरै पर्यटक आवागमन हुने काठमाडौं-पोखरा-चितवन जोड्ने यो सडकको तीन वर्षमा पनि मर्मत तथा स्तरोन्नति हुन सकेको छैन । काठमाडौंदेखि नजिकको गन्तव्य नगरकोट जाने सडकको पनि उस्तै बिजोग छ । कास्की रूपाकोटमा निजीस्तरबाट एक अर्ब रुपियाँको लगानीमा रिसोर्ट निर्माण हुँदैछ । तर, त्यहाँ पुग्ने सडक निर्माण गर्न सरकारी बेवास्ता छ ।

कैलाश मानसरोवरमा
भारतीय पर्यटक

तस्बिर : जनक नेपाल

नेपालगन्ज विमानस्थलमा पर्यटक

संस्कृति तथा पर्यटनमन्त्रीमा नियुक्त भएलगत्तै रवीन्द्र अधिकारीले तीन निर्णय गरेका छन् । पहिलो, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको ट्राफिक जाम कम गर्न २१ घन्टा विमानस्थल खोल्ने । यसअघि १८ घन्टा मात्र विमानस्थल खुल्थ्यो । दोस्रो, सन् २०१९ भित्र भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण पूरा गर्ने । र, तेस्रो सन् २०२० लाई नेपाल भ्रमण वर्षका रूपमा मनाउने । भ्रमण वर्षको प्रवर्द्धन गर्न सचिवालय स्थापना गर्न लागिएको छ ।

राष्ट्रिय पर्यटन परिषद्का सदस्य वासु त्रिपाठी देशभरका पर्यटकीय गन्तव्यको पहिचान गरी विकास, संरक्षण र प्रवर्द्धन गर्नुपर्ने बताउँछन् । भन्छन्, "सरकारको प्रस्ट नीति नहुँदा ऐतिहासिक क्षेत्रको पहिचान, नयाँको प्रवर्द्धन र चल्तीका गन्तव्यको संरक्षण हुन सकेको छैन ।" उनले फेवातालको उदाहरण दिए, अँधेरी र हर्पनलगायतका दर्जनभन्दा बढी खोलाबाट बर्सेनि १ लाख ४२ हजार मेट्रिक टन गिटी-ढुंगा र माटोले पुरिइरहेको छ । कुनै बेला ३३ मिटर गहिरो ताल अहिले ११ मिटरमा सीमित छ। ताल अतिक्रमण उस्तै छ। संरक्षणमा सरकारको कुनै चासो छैन । त्यस्तै, विकासका नाममा ट्रेकिङ रुटमा जथाभावी बाटो खनेर चार साता लामो अन्नपूर्ण ट्रेकिङलाई एक सातामा सीमित गराइएको उनी बताउँछन् । त्रिपाठी भन्छन्, "कुनै बेला उत्कृष्ट ट्रेकिङ रुट अहिले धूले-बाटो बनेको छ । पर्यटनको मर्म नबुझेर जथाभावी विकासले विनाश निम्त्याइरहेको छ ।"

गत वर्ष नेपाल आएका १० लाख पर्यटकमध्ये करिब चार लाखले पोखरा भ्रमण गरेको अनुमान छ । त्यस्तै, पाँच लाखभन्दा बढी आन्तरिक पर्यटक घुमफिरका लागि पोखरा पुगे । देशकै प्रमुख पर्यटकीय गन्तव्य मानिएको पोखरामा पाँच सय होटल र २० हजार बेड क्षमता रहेको छ । नेपाल आउने पर्यटकले औसतमा प्रतिदिन ६० डलर खर्च गर्छन् । "सरकारले निजी क्षेत्रसँग मिलेर पर्यटक संख्या वृद्धि गर्ने, बसाइ लम्ब्याउने, बढी खर्च गर्ने वातावरण बनाई त्यसको लाभ स्थानीय समुदायले पाउने गरी योजना बनाउनुपर्छ," त्रिपाठी भन्छन् । ◆

कैलाशको अर्को ढोका

भूकम्पपछि चीनतर्फको तातोपानी नाका बन्द भएपछि मानसरोवर तीर्थयात्रा रोकिने धेरैको अनुमान थियो । तर, व्यवसायीले सिमकोट-हिल्सा रुटबाट धार्मिक पर्यटन प्रवर्द्धन गरे । यो बाटोबाट पहिलो वर्ष नौ हजार पर्यटकले कैलाश दर्शन गरे भने गत वर्ष संख्या बढेर झन्डै १२ हजार पुग्यो ।

सरकारी तथा निजी क्षेत्रको पूर्वतयारीबिनै एकै वर्ष पर्यटक वृद्धि हुँदा व्यवस्थापन भने अस्तव्यस्त देखियो । नेपालगन्ज, सिमकोट र हिल्सामा पर्यटकलाई बासको प्रबन्ध मिलाउन व्यवसायीलाई हम्मे पर्‍यो । अधिकांश निजी एयरलाइन्सहरूले आफ्ना सेवा यतै केन्द्रित गर्नुपरेको थियो । दैनिक एकाध उडान हुने सिमकोट विमानस्थलमा एकै दिन जहाज र हेलिकप्टरका ९० वटासम्म उडान भए । होटल सिद्धार्थ भ्युका प्रबन्ध निर्देशक केशव न्यौपाने कैलाश यात्रीको बढ्दो चापकै कारण नेपालगन्जमा स्तरीय होटल वृद्धि भइरहेको बताउँछन् । भन्छन्, "कैलाश यात्रुले यो रुट रोज्नु धेरै खुसीको कुरा हो । हामीले पनि होटलको स्तरोन्नति गरी चारतारे स्तरको बनाएका छौं ।" सिद्धार्थसँगै चारतारे स्तरका होटल सोल्टी, सेन्ट्रल प्लाजा र सिग्नेट इन खुलेका छन् । त्यस्तै, कल्पतरु, सिटी प्यालेस, स्नेहा र किचन हटले पनि कैलाश यात्रुलाई लक्षित गरी सेवा विस्तार गरेका छन् ।

सन् २००६ देखि सिमकोट-हिल्सा रुट प्रयोगमा आएको हो । पहिलो वर्ष ५४ भारतीयले यात्रा गरेको यो रुटमा बर्सेनि वृद्धि भइरहे पनि भूकम्पअघिसम्म पर्यटकको संख्या दुई हजार नाघेको थिएन । १८ ट्राभल कम्पनीले पर्यटकलाई मानसरोवर कैलाश दर्शन गराइरहेका छन् । तिब्बत रुटको तुलनामा हुम्ला-हिल्सा मार्ग केही महँगो भए पनि छोटो र आरामदायी भएको भन्दै भारतीय तीर्थयात्रीले मन पराएका छन् । कैलाश दर्शन गर्न जाने पर्यटकमा भारतका चेन्नाई, गुजरात, आन्ध्रप्रदेश, कर्नाटक र तामिलनाडुका धेरै छन् ।

तिब्बती रुटबाट जाँदा १ लाख ८५ हजार रुपियाँमा तीर्थयात्रीले मानसरोवर भ्रमण गर्थे । मोटरबाटोबाट जाँदा ३ हजार ७ सय ५० मिटर उचाइको ग्यालमकुटीबाहेक तिब्बती रुटमा समस्या नरहेको व्यवसायी बताउँछन् । अहिले तीर्थयात्रा चार दिन छोटिए पनि खर्च भने बढेर १० दिनको २ लाख ६४ हजार रुपियाँ पर्न आउने उनीहरूको भनाइ छ ।

Arogin
HEALTH CARE & RESEARCH CENTRE

World Class
HAIR TRANSPLANTATION

कपाल प्रत्यारोपण : जानकारी

कपाल प्रत्यारोपण एक आफ्नै टाउकोको पछाडिको भाग अथवा दाह्रीबाट कपालको जरा निकालेर अगाडी सार्ने प्रक्रिया हो । रोपिएको कपाल प्राकृतिक रूपले बढ्छ र यो हाम्रो सामान्य कपाल जस्तै प्रकृतिको हुन्छ ।

विश्वमा अहिले ३ वटा प्रबिधिबाट कपाल प्रत्यारोपण गरिन्छ जसमा FUT (Folicular Unit Transplant), FUE (Folicular Unit Extraction) र अहिले आएको र हाम्रो सेन्टरमा हुने IHT (Immediate Hair Transplantation) रहेका छन्।

कपाल प्रत्यारोपण एक सामान्य प्रक्रिया हो र यसमा कुनै अस्पताल भर्ना हुन पर्दैन ।

तालुपनबाट मुक्ति पाउनका लागि यो एक मात्रै उपाय हो ।

Type HAIR & SMS to **9801143423** for **FREE CONSULTATION**

Or call us on **01-44 23 423**

OUR OTHER SERVICES:

- Hair fall control
- Hair transplantation on scar
- Eyebrow transplantation
- PRP therapy for Hair
- Mesotherapy

कसले सम्पर्क गर्ने?

तालु खुइलिएको तर पछाडिको भागमा बाक्लो कपाल भएको पुरुषहरुले
अगाडीको भाग एकदमनै पातलो देखिदै गएको महिलाहरुले
- तन्नेरी अवस्थामा नै कपाल पातलो हुदै गएको युवावर्गले
- घाउचोट लागेर अथवा आगोले पोलेर बसेको दागमा
- कपाल रोप्न पर्ने।

बिहान ९:०० बजे देखि बेलुका ६:३० सम्म
For Appointment: **9801143423 / 9801143425**

WE ARE OPEN ON
SATURDAYS
TOO

AROGIN HEALTH CARE & RESEARCH CENTRE PVT. LTD
05, Bishalnagar, Baluwatar, Kathmandu
01 4423423 / 25 / 35
hairclinic@aroginhealthcare.com
www.aroginhealthcare.com

Finance Partner:
NABIL BANK®

सेक्रेट स्टार

युट्युब च्यानलका गीतबाट लाखौँ प्रशंसक र आम्दानी

विभु लुइटेल

अहिले नेपालमा सर्वाधिक रुचाइएका गायक को हुन् भनी सर्वेक्षण गरिए सायद अघिल्लो पंक्तिमै पर्लान्, नितेशजंग कुँवर, २५ । एक वर्षअघि मात्रै आफ्नो पहिलो गीत *युट्युब*मार्फत सार्वजनिक गरेका कुँवरलाई लोकप्रिय हुन धेरै समय लागेन । सबैले उनलाई सफल गायक तथा गीतकारका रूपमा हेर्न थालिसकेका छन् । कन्सर्टमा उनको नाम लिई चिच्याउने अनगिन्ती प्रशंसक हुन्छन् । *युट्युब*मा उनको च्यानल *सब्स्क्राइब* गर्नेको संख्या करिब एक लाख छ । उनका लागि मरिमेट्ने त झन् कति-कति ! *युट्युब*मा *अपलोड* गरिएका ३१ भिडियोलाई एक करोडपटक हेरिएको छ । तर, यिनै नितेशजंगले आफूलाई यो स्थानसम्म पुऱ्याउन के-कति संघर्ष गरे भन्ने कुरा धेरैलाई थाहा नहुन सक्छ ।

सानैदेखि संगीतमा तीक्ष्ण, पढाइमा कमजोर । यही बानीलाई मलजल गर्ने काम गरिदिए नितेशका बुबाले । छोरालाई सांगीतिक कार्यक्रममा लिएर जानेदेखि गितार बजाउनसम्म सिकाए, विभिन्न देशका गीत-संगीत सुनाए । नितेशको पढाइ खस्किँदै गयो । तर, गीत लेखन तथा गायनमा भने उनी निखारिँदै गए । स्कुल र कलेजका कार्यक्रममा उनी गितार बजाउँथे । भीडबाट गीत गाउन फर्माइस आएपछि उनी गाइदिन्थे । उनका साथीहरू नै पहिला दर्शक-श्रोता बने । उच्च शिक्षा सकिएपछि उनले रेस्टुराँहरूमा गीत गाउन थाले । पारिश्रमिक लिनुपर्छ भन्ने थाहासमेत थिएन, सित्तैँमा पाउने खाना र मदिरामा चित्त बुझाउँथे । पछिपछि पारिश्रमिक पनि माग्नुपर्ने रहेछ भन्ने चेत पलाउँदै गयो उनमा । तर, समयमै पैसा कसैले नदिने । उनले आक्रोश पोखे, “एक-दुई हजारका लागि दसपटक एकै ठाउँ धाउँथेँ ।” अहिले भने नितेशजंग सोचेभन्दा बढी पैसा कमाउँछन् ।

नितेशजंग कतै घुम्न गएका थिए, कक्षा १२ को परीक्षाफल प्रकाशित भइहाल्यो । फर्कने बेलासम्म राम्रो विषय पढाइ हुने प्रायः कलेज प्याक भइसकेका थिए । अन्त्यमा केही नलागेर बैंकिङ र

तस्बिर : श्रुति श्रेष्ठ

बिमा पढ्न थाले । पढाइसँगै नाम चलेको एक कार कम्पनीमा काम गर्न थाले उनले । घरको आर्थिक समस्या टर्दै गयो । पैसाका लागि आमासामु हात फैलाउन पर्ने बाध्यता टऱ्यो । तर, उनी खुसी भने थिएनन् । भन्छन्, "म कुनै कम्पनीमा दैनिक आठ घन्टा काम गर्दै आफ्नो जीवन खेर फाल्न चाहँदैनथेँ ।"

एक दिन उनले जागिरबाट राजीनामा दिए । अब छोराले जीवनमा केही गर्दैन भन्ने बाआमालाई लाग्न थालिसकेको थियो । त्यसपछि उनले एक *युट्युब* च्यानल खोले । पहिलेदेखि नै गीत लेख्दै गाउने गर्थे । तर, *युट्युब*मा राख्न रेकर्डिङ गर्नुपर्थ्यो । उनलाई त्यसको आइडिया थिएन । आफ्नो पुरानो ल्यापटपमै उनी गीत रेकर्ड गर्थे । कोठा नै उनको रेकर्डिङ स्टुडियो भयो । गीत-संगीतसँग सम्बन्धित सबै काम उनी त्यहीँ गर्थे । अहिले भने उनका दिन फेरिएका छन् । सुविधासम्पन्न स्टुडियो सञ्चालक उनलाई रेकर्डिङका लागि बोलाउँछन् ।

मन थिएन यहाँ आउनलाई
मरिमेटी धन कमाउनलाई ।
के गर्नू देशभरि बेरोजगारी
थाम्न सकिएन ऋणको भारी ।

यो अंश वैदेशिक रोजगारमा गएका युवालाई लिएर उनले सिर्जना गरेको 'हाम्रो नेपालमा' गीतको हो । यो गीत करिब एक महिनासम्म नेपालमा *युट्युब* ट्रेन्डिङमा रह्यो । उनका अधिकांश गीत आममानिसले भोग्दै आएका समस्यालाई लिएर बनेका छन् । उनी सबैको आवाज बन्न सकूँ भन्ने सपना देख्छन् । उनको इच्छा छ, सबैले उनलाई नसुने पनि हुन्छ । "तर, सुन्नेमध्ये कम्तीमा एक जनाको जीवनमा पनि केही प्रभाव पऱ्यो भने म आफूलाई भाग्यमानी सोच्नेछु," उनले आफ्नो आकांक्षा सुनाए ।

सामाजिक सञ्जालमा नितेशजंग र स्वप्न सुमनलाई तुलना गरेर हेरिन्छ । उनीहरूका प्रशंसकबीच यी दुईमा को राम्रो भन्ने विषयलाई लिएर झगडा नै पर्ने गर्छ । "स्वप्नको आफ्नो कथा छ, मेरो आफ्नै । ऊ एक प्रकारको गीत गाउँछ, म अर्कै । हामीलाई कसरी तुलना गर्न मिल्छ ?" उनी ट्रोल बनाउनेलाई प्रश्न गर्छन् ।

स्वप्न सुमन (सुमन थापा), २२, पनि युवा पुस्ताद्वारा रुचाइएका गीतकार, संगीतकार र गायक हुन् । एक प्रशंसकले त आफ्नो हातमा उनको नामको ट्याटुसमेत कुँदेकी छन् । आर्बिट्री रेकर्ड्ससँग आबद्ध भएर गाउने उनका 'कफी सङ', 'के सारो राम्री भाको' जस्ता गीत अत्यधिक रुचाइएकामा पर्छन् । देश-विदेशमा हुने सांगीतिक कार्यक्रमका लागि उनको माग एकदम धेरै छ ।

यस्तै गायकको सूचीमा बर्तिका राई पनि पर्छिन् । उनले *विम्बाकाश* नाम गरेको एल्बम *युट्युब*बाटै सार्वजनिक गरेकी छन् । यसमा भएका 'खै' र 'नजिक' शीर्षकका गीत १५ लाखभन्दा बढी पटक हेरिएका छन् । यसै एल्बमका 'खुसी', 'तिमी र म', 'हवाईजहाज' र 'विम्बाकाश' पनि लाखौँचोटि हेरिएका छन् ।

नेपाली सञ्चार क्षेत्रमा समृद्धि राई चिरपरिचित नाम हो । सुरुका दिनमा मोडलिङ गर्नेदेखि लिएर केही सौन्दर्य प्रतियोगितामा भाग लिने समृद्धि अहिले नेपाली संगीतमा अभिरुचि राख्नेका लागि प्रिय नाम बनिसकेकी छन् । भूकम्पपीडितको सहयोगका लागि सिन्धुपाल्चोक पुगेका समृद्धिका साथी क्याप्टेन सुबेक श्रेष्ठको हेलिकप्टर दुर्घटनामा परी मृत्यु भयो । उनकै सम्झनामा समृद्धिले लेखेको मर्मस्पर्शी गीत 'सुबेक' धेरैले मन पराएका छन् । रोहितजोन क्षत्रीसँग मिलेर उनले बनाएको गीत 'प्रयास' *युट्युब*मा २१ लाखभन्दा बढी पटक हेरिएको छ । उनको 'मचाहिँ नेपाली' शीर्षकको गीत १० लाखचोटिभन्दा बढी हेरिएको छ । संगीत र स्वरभन्दा पनि बढी यो गीतको बोल धेरैको रोजाइमा पर्छ ।

को आदिवासी, को जनजाति
के हामी एकै होइनौँ र ?
त्यसैले जातभात
छुट्याउनेलाई
तिमी यही भन्ने गर
तिमी को हौ थाहा
भएन
मचाहिँ नेपाली ।

पाँच वर्षको उमेरदेखि समृद्धिले गाउन थालेकी हुन् । त्यतिबेला उनी आफ्नो टोलको चर्चमा भजन गाउँथिन् । गीत लेख्न



बर्तिका राई

स्वप्न सुमन

समृद्धि राई

सज्जनराज वैद्य

बिक्की गुरुङ

थालेको भने किशोरावस्थादेखि नै हो । यिनै समृद्धि काठमाडौँका धेरैजसो कफी सपमा बसी गीत लेखिरहेकी हुन्छिन् । अगाडि आएर कसैले प्रशंसा गरिदिँदा उनी हर्षित हुन्छिन् । आफ्ना प्रशंसकलाई उनी 'फ्यान' होइन, 'फ्रेन्ड' भन्न रुचाउँछिन् ।

यस क्षेत्रमा आफ्नो पहिचान बनाउन संघर्षरत रहँदा समृद्धिले कहिल्यै हार खाइनन् । उनी यसैलाई आफ्नो सबैभन्दा महत्त्वपूर्ण उपलब्धि मान्छिन् । यस क्षेत्रमा आउन उनले जोखिम उठाइन् । नसोचेको सफलता पनि हात पारिरहेकी छन् । मिहिनेत गर्न भने छाडेकी छैनन् । ०७५ मा हरेक महिना कम्तीमा एउटा गीत सार्वजनिक गर्न चाहन्छिन् ।

अमेरिका बस्दै आएका सज्जनराज वैद्यका प्रशंसकको संख्या पनि कम छैन । उनको 'चिट्ठीभित्र' शीर्षकको गीत २८ लाखभन्दा धेरैपटक *युट्युब*मा हेरिएको छ । यो गीत रिलिज भएको केही सातासम्म ट्रेन्डिङमा पनि परेको थियो ।

सज्जनले गुरु मान्ने धेरै छन् । तर, उनी आफ्नो सबैभन्दा ठूलो गुरु लोडसेडिङलाई मान्छन् । घरमा बत्ती नहुँदा आमा, बा र दाइसँग भान्छामा खाना पकाउँदै उनी विभिन्न विधाका गीत गाउँथे । सिंगो घरमै सांगीतिक माहोल हुन्थ्यो । बिस्तारै उनी आफैं गीत लेख्न थाले, गिटार बजाउँदै तिनमा आफैं संगीत भर्न थाले । अमेरिका गएपछि आफ्नै *युट्युब* च्यानल खोलेर आफ्ना गीतहरू अपलोड गर्न थाले । "अलि परिपक्व हुँदै गएपछि पुराना गीतमा गल्ती भेट्न थालें । त्यसैले डिलिट गर्दै गएँ," उनले भने । तर, प्रशंसकका हृदयमा भने उनका गीतले अमिट छाप छाडिसकेका छन् ।

सज्जनको सुर जति कसिलो छ, त्यति नै बलियो छ ताल । उनले कुनै औपचारिक प्रशिक्षण भने लिएका छैनन् । नोवो अमोर, गेविन जेम्स, जोन मेयरजस्ता गायकका गीत सुनेरै उनले धेरै सिक्ने गरेका छन् । उनी यसरी नै अरूले बजाएको हेर्दै किबोर्ड र ड्रम बजाउन पनि सिक्न चाहन्छन् ।

सज्जनले *युट्युब*का माध्यमबाट हजारौँ प्रशंसक कमाएका छन् । अमेरिकामै पनि उनका कन्सर्ट टिकट काटेर हेर्न आउनेको संख्या ठूलो छ । *युट्युब*को प्रतिक्रियामार्फत आउने प्रेमप्रस्ताव पनि थुप्रै छन् । यी सबैले उनलाई खुसी तुल्याउँछन् । "सबैले माया गर्नुहुन्छ, खुसी लाग्छ । तर, आमाले ममाथि गौरव गर्छु भन्दाको जति खुसी अर्थोक केहीले बनाउँदैन," उनले खुसीका शब्द खर्चिए ।

सज्जनजस्तै अमेरिकामा बसी नेपाली गीत गाउने अर्का प्रतिभा हुन्, बिक्की गुरुङ । उनी न्युयोर्कको एक कम्पनीमा व्यापार विश्लेषकका रूपमा काम गर्छन् । फुर्सदको समयमा गीत लेख्छन्, गाउँछन् अनि अपलोड गर्छन् । उनी पूर्णकालीन गायक होइनन् । उनका गीतको संख्या साह्रै थोरै छ । तर, सबैले तिनलाई रुचाएका छन् ।

"इन्टरनेट नै नभइदिएको भए म के गर्थें होला ?" आफ्ना गीत-संगीत लोकप्रिय हुनुका पछाडि इन्टरनेटको भूमिका महत्त्वपूर्ण रहेको बताउँछन् उनी । इन्टरनेट नभएको समयमा पनि नेपालमा गीतकार, संगीतकार तथा गायकहरू लोकप्रिय हुने गर्थे । तर, त्यसबेला मिहिनेत पनि प्रशस्त गर्नुपर्थ्यो । अहिले प्रविधि-विकाससँगै थोरै परिश्रम गरेर मात्रै पनि जो कोहीका लागि आफ्नो प्रतिभा प्रदर्शन गर्न सहज भएको उनको बुझाइ छ ।

राम्रो काम गरिरहेकाको खुट्टा तान्ने धेरै हुन्छन् । बिक्कीका हकमा पनि यो लागू हुन्छ । *युट्युब* र अन्य सामाजिक सञ्जालमा उनलाई थुप्रैले गाली गर्छन् । तर, गाली गर्नेसँग उनको कुनै गुनासो छैन । "मलाई गाली गर्नेलाई धन्यवाद भन्न मन लाग्छ," उनले भने, "किनभने, राम्रा-नराम्रा प्रतिक्रियाले अझ राम्रा गीत सिर्जना गर्न हौसला दिन्छ ।"

"गीत-संगीतको क्षेत्रमा पैसा त छ तर धैर्य गर्न सिक्नुपर्छ । एउटा गीत निकालेँ, अब पैसाको छेलोखेलो हुन्छ भन्ने सोचचाहिँ राख्नुहुन्न," बिक्की यस क्षेत्रमा आउन चाहने तथा आइरहेका नयाँ कलाकारलाई सुझाव दिन्छन् । ◆

प्रिय फेन्टासी

सञ्जीव उप्रेती

संसार चिम्पान्जी (एप्स)ले चलाइरहेका छन् । सेवकका रूपमा खटिएको छ, मानव जाति । घरेलु कामदार मानव, चिडियाखानामा मानव । चिम्पान्जीलाई के लाग्छ भने मानव जाति असभ्य छ । न बोल्न आउँछ, न लेख्न । तर, मानव जातिको संरक्षण जरुरी छ किनभने चिम्पान्जीको आदिपुर्खा मानव हो । भोलि मानव जाति विलुप्त हुँदै गयो भने हाम्रो घरको काम कसले गरिदिने ? डोमेस्टिक हेल्प कसले गर्ने ?

यसरी संसारलाई उलटपुलट गरिएको छ, विल सेल्फको उपन्यास *ग्रेट एप्स*मा । फेन्टासीको संसार छ, यसमा । हामीकहाँ सामाजिक यथार्थवादी धारा चल्तीमा छ । त्यसको आफैँमा नोक्सान छैन । मनोवैज्ञानिक यथार्थवादलाई लिएर बीपी कोइरालाहरूले पनि राम्रा किताब लेखे । कहिलेकाहीँ यथार्थवादले गर्न नसक्ने कति काम फेन्टासीले गर्दो रहेछ । फेन्टासी मेरो प्रिय जानरा हो ।

हाम्रो विश्वदृष्टि मानवकेन्द्रित छ अर्थात् परिवार, समाज, राष्ट्रियता, विश्वव्यापीकरण, पर्यावरणबारेका सबैजसो धारणा त्यसकै परिणति हुन् । त्यसको केन्द्रबाट मानवलाई हटाएर चिम्पान्जी या कागलाई राख्नेबित्तिकै संसार बेग्लै देखिन सक्छ । अलग दृष्टिकोण तयार हुन सक्छ । सांस्कृतिक मूल्य-पद्धतिमा उलटपुलट गरेपछि समाज या पृथ्वीको भविष्य के होला ? यस्ता उपन्यास पढ्दा भविष्यको रूपरेखा र आकारबारे बुझ्न अलि सजिलो हुन्छ ।

म प्रायः अफबिट किताब नै खोज्छु, लेखकले सजिलो बनाएर पस्केको भन्दा सक्रिय पठन हुने खालका किताब । पुरस्कार पाएका आधारमा पढ्दिनँ । मेरो सिफारिसमा अर्चना (थापा) पढ्छिन्, उनको सिफारिसमा म । *न्युयोर्क टाइम्स*का रिभ्यु र प्रोजेक्टका आधारमा पनि किताब पढ्छु ।

म कहिलेकाहीँ पुराना किताब पनि दोहोर्‍याइरहेको हुन्छु । जस्तो :



राचेल एडम्स र डेभिड सभरनद्वारा सम्पादित *द मस्कुलिनिटी स्टडिज रिडर* । अहिलेसम्मका सामाजिक मूल्य पुरुषले नै बनाएको हो । किनभने, सत्तामा पुरुष नै थियो र छ । वैकल्पिक या फरक मूल्य भएको भए समाज कस्तो हुन्थ्यो होला ? थुप्रै लेखकका निबन्ध समेटिएको यो किताबले सोच्न बाध्य बनाउँछ ।

पुंसत्वको कर्मकाण्डसँग जोडिएको छ, वीरताको इतिहास । अर्थात्, दंगली मानसिकता । युद्ध गर्नैपर्ने, जित्नैपर्ने, नाम चम्काउनैपर्ने । सिपाही त लडाइँमा मरिहाल्थ्यो, राजाको नाम चम्किन्थ्यो । विरोधीलाई मात्र नभएर प्रकृतिलाई समेत जित्नैपर्ने । हिमाल चढेर देशको झन्डा गाड्नुपर्ने । जनावर, चिम्पान्जी या चरालाई त्यसको के मतलब ? सांस्कृतिक मूल्य नै फरक भयो भने संसारको स्वरूप कस्तो होला ? मेरो आगामी उपन्यास *हाँसको कथा*को केन्द्रमा पनि नन-ह्युमन नै छ ।

यस वर्ष आएका नेपाली नारी लेखकका थुप्रै आख्यानले मलाई पर्खिरहेका छन् । अनुकूल हुनासाथ म पढ्छु । निभा शाहको कवितासंग्रह *मनसरा* हालसालै पढेँ । पहिलो कविता 'मनसरा' खुब मन पर्‍यो । त्यसमा 'रेभुल्यसनरी फ्लेबर' छ । निभा आफैँ गुरिल्ला भएर हिँडेकाले 'अथेन्टिक साउन्ड' आउँछ । उनी कवितामा क्रान्तिलाई महिमामण्डित गर्छिन् ।

उनका कवितामा मार्क्सवादी-नारीवादी दृष्टिकोण पनि आउँछ । एकातिर वर्ग-संघर्षको कुरा छ भने अर्कातिर महिलाको विषय । अर्को नारीवादी कविता रहेछ, 'छिनाल' । नारीको देहलाई समाज र बजारले वस्तुजस्तो बनाएको आक्रोश छ त्यसमा । अन्यमा पनि सर्वहाराको सत्ताका लागि लडेका नेताहरू आफैँ सुकिला-मुकिला भएपछि क्रान्तिप्रति मोहभंग भएको अभिव्यक्ति छ । बुधनी, रामसाइँली, बसुधा, पातली, डुम्नी, बुधवा, आइते तामाङ आदि गाउँघरदेखि सहरका सबाल्टर्न स्पेसमा भेट्न सकिने पात्रलाई लिएर कविता लेखिएका छन् । हल्का स्ट्रोक चलाइएका तर सलल्ल बगेका कविता ।

एकै समय म दुइटा किताब मात्रै पढ्न सक्छु । एउटा फिक्सन, अर्को ननफिक्सन । तर, दुइटै फिक्सन पढ्न सक्दिनँ । किनभने, एकखाले पात्र, घटना, शैली र संरचना भएको संसारलाई अधूरै छाडेर अर्कोमा पस्दा अलि डिस्टर्ब हुन्छ ।

म केटाकेटीमा स्कुल गइनँ । मेरा दाजुभाइ, दिदीबहिनी पनि थिएनन् । त्यसैले मेरा साथी नै किताब भए । साथी नहुँदा कस्तो हुन्छ ? किताब नहुँदा मलाई त्यस्तै होला । किताबको विकल्पमा कागज दिए आख्यान लेखेर बस्छु । टीभी भए क्रिकेट हेर्छु । बाइक दिए घुम्न निस्कन्छु । शब्दसँग टाढै राख्ने हो भने हार्मोनियम त चाहियो ता कि म गीतको अभ्यास गर्न सकूँ । ◆

संस्मरण

। माया ठकुरी

मुमा र म

म सानै छँदा छिमेकी समकालीन बालबालिकाहरू स्कुल गएको देख्दा मलाई पनि सुकिलो लुगा लगाएर, झोलामा किताब, कापी, पाटी, खरी बोकेर उनीहरूसँगै जान मन लाग्थ्यो । मुमालाई 'मलाई पनि स्कुल पढ्न मन छ । स्कुल पठाइदिनुस् न' भनेर दिनदिनै पिरोल्थेँ ।

मेरी मुमाले गहभरि आँसु पार्दै भन्नुहुन्थ्यो, "हामी बसेको यो टहराको कोठाको भाडा नै २५-३० रुपियाँ पर्छ । मैले यो स्वीटर बुनेको र खाजा बेचेको पैसाले तिमीहरू तीन सन्तानलाई हुर्काउनु नै धौधौ परेको छ । कसरी पठाउनू स्कुल ?"

"मेरा साथीहरू सबै स्कुल गएका छन्, उनीहरूलाई कसरी पुगेको छ त ?" म प्रतिप्रश्न गर्थें ।

"उनीहरूका त बुबा, दाइ सबै छन् । सबै कमाउने छन् । त्यही भएर उनीहरूसँग पैसा छ अनि स्कुल पनि जान्छन् । तिमीहरूको त ...।" त्यसपछि मुमा सुकसुकाउँदै सारीको सप्कोले आँखा पुछ्न लाग्नुहुन्थ्यो । मुमा रोएको देख्दा माया लागेर आउँथ्यो । तर, त्यस्तो बेलामा के भनेर सान्त्वना दिनुपर्छ, मलाई थाहा थिएन । म मुमालाई गम्लङ्ग अँगालो हाल्थेँ, केही नबोली ।

हाम्रो एकअर्काको मनको भाव बुझ्ने माध्यम त्यही अँगालो नै भएको थियो पछिसम्म पनि ।

मलाई जब छर-छिमेकीहरूले छाडा केटी भनेर कटु वचन लगाउँथे या मेरो गिल्ला गरेर उडाएर हाँस्थे, त्यतिबेला म मौन, विवश भएर उनीहरूलाई नै हेरेर हाँसिरहन्थेँ । त्यो हँसाइभित्र मेरो मनको दुःख कसरी लुकाएकी हुन्थेँ, त्यो उनीहरूको सरोकारको विषय भएन ।

दसैं-तिहारमा मेरी मुमाले हामीलाई नयाँ कपडा किनिदिन सक्नु हुन्नथ्यो । तापनि, बहिनी र मलाई सस्तो जामा अनि सुतीको रेडिमेड पाइन्ट र सर्ट किन्न बडाबजार जानुहुन्थ्यो ।

बजारमा दसैंअगावै विभिन्न खाले रंगी-बिरंगी कपडा सजाएर बिक्रीका लागि राखिएका हुन्थे । मलाई ती सबै कपडा किनेर लैजान पाए हुन्थ्योजस्तो लाग्थ्यो । कुनै-कुनै छिटको र चिप्लो लुगाको सुन्दर फ्रक मलाई ठिक्क हुनेजस्तो देख्दा म असाध्यै लोभिन्थेँ । र, हातले त्यो जामालाई बिस्तारै सुमसुम्याउँथेँ अनि कल्पना गर्थें, यो फ्रक मैले लगाउन पाए कति राम्री देखिन्थेँ होला...! अनि, मेरा छिमेकका साथीले त्यो सुन्दर फ्रकमा मलाई देखे भने कति आरिस गर्थे होला ? अनि, त्यस्ती राम्री भएकी मलाई देखेपछि त उनीहरू नहाँस्लान् नि ! उनीहरूले आफूहरूले स्कुलमा सिकेका खेल मलाई पनि सिकाउलान् । मलाई पनि उनीहरूले स्कुलमा गएर के-के सिकेका छन्, सबै भन्लान् ।

"ल यो त जे देखे पनि लट्ठ परेर टोल्हाउँछे । रात पर्छ एकै ठाउँमा बसेर हुँदैन ल आइज ।" मेरी मुमाले मेरो हात तान्दा मात्र म झसङ्ग हुन्थेँ । कहिले मुमाको अनुहारमा हेर्थें र कहिले त्यो सुन्दर जामालाई ।

"भोलि-पर्सि धेरै पैसा भयो भने म तँलाई पनि यस्तै नै जामा किनिदिन्छु नि ...!" मुमा मेरो कपाल मुसार्दै जामातिर हेरेर भन्नुहुन्थ्यो अनि मचाहिँ फेरि त्यही जामामा आफूलाई देख्न लाग्थेँ ।

यस्तै थियो मेरो बालापन, जहाँ अभाव, भोक र अशिक्षाले बास गरेको थियो । यसरी स-साना कुराहरू, जो मलाई मन पर्थे- खेलौना, कपडा, रिबन, जुत्ता, चप्पल, घिउ राखेर मुछेको भात, पुरी-तरकारी, फलफूल, मिठाइ यी सबै पछि धेरै पैसा भएपछि खाने भनिन्थ्यो ।

साँच्चै नै म ती दिन सम्झिन्छु । हिजोआज अझ बढी सम्झनामा तैरिरहन्छन् । कसैले रोटी र भुटेको आलु दिएर मप्रति दया देखाए, कसैले आफ्नो सारा परिवारलाई खुवाएपछि मलाई मुछेको भात-तरकारी सिलाबरको ढकनामा खान दिन्थे र मेरो पेटको क्षुधा

शान्त हुन्थ्यो ।

किशोरावस्थामा पाइला टेकेपछि भान्जी, नानु र छोरी सम्बोधन गर्नेहरूको लोलुपतापूर्ण आँखामा देखिने खुँखार दाह्रा देखेर मनले नबुझ्ने पनि कलिलो शरीर कसरी भय र त्रासले भित्रभित्रै काँप्ने गर्थ्यो, त्यो अनुभूतिले अहिले पनि पच्छ्याइरहन्छ र अनायासै आँखाको कोश भरिन लाग्छ ।

एकान्तमा भेट्दा क-कसका बलिया हातले मेरो सानो खिरिलो हातलाई जोडसँग दबाएर आफूतिर तान्थे । त्यो क्षणको पीडादायक सम्झनाले अहिले पनि म भयभीत हुन्छु ।

"कसैले तँलाई बोलायो भने नजानू । म नहुँदा उता माइजूहरू भएको ठाउँवरिपरि खेलिरहनू," मुमा भन्नुहुन्थ्यो । मलाई के थाहा कि त्यसबेला तारुण्य अवस्थामा पाइला टेकेकी किशोरी छोरीप्रतिको पुरुषहरूको गिद्धे दृष्टिलाई उहाँले पहिल्यै बुझिसक्नुभएको थियो होला भनेर ।

"तँलाई यो चुरा, क्रिम र लिपिस्टिक कल्ले दिएको भन् त ?" एकपटक कपडा राख्ने झोलामा मैले लुकाएर राखेको सौन्दर्य प्रसाधन देखेपछि मेरा दुवै हात समातेर सोध्नुभएको थियो मुमाले ।

"उता परको मामाले ....।" मैले मुमाका आँखामा आफ्ना आँखा जुधाएर उत्तर दिएकी थिएँ ।

"अनि, मैले भनेकी थिइनँ त, कसैले पनि दिएको खानेकुरा र सामान नलिनू भनेर । चाहे त्यो पैसा नै किन नहोस्....। अनि, मैले भन्दाभन्दै पनि किन लिएको ? अनि, किन यसरी सुटुक्क लुकाएर राखेको ?" मुमाले ठूलो स्वरमा सोध्नुभएको थियो ।

"मामाले कसैलाई पनि नभन्नु अनि लुकाएर राख्नु भन्नुभएको थियो नि त ...!" मैले सहज निर्दोष भावमा उत्तर दिएकी थिएँ ।

"ए छोरी ! यसभन्दा पहिले पनि तँलाई त्यसले के-के दिएको थियो ?" मुमाले प्रश्न गर्नुभएको थियो ।

"अँ अस्ति नै समोसा र पिपरमेन्ट दिनु भएको थियो," मैले पिटाइ खाने सम्भावना आँक्दै उत्तर दिएकी थिएँ ।

"कहाँ छ त त्यो सबै ?" मुमाले सोध्नुभयो ।

"सबै खाइसकेँ नि ...! बैनीलाई पनि खान दिएकी थिएँ । उसले पनि खाई त ! हजुरले बैनीलाई चाहिँ केही पनि गर्नुहुन्न त, खालि मलाई गाली गर्नुहुन्छ । मलाई मामाले के खान मन पर्छ भनेर सोध्नुभएको थियो । मैले समोसा र पिपरमेन्ट...सुप्लांग पनि... ।"

"चुप...। चुप लाग्...। लौ हिँड् मसँग ।" मेरो बोलीलाई बीचैमा रोकेर मेरो हात समातेर त्यही मामाको डेरामा लिएर जानुभएको थियो मलाई ।

त्यसपछि मेरी मुमाले त्यो मामा र उसकी श्रीमतीसँग के-के भन्नुभयो र उनीहरू दुवैले मुमालाई के-के भने । धुमधाम भयो । मामाकी श्रीमती माइजूले त रिसले काम्दै अगेनानजिकै रहेको चिम्टा उठाएर लोग्नेको ढाडमा मर्ने गरी बजारेकी थिइन् ।

अन्त्यमा मेरी मुमाले जे भन्नुभयो, त्यो मलाई अझै पनि सम्झना छ, "आज मेरो खसमले घर नछोडेको भए हामीलाई यसरी कसैले पनि हेप्ने थिएनन् । मलाई दिदी भन्ने, अझ तिहारमा टीका पनि लाउन आउने, उता भने यस्ता नाबालिका छोरीमाथि.....।"

> मलाई जब छर-छिमेकीहरूले छाडा केटी भनेर कटु वचन लगाउँथे या मेरो गिल्ला गरेर उडाएर हाँस्थे, त्यतिबेला म मौन, विवश भएर उनीहरूलाई नै हेरेर हाँसिरहन्थेँ । त्यो हँसाइभित्र मेरो मनको दुःख कसरी लुकाएकी हुन्थेँ, त्यो उनीहरूको सरोकारको विषय भएन ।

त्यो दिन घर फर्केपछि पनि मुमा दुवै हत्केलाले मुख छोपेर घुँक्कघुँक्क रुनुभएको थियो । हो, त्यही दिन, त्यही क्षण मैले मेरी मुमाको हात समाउँदै भनेकी थिएँ, "अबदेखि मलाई भोक लागे पनि मामाले दिएको केही पनि खानेकुरा खान्नँ । अरू मामाले दिएको पनि खान्नँ । खान मन लागे पनि खान्नँ । हजुरलाई सोधेर मात्रै खान्छु ।"

त्यसपछि मेरी मुमाले च्याप्प मेरो हात समातेर मलाई काखमा राख्नुभयो र भन्नुभएको थियो, "यो तिम्रो दोष होइन छोरी, यी नरपिसाचहरूको कसुर हो । तिमी अबदेखि कुनै पनि लोग्नेमान्छेले बोलायो भने नजानू । खानेकुरा दिए पनि नखानू र हात तान्यो भने जोडले चिच्याउनू है ।"

त्यो थियो वर्षौंपहिले मेरी मुमाले दिनुभएको कवच मन्त्र ।

आज यतिका वर्षपछि सोच्छु, मेरी मुमाले पनि त जवान, सुन्दर र पति हुँदाहुँदै पनि एक्लैले ससाना छोराछोरी हुर्काएर आफ्नै श्रम र सीपको भरमा हामीलाई हुर्काउनुभयो । कस्तो कहालीलाग्दो भीर-पाखा छिचोल्न पर्‍यो होला उहाँलाई । जबकि, मलाईजस्तै उहाँको हात समातेर साथ दिने उहाँकी मुमा पनि टाढा, धेरै टाढा रुकुमकोटको एउटा अनकन्टार ठाउँमा बसेर जीवनयापन गर्दै हुनुहुन्थ्यो । त्यस्तो अवस्थामा केको आडमा उहाँले त्यति ठूलो संघर्ष गर्न सक्नुभयो होला ?

मलाई विश्वास छ, मेरी मुमाको आत्मबलकै कारणले उहाँ कतै डग्नुभएन । जस्तै दुःखको पहाड चढे पनि । ◆

टोयटा रसको प्रि-बुकिङ सुरु

पाँच महिनाअघि मात्रै सार्वजनिक भएको टोयटाको नयाँ एसयूभी रसको प्रि-बुकिङ नेपालमा पनि सुरु भएको छ । तर, यो कार आधिकारिक रूपमा कहिले नेपाल आइपुग्ने बताइएको छैन । भारतमा पनि कहिले यो गाडी लन्च हुने हो, अझै टुंगो लागेको छैन । भारतीय बजारमा यसको मूल्य आठ लाख भारूबाट सुरु हुने अनुमान गरिएको छ । नेपालमा भने यसको मूल्यबारे कुनै जानकारी दिइएको छैन ।

नयाँ आउने टोयटा रस दोस्रो जेनेरेसनको एसयूभी हुनेछ । र, यसमा चालकसहित सात जनाका लागि ठाउँ हुनेछ । यो गाडी १५ सय सीसीको पेट्रोल इन्जिनबाट सञ्चालित छ । यो इन्जिनबाट १ सय ४ ब्रेक हर्षपावर बराबरको अधिकतम शक्ति निस्किन्छ । यसको टर्क क्षमता भने १ सय ४० न्युटन मिटरको छ ।

यो गाडीमा चार गियरको अटोमेटिक अथवा पाँच गियरको म्यानुअल ट्रान्समिसन सिस्टम रहेको छ । यसको ग्राउन्ड क्लियरेन्स २२ सेन्टिमिटरको छ । त्यस्तै, यसका अन्य उपयोगी फिचरमा इलेक्ट्रोनिक ब्रेक डिस्ट्रिब्युसन, हिल स्टार्ट एसिस्ट आदिसहित ६ वटा एयरब्याग रहनेछन् ।

हुवावेको नयाँ स्मार्टफोन

नेपाली प्रयोगकर्तामाझ हुवावेका स्मार्टफोनले राम्रै बजार पाइरहेका छन् । यसैबीच हुवावेले नयाँ स्मार्टफोन वाई-नाइन पनि नेपाली बजारमा ल्याएको छ । यसको बजार मूल्य २५ हजार ९ सय रुपियाँ तोकिएको छ । कतै-कतै यो स्मार्टफोन हुवावे नोभा टुआई लाइट नामले पनि चिनिन्छ । किनभने, यसका कयौँ फिचर नोभा टुआईसँग मिल्दाजुल्दा छन् । नोभा टुआई पनि नेपालमा रुचाइएको स्मार्टफोनमध्येमा पर्छ ।

हुवावे वाई-नाइनको मुख्य फिचर हो, यसको क्यामेरा । फ्रन्ट र रियर दुवै क्यामेराका लागि यसमा दुई-दुइटा सेन्सर जोडिएका छन् । यस अर्थमा यो स्मार्टफोनमा चार क्यामेरा छन् । यसको फ्रन्ट क्यामेरा १६ र दुई मेगापिक्सेल क्षमताका छन् । त्यस्तै, रियर क्यामेरा १३ र दुई मेगापिक्सेल क्षमताका छन् । फुल हाई डेफिनेसन (एचडी) प्लस गुणस्तरको डिस्प्ले स्क्रिन यसको अर्को राम्रो पक्ष हो । यसको डिस्प्ले स्क्रिन ५.९३ इन्चको छ ।

हुवावे वाई-नाइनमा ३२ जीबीको आन्तरिक मेमोरी क्षमता हुन्छ । र, यसमा २ सय ५६ जीबीसम्मको मेमोरी कार्ड प्रयोग गर्न सकिन्छ । यसको ऱ्याम क्षमता तीन जीबी छ । यो स्मार्ट फोनमा अपरेटिङ सिस्टमका लागि एन्ड्रोइड एड अर्थात् ओरियो प्रयोग भएको छ । यसको ब्याट्री क्षमता चार हजार एमएएचको छ । फिंगरप्रिन्ट, एक्सिलोमिटर र प्रोक्सिमिटीजस्ता सेन्सर पनि यसमा छन् । र, यो कालो, नीलो र सुनौलो गरी तीन रङमा बजारमा उपलब्ध छ ।

फेसबुकमा म्यासेज अनसेन्ड फिचर !

प्रयोगकर्ताका व्यक्तिगत डाटा सुरक्षित नभएको र सार्वजनिक हुने गरेको खुलासा भएपछि *फेसबुकले* चौतर्फी आलोचना खेपिरहेको छ । यतिसम्म कि *फेसबुकका* सीईओ मार्क जुकरवर्गले यसै विषयबारे अमेरिकी कंग्रेसमा उपस्थित भएर जवाफ दिनुपरेको छ ।

डाटा लिकबाट रूष्ट भएका प्रयोगकर्तालाई फकाउन *फेसबुकले* अहिले अनेक उपाय रच्दै छ । सोही योजना अनुरूप उसले प्रत्येक प्रयोगकर्तालाई यस्तो नयाँ फिचर प्रयोग गर्न दिने भएको छ, जसले गर्दा कसैलाई पठाइसकेको म्यासेज पनि प्रयोगकर्ताले अनसेन्ड गर्न सक्नेछन् । यसको अर्थ के हो भने यदि कसैलाई कुनै म्यासेज पठाइसकेर पनि अनसेन्ड गरेमा त्यो म्यासेज पठाउने र पाउने दुवैको च्याटबक्सबाट हराउनेछ, पाउने व्यक्तिले चाहे त्यो म्यासेज हेरिसकेको होस् वा नहोस् । अहिले पठाइसकेको म्यासेज कसैले डिलिट गरेको खण्डमा उसको च्याटबक्सबाट डिलिट भए पनि पाउनेको च्याटबक्समा रहिरहन्छ । अनसेन्ड फिचरले यसलाई दुवैको च्याटबक्सबाट हटाउनेछ ।

प्रत्येक प्रयोगकर्ताले यो फिचर प्रयोग गर्न पाउन अझै महिनौं लाग्ला । तर, *फेसबुकका* उच्च अधिकारीका लागि भने यो कुनै नौलो फिचर होइन । केही वर्षअघि *सोनी पिक्चर्सको* इमेल ह्याक भएपछि *फेसबुकले* आफ्ना गोप्य सूचना सुरक्षित राख्न उच्च अधिकारीका अकाउन्टबाट पठाइएका म्यासेज गोप्य रूपमा अनसेन्ड गर्दै आएको रहस्य पनि हालै मात्र खुल्न आएको हो ।

इन्स्टाग्राममा फोकस मोड

इन्स्टाग्रामको इनएप क्यामेरा प्रयोग गरेर फोटो खिच्दा अब अर्को नयाँ सुविधा प्रयोग गर्न पाइने भएको छ । फोटो खिच्दा क्यामेराको फ्रेमभित्र परेकामध्ये मुख्य वस्तुमा फोकस गरेर पृष्ठभूमिलाई हल्का धमिलो बनाउन मिल्नेछ ।

फोटोग्राफीमा यसलाई पोट्रेट मोड भन्ने गरिन्छ । मुख्य वस्तुमा फोकस बढाएर पृष्ठभूमिलाई धमिलो बनाउँदा फोटोमा अझ चमक आउने हुंदा यो एकदमै लोकप्रिय फिचर हो । *इन्स्टाग्रामले* यसलाई फोकस नाम दिएको छ र यो बुमर्‍याङ र सुपरजुम फिचरसँगै उपलब्ध छ ।

यो सुविधा आएपछि *इन्स्टाग्राम* प्रयोगकर्ताले पोट्रेट मोडमा फोटो खिच्नकै लागि अन्य कुनै एप डाउनलोड गरेर चलाउनुपर्ने बाध्यता रहने छैन । *इन्स्टाग्रामको* यो नौलो फिचर आईओएस र एन्ड्रोइड दुवैमा उपलब्ध छ ।



संयोजन : ज्ञानेन्द्र आचार्य

पाहुनाको काख

शब्द/तस्बिर : छम गुरुङ

उपल्लो गोर्खा, धार्चेस्थित सालाङ गाउँका बालबालिकाका साथमा विदेशी पर्यटक । पर्यटकीय स्थलको चिनारी राख्न सफल यो गाउँ लार्के-पास ट्रेकिङ रूटमा पर्छ । सौन्दर्यको खानी सालाङमा पुग्दा स्वदेशी मात्र नभएर विदेशी पर्यटक पनि सुस्ताउने र रमाउने गर्छन् । पर्यटकको संगतले रैथाने बच्चाहरूसमेत पाट्टपुट्ट अंग्रेजी फुटाउँछन् ।

संख्या मात्र धेरै

कोही फिल्म हिट हुँदा पनि पाखा लाग्छन्, कसैलाई फ्लप हुँदा पनि भ्याइनभ्याइ हुन्छ । हिरोइन मरिष्का पोखरेल दोस्रो कोटिमा पर्छिन् । जस्तो : उनको डेब्यु फिल्म *के म तिम्रो होइन र* त असफल भइहाल्यो, त्यसपछि प्रदर्शित *चपली हाइट २* ले पनि माखो मार्न सकेन । करिअरको सुरूआतमै लगालग दुई ठेस लाग्दा मरिष्कालाई चोट लाग्नुपर्ने हो । तर, यथार्थ भिन्न छ । उनी अभिनीत चार फिल्म पाइप लाइनमा छन्, *लम्फु*, *पण्डित बाजेको लौरी*, *साली कसको भेनाको* र *मिस्टर भर्जिन*, जसमध्ये *लम्फु* २८ वैशाखमा रिलिज हुँदैछ । महिना दिनभन्दा थोरै समय बाँकी हुँदा बल्ल प्रमोसन सुरू गरिएको छ । त्यसमा पनि मरिष्काको खास सक्रियता देखिएको छैन । घाटा कसलाई होला ? धेरै फिल्म खेल्नु मात्र त पक्कै सफलता होइन होला ! ◆

आश हराएको हो ?

कृ प्रदर्शन नहुँदासम्म अदिति बुढाथोकी 'हटकेक' थिइन् । इन्स्टाग्राममा अपलोड गरेका तस्बिरबाटै उनले प्रशस्त फ्यान कमाइन् । मुम्बईमा मोडलिङ गरेको अनुभव छँदै थियो । सोही कारण उनलाई 'भविष्यकी स्टार'का रूपमा हेरिएको थियो । *कृ* खेल्नुअगाडि उनले अनमोल केसीको *ड्रिम्स*को प्रस्ताव अस्वीकार गरेकी थिइन् । तर, जसै *कृ* रिलिज भयो, अदितिको 'क्रेज' उडेर गयो । एकातिर, फिल्मले बक्स अफिसमा अपेक्षाकृत कमाल गरेन । अर्कोतिर, जति चल्यो, जसजति सबै अनमोलले पाए । अदितिको त अभिनय मात्र होइन, सौन्दर्यको समेत चर्चा भएन । पर्दामा उनको उपस्थिति साँच्चै फिक्का थियो । उनले 'अदा' पस्कनै सकिनन् । त्यसैले त अर्को फिल्म कहिले पाउँछिन्, टुंगो छैन । विचरी ! ◆

तस्बिर संयोजन : विजय पवार

तस्बिर : महेश प्रधान

घट्यो साख

बितेको वर्ष सौगात मल्लका पाँच फिल्म प्रदर्शन भए, *झ्यानाकुटी, पञ्चेबाजा, संरक्षण, मेरो पैसा खोइ* र *फाटेको जुत्ता* । एकै वर्ष एउटै अभिनेताका यति धेरै फिल्म रिलिज हुनु आफैंमा दंग भइहाल्नुपर्ने कुरा होइन । त्यसमाथि सौगातका कुनै फिल्मले बक्स अफिसमा कमाल गर्न सकेनन्, न त सकारात्मक प्रतिक्रिया नै पाए । बरू, कथावस्तु र चरित्र छनोटमा चुकेको भन्दै सौगातले चर्को आलोचना खेप्नुपर्‍यो । तैपनि, 'पाएजति फिल्म खेल्ने' रणनीतिबाट अझ टसमस भएको देखिन्नन् । यही कारण हुनुपर्छ, हिजोसम्म उनलाई काम गराउन मरिहत्ते गर्ने फिल्मकर्मी बिस्तारै तर्कन थालेका छन् । एक निर्देशक भन्छन्, 'सौगातको साख ओरालो लाग्दा उनको करिअर डामाडोल त हुन्छ नै, फरक गर्छु भनेर आएका नयाँ कलाकार पनि हतोत्साही हुन्छन् । संकेत त्यस्तै देखा पर्दैछ ।' ◆

फेरि रफ्तार

क्लासिकबाट नम्रता श्रेष्ठले आफ्नो प्रतिष्ठा लोभलाग्दो ढंगले बढाइन् । आधा दर्जन अवार्ड जितिन् । कहींकतै विरोधको स्वर सुनिएन । *क्लासिक*पछि नम्रता अभिनीत *पर्व* प्रदर्शन भयो । यो फिल्मले चाहिं न नम्रताप्रतिको अपेक्षा पूरा गर्‍यो, न त निर्माताको गोजी भर्‍यो । त्यसयता फुर्सदमा रहँदै आएकी नम्रताले फेरि रफ्तार समातेकी छन्, एकसाथ *जायरा* र *प्रसाद*मा अनुबन्ध भएर । *जायरा*मा उनलाई एक्सन भूमिकामा देख्न पाइनेछ । यो फिल्मको छायाङ्कन भटाभट भइरहेको छ । यसलगत्तै उनी *प्रसाद*मा व्यस्त हुनेछिन्, जसमा उनको भूमिका निःसन्तान आमाको छ । फरक चरित्रका कारण नम्रता उत्साही छन् । तर, रिलिजपश्चात् यी फिल्मले दर्शकलाई कत्तिको उत्साही बनाउने हुन्, प्रतीक्षा त्यसकै छ । ◆

सूत्रमै संकुचित

गोकर्ण गौतम

सुकिला-मुकिला र चिरिच्याट्ट परेका हिरो-हिरोइन, रोमान्टिक गीत, केही पन्चलाइन, रोनाधोना अनि युरोपका मनोरम लोकेसन । यी गुणले मात्र फिल्मलाई स्तरीय बनाउँछ त ? नबनाउँदो रहेछ, *लिली बिली* त्यसको नमुना हो । यसको आवरण चहकिलो छ तर गुदी फिक्का । फिल्म केवल सुन्दर दृश्यहरूको कोलाज त पक्कै होइन । हरेक दृश्यमा कथा अन्तरनिहित हुनुपर्छ। तर, निर्देशक मिलन चाम्स कथाभन्दा लोकेसन अनि चरित्रभन्दा स्टारमा बढी भर परेकाले *लिली बिली* हेर्दा आँत भरिँदैन, केवल आँखालाई शीतलता दिन्छ, दृश्यले । लोभलाग्दो फ्यान फलोइङ कमाएका प्रदीप खड्काले 'म्याजिक' देखाएका छैनन् । निर्देशक चाम्स, पटकथाकार प्रदीप भारद्वाज र अभिनेता प्रदीप जेनतेन तन्नेरी दर्शकलाई 'होल्ड' गर्न एकहदसम्म सफल छन् ।

विछोडले छट्पटिइरहेकी श्रुति (जसिता गुरुङ) को संयोगले आभास (प्रदीप)सँग भेट हुन्छ। आभासको आगमनले श्रुति राहत महसुस गर्छिन्। दुवै बिस्तारै नजिक हुन्छन्। तर, त्यही बेला श्रुतिको 'इन्गेजमेन्ट' तय हुन्छ। उनीहरूको प्रेमयात्रा यहीँ टुंगिएला ? कि कुनै नयाँ मोड आउँछ ? यत्ति हो, आक्कल-झुक्कल नेपाली फिल्म हेर्नेले पनि मध्यान्तरपछि क्लाइमेक्स अन्दाज लगाउन सक्छन् ।

हामीकहाँ बन्ने फिल्मको मूल समस्या पात्रको 'इमोसन' दर्शकसम्म प्रवाह नहुनु हो। यो कमजोरीबाट *लिली बिली* उम्कन सकेको छैन । सुरुआती दृश्यबाटै श्रुतिका आँखा टिल्पिलाइरहेका हुन्छन्। तर, त्यसको कारण दर्शकसम्म पर्याप्त सञ्चार हुँदैन । त्यस्तै सतही लाग्छ, उनी र आभासको सम्बन्ध पनि । बरू, आभासले उनलाई फकाएका दृश्य रमाइला छन् । उनीहरूको पहिलो भेटको प्रसंगलाई अन्तिमसम्मै जोड्ने प्रयास गरिएको छ । तर, मुख्य पात्रको पृष्ठभूमिलाई पटकथाकार र निर्देशकले गरेको नजरअन्दाज खट्किने अर्को पक्ष हो । मध्यान्तरसम्म आभास को हुन्, युरोपमा के गर्छन्, उनको अन्य व्यक्तिसँगको सम्बन्ध र स्वभावजस्ता पक्ष बेवास्ता गरिएको छ। सोही कारण उक्त पात्र अपेक्षाकृत आत्मीय लाग्दैन। मध्यान्तरपछि आभासको पृष्ठभूमि केही खुलाइए पनि प्रभावकारी छैन।

फिल्ममा प्रियंका कार्कीको प्रवेशलाई निर्देशकले 'ट्वीस्ट'का रूपमा प्रयोग गर्न खोजेका छन् । तर, अस्पताल जानुअघिको श्रुतिको मनोवादले त्यो रहस्यको पूर्वानुमान हुन्छ । प्रियंका र प्रदीपको पहिलो भेट नाटकीय लाग्छ तर, प्रियंकाले जब आफ्नो कथा सुनाउँछिन्, दर्शकको ध्यान खिचिँदै जान्छ। छोटै भए पनि उनको चरित्रलाई दर्शकले बिर्सन सक्दैनन् । जसले जे नाम भन्यो, त्यसकै छन्द मिलाएर आभासले आफ्नो नाम भन्नुको कारण मर्मस्पर्शी छ । बच्चा छँदा उनको र गाउँले जँड्याहाको सम्बन्धले भावुक बनाउँछ। तर, छुटाउनै नहुने कुरा *लिली बिली* हेरिरहँदा कथा र कथावाचन शैलीमा मौलिकताको छनक पाइन्न । करण जौहर र इम्तियाज अली मार्काको फिल्मको बरोबर झल्को आइरहन्छ । कारण पटकथाकार र निर्देशकलाई पक्कै थाहा होला। हिन्दी फिल्मका नियमित दर्शकचाहिँ कुन प्लट कुन फिल्मबाट सापटी लिइएको हो, ठम्याउँदा हैरान होलान्।



दृश्यको भव्यतासँग कथाको सिर्जनात्मक तादात्म्य नमिल्दाको परिणाम हो, लिली बिली ।

गाडी हराउँछ तर भोलिपल्ट कुनै सुर्ता हुन्न । छोरी घरबाट भाग्छिन् तर बाबुको छटपटी पर्दामा देखिन्न । न अनुपविक्रम शाहीको हिंस्रक प्रवृत्ति स्वाभाविक लाग्छ, न क्षणभरमा उनमा देखिने उदारता । धरातल कमजोर भएका यस्ता पात्रको एउटै योगदान रहन्छ, फिल्मको साख गिराउने। कथावस्तु र चरित्र चयनमा प्रदीप फेरि पनि चनाखो देखिएनन्। अभिनयचाहिँ न बिग्रेको छ, न सप्रेको । उनले भुल्नु हुन्न, उनको दायित्व र उनीप्रतिको अपेक्षा यति मात्र होइन । पहिलो फिल्ममा जसिताको प्रभाव औसत छ । प्रियंकाको अभिनय स्वाभाविक लाग्छ।

गीत श्रुतिमधुर छन् । युरोपका आँखा लोभ्याउने लोकेसनलाई सुदीप बरालले सुन्दर शैलीमा कैद गरेका छन् । एकाध ठाउँमा बाहेक ब्याकग्राउन्ड स्कोरले दृश्यको भावलाई आत्मसात् गरेको छ। छुटाउनै नहुने कुरा, निर्माताले जसरी दिल खोलेर खर्च गरेका छन्, पटकथाकार र निर्देशकले सोही अनुपातमा दिल र दिमाग खर्चेर दृश्य सिर्जेका छैनन्। फेरि पनि भनुँ, कति सानदार लोकेसनमा कति महँगो क्यामेराले खिचेको छ र कुन स्टारले फिल्म खेलेको छ, त्यसमा निर्देशकले पहिलो जस पाउँदैनन् । रसिलो कथालाई कसिलो शैलीमा भन्ने धर्म हो निर्देशकको । यसमा कति सफल छ, निर्देशक स्वयंले आत्ममूल्यांकन गर्नु उचित होला । दृश्यको भौतिक भव्यतासँग कथाको सिर्जनात्मक तादात्म्य नमिल्दाको परिणाम हो, *लिली बिली*। हेर्दा यस्तै-यस्तै लाग्छ।

मन छुने प्रेमकथा हेर्ने प्यास *लिली बिलीले* मेट्दैन । तर, प्रदीपका 'हार्डकोर फ्यान'लाई रिझाउन सक्छ। अनि, परम्परागत सूत्रप्रेमीलाई पनि निराश नपार्ला । किनभने, *लिली बिली* सूत्रभन्दा रत्तिभर माथि उठेको छैन। ◆

'नयाँ सरकारले किन पुराना परियोजना छुटाउँछ ?'

मिस नेपाल- २०१८ मा हेटौँडाकी **शृङ्खला खतिवडा**, २२, ले अन्य २४ प्रतिद्वन्द्वीलाई उछिन्दै मिस नेपाल वर्ल्डको ताज पहिरिन् । यसका अतिरिक्त 'मिस ब्युटिफुल हेयर' र 'फेस अफ फेसिनो'को उपाधि पनि उनकै पोल्टामा परे । थापाथली इन्जिनियरिङ क्याम्पसबाट आर्किटेक्चरमा स्नातक खतिवडाले आउँदो डिसेम्बरमा चीनमा हुने मिस वर्ल्डमा नेपालको प्रतिनिधित्व गर्नेछिन् । उनीसँग कुराकानी :

मिस नेपाल ताजको भार कस्तो हुँदो रहेछ ?

ताज त हल्का नै छ । तर, यससँगै आएका जिम्मेवारीचाहिँ भारी छन् । कुनै अन्तर्राष्ट्रिय मञ्चमा देशको इज्जतका लागि प्रतिस्पर्धा गर्नु सानो कुरो होइन । यसका लागि मैले प्रशस्तै मिहिनेत गर्नुपर्ने हुन्छ ।

तपाईंको उपाधिलाई बुबा (विरोध खतिवडा)को राजनीतिसँग जोडेर पनि हेरियो नि ?

सकारात्मक रूपमै हेर्छु । राजनीतिक परिवारबाट आएकाहरू यसरी सौन्दर्य प्रतियोगितामा भाग लिन आउनु राम्रो हो । पहिले पनि धेरै आउनुभएको छ । पहिले राजनीतिक स्तरबाटै यस्ता प्रतियोगिताको विरोध हुने गर्थे । अहिले त्यस्तो भएन ।

बुबा के भन्नुहुन्छ ?

'आई एम प्राउड अफ यू' भन्नुहुन्छ । मेरो जितले उहाँ निकै खुसी हुनुहुन्छ । मेरो उद्देश्य मिस नेपाल बन्नुभन्दा पनि समाजमा केही परिवर्तन ल्याउनु हो । आफूले कमाएको लोकप्रियताको सदुपयोग गरी अरूको हितका लागि काम गर्ने इच्छा छ मेरो । बुबा यसबारे अवगत हुनुहुन्छ । त्यसैले, अझ प्रगति गर्दै जान प्रेरणा दिइरहनुहुन्छ ।

नयाँ सरकारका सुरुआती कामलाई कसरी हेर्नुभएको छ ?

देश बल्ल प्रभावकारी ढंगले संघीयतातर्फ अघि बढ्ने क्रममा छ । विकासका थुप्रै आयोजना प्रस्तावित भएका छन् । उहाँहरूले अहिले आफ्नो क्षमता प्रमाणित गर्ने समय हो । सफल पनि हुनुहोला भन्ने लाग्छ । तर, मैले नबुझेको एउटा कुरा, नयाँ सरकार पुराना सरकारले प्रस्ताव गरेका राम्रा परियोजनामा पनि काम गरौँ भन्नेचाहिँ किन सोच्दैन ?

नेपालमा महिला किन पछि परेका होलान् ?

राजनीति तथा विकास निर्माणका कार्यमा पुरुषकै बाहुल्य छ । तिनमा महिलाको संख्या किन यति न्यून ? लैंगिक विभेद अहिलेचाहिँ पहिलेभन्दा निकै कम भएको हो । यसलाई अझै कम गर्दै लैजान महिला आफैँ पनि सचेत हुनुपर्छ ।

नेपालीचाहिँ किन पछि परेका ?

हामी आफू केही गर्नुभन्दा बढी अरूले किन गरेनन् भन्ने गुनासा धेरै गर्छौं । अधिकार खोज्छौँ । तर, जिम्मेवारी निर्वाह गर्ने बेला पछि हट्छौँ । अब यस्तो तरिका बदल्न जरुरी छ ।

विदेश जानेबारे सोच्नुभएन ?

अहँ, सोचिनँ । मलाई नेपालमै केही गर्नु छ । मैले थुप्रै परियोजनाका अवधारणा पनि तयार गरेकी छु । बिस्तारै सबै पूरा गर्दै जानेछु ।

मिस वर्ल्डको ब्युटी विद अ पर्पसमा के विषयमा काम गर्नुहुनेछ ?

भूकम्पले भत्किएका घर बनाउन सरकारले हरेक घरका लागि तीन लाख रुपियाँ छुट्याएको थियो । सबैले पहिलो किस्ता मात्र हात परेका छन् । दोस्रो किस्ता पाउन घरको नक्सा बनेको हुनुपर्छ । सहरमा आर्किटेक्ट र इन्जिनियरको संख्या ठूलो छ । तर, कतिपय गाउँमा एक जना आर्किटेक्ट पनि छैनन् । म पेसाले आर्किटेक्ट हुँ । भूकम्पछि सिन्धुपाल्चोकमा २ सय २५ घरका लागि नक्सा बनाएको अनुभव छ मसँग । यस्तै कार्य अब भीमफेदीमा गर्ने लक्ष्य राखेकी छु ।

मिस नेपालमध्ये धेरैजसो त्यत्तिकै हराउँछन् नि ?

सबैले समाजका लागि आफूले सकेको गरिरहेका पनि छन् । सबै आफ्नै करियरलाई अघि बढाइरहेका छन् । सञ्चारमाध्यमले नयाँ मिस नेपाललाई बढी स्थान दिने हुँदा पुराना ओझेल परेका मात्र हुन् ।

विभु लुइटेल

तस्बिर : भास्कर ओझा

॥ गोकुल अर्याल

धुर्मुसको छाया सरकार

काठमाडौंको मूलपानीमा रहेको क्रिकेट मैदान बनाउन तम्सिएका सामाजिक अभियन्ता तथा हास्य कलाकार दम्पती कुञ्जना घिमिरे र सीताराम कट्टेललाई सरकारले मूलपानी क्रिकेट रंगशाला हामी आफैं बनाउँछौं, अन्यत्र प्रयास गर्नू भन्ने जवाफ दियो । त्यसपछि धुर्मुस-सुन्तलीलाई उपत्यकाबाहिर रंगशाला बनाउन अफर आइरहेका छन्, त्यो पनि सरकारी सहयोगबिनै ।

चितवनको भरतपुर महानगरपालिका प्रमुख रेणु दाहाल र प्रदेश-३ का मुख्यमन्त्री डोरमणि पौडेलले अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला बनाउन अनुरोध गर्दै जग्गासमेत उपलब्ध गराइदिने वाचा दिइसकेका छन् धुर्मुस-सुन्तली दम्पतीलाई । उनीहरूले धुर्मुस-सुन्तलीलाई आफैं डाकेर सम्भावित अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणका लागि जग्गाको अवलोकन गरिसकेका छन् ।

०७२ को भूकम्पले घरबारविहीन सिन्धुपाल्चोकको गिरानचौरमा एकीकृत वस्ती निर्माण गरेर वाहवाही कमाएको यो जोडीले बाढीपहिरोले विस्थापित मुसहर समुदायलाई लक्षित गरी महोत्तरीमा पनि यस्तै प्रकारको एकीकृत बस्ती निर्माण गरी पीडितको मुहारमा खुसी छरिसकेको छ ।

पछिल्लो समय विश्वकप क्रिकेट एकदिवसीयमा नेपाली क्रिकेट टोलीले अस्थायी मान्यता पाएसँगै अहिले यो जोडीलाई क्रिकेट रंगशाला बनाउन धमाधम सरकारी निकायले नै आमन्त्रण गरिरहेका छन् । सरकारी पक्षले गर्नुपर्ने काममा भ्रष्टाचार, ढिलासुस्ती हुनुको परिणाम, धुर्मुस-सुन्तलीको यो जोडीलाई अहिले रंगशाला निर्माणका लागि अफरका चाङ लागेका छन्, जग्गाबाहेक अन्य स्रोत आफैंले जुटाउनुपर्ने सर्तमा ।

पछिल्लोपटक यो जोडी पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिको निमन्त्रणमा पोखरा पुगेको छ । धुर्मुस-सुन्तलीलाई पोखरामा अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रंगशाला निर्माण गर्न पोखराको पशुपतिघाट र हेम्जाको सम्भावित स्थल अवलोकन गराइएको छ ।

नेपाल क्रिकेट संघ (क्यान)का पूर्वकार्यकारी अधिकृत भावना घिमिरेसहित पोखरा पुगेको धुर्मुस-सुन्तलीको जोडीले अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी)को मापदण्ड अनुसार अन्तर्राष्ट्रिय क्रिकेट मैदान निर्माण गर्ने बताएका छन् ।

सरकारले विकास निर्माणका लागि दाताको सहयोग, ऋण र आन्तरिक स्रोत परिचालन गरिरहेको हुन्छ । एकीकृत बस्ती निर्माण परियोजनाले सफलता पाएसँगै सर्वसाधारण र स्वयं सरकारले नै व्यक्तिगत रूपमा धुर्मुस-सुन्तलीसमक्ष सहयोगको हात फैलाउन थालेको छ । जनताको अभिभावक सरकार स्वयंले धुर्मुस-सुन्तलीजस्ता सामाजिक अभियन्ताको साथ-सहयोग माग्नुलाई हामीले कसरी हेर्ने ? सरकारी संयन्त्रले अब साँच्चै काम गर्न छाडेकै हुन् ? कतै छाया सरकारको जिम्मेवारी उनीहरूले नै लिएका हुन् कि !

स्थायी शासन, अस्थायी प्रशासन !

प्रधानमन्त्री केपी शर्मा ओली भारत भ्रमणमा निस्कनु एक दिनअघि मन्त्रिपरिषद्ले २२ चैतमा ३० सचिवको सरूवा गरेपछि कर्मचारी प्रशासनभित्र यतिखेर रोइलो मच्चिएको छ । सरकारी कर्मचारी प्रशासनलाई स्थायी संयन्त्र भनिन्छ । तर, संसद्बाट तीन चौथाइको बहुमत प्राप्त गरेको ओली सरकारले ३० सचिवको छानीछानी सरूवा गरेपछि कर्मचारीभित्रै कतिखेर कहाँ पाँडेपजनीमा परिने हो भन्ने डरले डेरा जमाएको छ ।

लालबाबु पण्डितले संघीय तथा सामान्य प्रशासन मन्त्रालयको जिम्मेवारी सम्हालेको करिब महिना दिनपछि अघिल्लो सरकारले कर्मचारीलाई लक्षित गरी ल्याएको झन्डै ३० अर्ब रुपियाँ व्ययभारको स्वैच्छिक अवकाश रोकिदिएका छन् । लालबाबुबाट स्वैच्छिक अवकाश रोकिनु र मन्त्रिपरिषद् सदस्यलाई समेत जानकारी नदिई ठूलो संख्यामा ३० जना सचिवको सरूवा गर्नुले कर्मचारी प्रशासन सन्त्रासमा रहेको बुझ्न कतै जानै पर्दैन ।



अघिल्लो सरकारका पालामा नीति निर्माण गर्ने ठूला मन्त्रालयमा रहेका सचिवलाई कांग्रेस समर्थक भएको बिल्ला भिराउँदै सरकारले सजायस्वरूप उपराष्ट्रपतिको कार्यालयदेखि कम महत्त्व भएका मन्त्रालयमा थन्काइदिएको छ । अर्थ मन्त्रालयका सचिव शंकरप्रसाद अधिकारीलाई उपराष्ट्रपतिको कार्यालयमा सरूवा गरिनु र गृहमा रहेका सचिव मोहनकृष्ण सापकोटालाई युवा तथा खेलकुद मन्त्रालयमा लगिनुले यसलाई थप प्रस्ट्याएको छ ।

सरकारले एकैपटक ३० सचिवको पाँडेपजनी गरेपछि सामाजिक सन्जालमा पनि यसको खुबै चर्चा भयो । खगेन्द्र संग्रौलाले त ट्वीटमार्फत ओली सरकारलाई उछितोसमेत काढ्न भ्याए, 'पार्टीका भक्तलाई दमदार र मालदार मन्त्रालय । दक्षता र इमानलाई बहिष्कार, दलाली र दासतालाई अवसर । योग्य र कर्मशीललाई तिरस्कार, मन्त्रीले भनेको मान्ने हनुमानलाई पुरस्कार । असल मान्छे पाखा, आफ्नो मान्छे काखा । तैपनि, गर्छ घैंटे समाजवादका गफ !' ♦

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट

ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.

Model	Price
Dominar 400	Rs. 4,69,900/-
Pulsar 200NS	Rs. 2,95,900/-
Pulsar NS160	Rs. 2,63,900/-
Pulsar 220F DTS-i	Rs. 2,93,900/-
Pulsar 180 DTS-i	Rs. 2,54,900/-
Pulsar 150 DTS-i	Rs. 2,42,900/-
Avenger Cruise 220	Rs. 3,09,900/-
Avenger Street 220	Rs. 2,98,900/-
Avenger Street 150	Rs. 2,60,900/-
V	Rs. 2,15,900/-
Discover 150	Rs. 2,05,900/-
Discover 125 Disc	Rs.1,90,900/-
Discover 125 Drum	Rs. 1,81,900/-
Platina ES	Rs. 1,56,900/-

SOLE DISTRIBUTOR FOR NEPAL
HANSRAJ HULASCHAND & COMPANY PRIVATE LIMITED Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491, url: bajajauto.com.np www.facebook.com/hhbajaj

Bajaj 24 x 7 HELPLINE 166001 75555 98015 75555

KATHMANDU VALLEY:
Balaju 4353150, Balkhu 4286377, Battisputali 4465542, Bhaktapur 6611777, Boudha 4474716, Gyaneshwor 4435916, Gongabu 4359039, New Baneshwor 4781946, Tinkune 4117534, Kalanki 4286015, Kumaripati 5530187, Lainchaur 4425579, Maharajgunj 4720809, Sitapaila 4286452, Sukedhara 4650914, Gwarko 5007553, Thimi 6631386

EASTERN REGION:
Illam 520906, Khandbari 560251, Birtamode 540724, Damak 582109, Urlabari 541513, Biratchowk 545383, Itahari 585442, Dharan 533996, Biratnagar 526242, Inarwa 561657, Rajbiraj 523545, Gaighat 420966, Lahan 560987, Siraha 9804702646, Katari 450207, Mirchaiya 550585, Pathari 556082

CENTRAL REGION:
Charikot 421925, Banepa 660295, Nuwakot 561817, Dhading 9851006950, Janakpur 521526, Jaleshwor 520518, Bardibas 550639, Lalbandi 501564, Malangwa 520703, Chandranigahapur 540663, Nijgadh 540079, Kalaiya 551525, Jitpur 412170, Birgunj 523837, Hetauda 522498, Parsa 583176, Narayangadh 571089, Tadi 563303

WESTERN REGION:
Gorkha 421571, Abukhaireni 540482, Lamjung 520953, Damauli 560399, Pokhara 522315, Syangja 421186, Baglung 520882, Jomsom 440290, Kawasoti 540906, Bhairahawa 521855, Butwal 437849, Bardaghat 580387 Jeetpur (4 No.) 550249, Tamghas 520419, Rampur 400480, Waling 9856055684, Chandruata 540123

MID-WESTERN REGION:
Nepalgunj 522751, Surkhet 521358, Kohalpur 540320, Tulsipur 523402, Ghorahi 560743, Pyuthan 460375, Guleriya 420375, Jumla 520205

FAR-WESTERN REGION:
Dhangadi 520892, Mahendranagar 520896, Tikapur 560807, Dadeldhura 420116, Lamki 540365, Darchula 9858751055